nepalmag.com.np

ISSN 2631-2298

आइतबार • २७ पुस २०७६ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

विकल्प को ?

देउवालाई १४ औं महाधिवेशनमा शशांकले टक्कर दिने सम्भावना छ,
तर कांग्रेसको उदारवादी वैचारिक द्विविधा चिर्न शेखर उपयुक्त पात्र हुन सक्छन्

यती समूह : शक्तिको आडमा राज्यस्रोत दोहन

CHANDRAGIRI HILLS
WHERE WISHES COME TRUE

A must visit place in **Kathmandu**

CHANDRAGIRI HILLS RESORT

Chandragiri Hills Resort, nestled in the Lap of Chandragiri Hills overlooking Kathmandu valley down below.

Contact Details: Mob: 9802084007 | Email: info@chandragirihills.com
Chandragirihills Corporate Office: IME Complex Block B, Panipokhari, Kathmandu | www.chandragirihills.com

AMBE STEELS
दीर्घायु भवः
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
AMBE GROUP
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
ने ग्र १९१
नेपाल गुणस्तर प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500 gradesteels
UTM TESTED
TMT STEEL BARS
AMBE TMT

From a vague bill the government just proposed to a mysterious gold smuggling case that simply won't go away, we'll tell you everything you need to know about the big stories in our weekly Explained series.

Look for it every Thursday on Page 16.

THE KATHMANDU POST
WITHOUT FEAR OR FAVOUR

K. L. DUGAR GROUP
AURA
NOW IN NEPAL
Joy of Freshness
Works on Low Voltage
Longer Freshness
Larger Freezer Space
Toughened Glass Shelves
10 YEARS* WARRANTY
* CONDITIONS APPLY
AURA INTELLIGENT REFRIGERATORS
Available in 190 liters to 230 liters
Smart Appliances P Limited
COMPANY SHOWROOM: KATHMANDU: CHARKHAL, DILLIBAZAR: 01-4436920 | CORPORATE OFFICE: CHARKHAL, DILLIBAZAR, KATHMANDU, TEL: 01-4443119
BIRATNAGAR: JAIN BHAWAN, MAIN ROAD: 9801305494 | FOR SERVICE: TOLL FREE NO.: 16600110090 | FOR DEALERSHIP: 9801105114

भित्र

आइतबार, २७ पुस २०७६ (वर्ष २०, अंक २३)
Nepal National Weekly, 12 Jan 2020 (Vol. 20, No. 23)

१२
हाम्रो नेपालमा
लेकाली वनमा विद्यालय

१४
टिप्पणी
गुणराज लोहनी

१६
रिपोर्ट
अव्यावहारिक बस्ती

१८
आलेख
गेजा शर्मा वाग्ले

२८
आवरण
विकल्प शेखर



एक एस्पेरान्तो | ४२

सम्पादकीय | ५
प्रतिक्रिया | ६
प्रवेश | ८
परिहास | १०
मुख्यमन्त्रीको गुहार | २७
पुस्तक | ४८
तीन किताब | ४९
रङ | ५०
कोलाज | ५२
नेपाल मण्डल | ५४
नोटबुक | ५६

३७
फलोअप
गाह्रो छ, तैपनि सन्तोकै छ

४०
पर्यटन
भ्रमण वर्षलाई धक्का

४५
खेल
हाम्रो राष्ट्रिय खेल कुन हो ?

नियन्त्रित गणतन्त्र अस्वीकार्य छ

सत्तामा गएपछि वाम गठबन्धनले आफ्ना प्राथमिकताहरू बिर्सेको छ । भर्खरै टेबुल भएका सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा राखिएका प्रावधानले नागरिकलाई जेलसमेत पुर्‍याउन सक्छ। तपाईं-हामी कसैले पनि *फेसबुक, ट्वीटर*जस्ता सामाजिक सञ्जालमा लेखेका विषयलाई सूचना प्रविधि विभागले गलत ठहर्‍याए सजाय तोकिनेछ। यो त सानो दृष्टान्त मात्रै हो, अरू थुप्रै व्यवस्थामार्फत राज्य नागरिकलाई कस्न लागेको छ।

सत्तामा बसेका व्यक्तिहरूले एउटा प्रश्नको जवाफ दिनैपर्छ, मौजुदा ऐनकानुनमा त्यस्तो के कमी छ, जसमा नागरिकका 'कसुर' हरूको फैसला प्रस्ट हुन सकेन ? थप कानुनको औचित्य पुष्टि हुने गरी के उनीहरूले त्यस्तो कुनै चित्तबुझ्दो कारण दिन सक्छन् ? प्रधानमन्त्री केपी ओली र उनका सत्तासारथि पुष्पकमल दाहालले कल्पना गरेको जनवादलाई सर्वसाधारणले हालसम्म लोकतन्त्र नै हो भन्ने अर्थमा बुझेका छन्। पछिल्ला कानुनी प्रावधानको निर्माण अनि प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा पत्रकारलाई खुवाइएको शपथ हेर्दा त्यो आम आशामा तुसारापात हुने छाँट देखिएको छ।

सरकार त चुनावी वाचाअनुरूप विकास र समृद्धिलाई प्राथमिकतामा राखेर संघीयता कार्यान्वयन तथा सेवा प्रवाहमा केन्द्रित हुनुपर्ने थियो। भ्रष्टाचार, अपारदर्शिता, सिन्डिकेटका जालोहरू तोड्न कस्सिनुपर्ने थियो। सरकारले आफ्नो मुख्य प्रतिबद्धता बिर्सियो अनि प्रश्न सोध्न उठेका हातहरूलाई साङ्लाले बाँध्न उद्यत भयो।

सरकारले संसद्मा दर्ता गरी हाल संसदीय अनुमोदन प्रक्रियामा रहेका सूचना प्रविधि विधेयक, मिडिया काउन्सिल विधेयक, नेपाल विशेष सेवा विधेयकलगायत कानुनका मस्यौदालाई लिएर नागरिकमा जुन संशय देखा परेको छ, त्यसले उसको नियतमाथि मात्र प्रश्नहरू उब्जाएको छैन, नेपालमा हुर्किँदै गरेको गणतन्त्रको भविष्यप्रति समेत चिन्ता गर्नुपर्ने अवस्था छ। आवधिक निर्वाचनमार्फत मत दिएर संसद्मा पठाएका आफ्ना प्रतिनिधिहरू जब संविधानप्रदत्त मौलिक हकविपरीत हुने गरी कानुन पारित गर्न थाल्छन्, तब नागरिकले सोच्नैपर्ने हुन्छ- हामीले हुर्काइरहेको गणतन्त्र हिजोको वंश परम्परामा चल्ने शासन व्यवस्थाभन्दा के अर्थमा फरक भयो ?

हिजो जुन व्यवस्थाविरुद्ध नागरिक लडेका हुन्, फरक नाम र पात्रका माध्यमबाट अन्तर्यमा उही शासन नागरिक चाहना हुँदै होइन। यो कुरा सबैभन्दा पहिला नेकपा नेतृत्वले बुझ्नु जरुरी छ। केही समय राज्यसंयन्त्रको दोहन गरी अल्मल्याउन सकिएला तर आधुनिक नेपाली समाजलाई भ्रममा राख्न सम्भव छैन।

जब निर्वाचित सरकार नियन्त्रित शासनतर्फ उन्मुख हुन्छ, तब हिजोका नायक अधिनायकमा फेरिन्छन्। हिजो आफू किनारामा रहँदा उठाएका मुद्दा र आदर्श आफैँलाई घाँडो बन्छन्। जनअपेक्षा पूरा गर्नु साटो नियन्त्रित शासन व्यवस्था लाद्न खोज्दा नेतृत्वहरू पतन भएका वा अधिनायकवादमा फेरिएका कैयौँ उदाहरण छन्।

सामाजिक सञ्जालको मात्र कुरा होइन, हाम्रो समाजमा रहेका यावत समस्याको समाधानमा सरकारको सक्रिय भूमिका चाहिन्छ। तर त्यो बृहत् भूमिकालाई नजरअन्दाज गरेर सरकार र सत्तारुढ दल अघि बढ्यो भने आउँदो निर्वाचनमा नेता बदल्ने चाबी नागरिकसँगै छ। यो कुरा सबैभन्दा बढी शक्तिमा रहेकाहरूले बुझ्नु आवश्यक छ।

हाल संसदीय अनुमोदन प्रक्रियामा रहेका विधेयकहरूबारे जनप्रतिनिधिको चासो अपरिहार्य छ। जनताका प्रतिनिधिहरूले संसदीय व्यवस्थाको विश्वसनीयताका लागि पनि संविधानसँग बाझिने र नागरिक स्वतन्त्रतालाई कुण्ठित पार्ने कानुनलाई रोक्न आवश्यक छ।

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य** नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत, गोकर्ण गौतम** संवाददाता : **सुनिता लोहनी, यम बम, कल्पना भट्टराई** डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** डिजिटल : **रविराज बराल** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली, सन्तोष ढकाल**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : २० पुस २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

सत्ताको संरक्षण

चिनियाँ दूतावासले गृह मन्त्रालयलाई करिब ८ सय चिनियाँ पक्रिनुपर्ने जानकारी गराए पनि जम्मा १ सय २२ जना पक्राउ पर्नुले सत्ताको संरक्षणमा नै भगाएको देखियो *(चिनियाँ अपराधको जालो, २० पुस)* । प्रहरीले पक्राउ गरेका र फरार रहेका चिनियाँको पहुँच बहालवाला आईजीपीदेखि ऊर्जामन्त्री परिवारसम्मै भएपछि नेपालमा अपराध कर्म गर्न उनीहरूले छूट पाउने नै भए । अनलाइनमार्फत अवैध धन्धा चलाउने गिरोहका नाइके चेन सितियानलगायतलाई भगाएर अरूलाई पक्रिनुले पनि शंकाको तीर उपल्लो स्तरका नेतातिरै सोझिन्छ ।

■ **कुसुम महत**
सूर्यविनायक, भक्तपुर

सच्याइएको

गतांकको आवरण सामग्री 'चिनियाँ अपराधको जालो' को तस्बिरमा गृहमन्त्री रामबहादुर थापाको पुत्र प्रतीक थापाको नाम भुलवश पर्न गएकाले क्षमासहित सच्याइएको छ । – **सम्पादक**)

बालुवाटारमा लिइएको पत्रकारिताको हुर्मत
TC Ghimire @TCGhimire

जबर्जस्ती गन्या भए पो हुर्मत । १ सय ५५ भन्दा बढी स्वतन्त्र पत्रकार राजनीतिक दलका कार्यकर्ता भएको यथार्थ सबैलाई थाहा छ । त्यसैले पत्रिकाभन्दा *फेसबुक* र *युट्युबका* सामग्री जनतालाई विश्वासिलो लाग्छ ।

जनजाति महिलाको अस्तित्वबोध
Bantawa Bina@BinaBantawa

अरूबाट भएका आन्दोलनले महिला आन्दोलन र आदिवासी जनजाति आन्दोलनलाई कमजोर वा फराकिलो बनाउँछ भन्ने तर्कको सेरोफेरोमा पुस्तकका लेख समेटिएका छन् ।

सूचना प्रविधि विधेयकको जन्म प्रहरीभित्र भएको हो : तारानाथ दाहाल
Anurag Acharya @Anurag_Acharya

त्यसै भनेको थिइनँ । अझै पनि भन्छु, समस्या अस्पष्ट संवैधानिक प्रावधानमा छ । सरकारले त्याउँदै गरेको नियन्त्रणकारी कानुन तिनै धारामा टेकेर ल्याएको हो । मिडिया र नागरिक समाज त्यतिबेला बोल्न चुकेकै हो ।

Madhukar Khanal @MadhukarKhanal

यसले नेपाली पत्रकारिताको अवस्था, पत्रकारको हैसियत र व्यावसायिकताको खिल्ली उडाएको छ ।

भारतीय सत्ता हिन्दु अतिवादमा, युवा आन्दोलनमा
Buddhipd Rai

२१ औं शताब्दीमा कन्दनीवाद र कन्दनीवादी सिद्धान्तले हिन्दुस्तान अगाडि बढ्न र अगाडि सर्न सम्भव छैन । त्यसमा कन्दनीवादीहरू छोटे राजा वा रजौटासम्म रहे पनि सिंगो हिन्दुस्तानको शासक बनेको इतिहास नै नरहेको अवस्था छ । बुद्धिस्ट आस्थाका आधारमा वा मुस्लिम धर्म मान्नेहरू सिंगो हिन्दुस्तानको शासक बनेको त्यहाँको इतिहास पढेर थाहा पाइन्छ । कन्दनीवादीले भारतलाई हिन्दुस्तान बनाउँछु भन्ने सपना देखे पनि विपनाको धरातल भिन्न रहेको देखिन्छ ।

पञ्चायती मोडलमा गणतान्त्रिक कानुन
Purushotam panta bhardwag

सूचना प्रविधि विधेयकको उद्देश्य सामाजिक सञ्जालमा सरकारको विकृति र कुकृत्यविरुद्ध तपाईं-हाम्रो कलम चल्न नदिनु हो । नागरिकको वैचारिक असहमति, आलोचनात्मक टीकाटिप्पणी, व्यंग्यात्मक स्तम्भकारिता सरकारलाई मन नपरे जरिवानासहित जेल जानुपर्छ । राजाले लेख्न-बोल्न नदिएको झोंकमा ल्याइएको लोकतन्त्र हैन र यो ?

साताका ७ nepalmag.com.np

१ **आफू अनुकूल प्रदेश राजधानी तोक्न पार्टी हस्तक्षेपको निम्तो**
प्रदेश सरकार गठनदेखि नै संघ-प्रदेशबीच अधिकार क्षेत्रको तानातान छ । मुख्यमन्त्रीहरूले केन्द्रले अधिकार नदिएको र निरन्तर हस्तक्षेप गरेको गुनासो गर्दै आए । तर आफू अनुकूल प्रदेश राजधानी निर्णय गराउन मुख्यमन्त्रीहरू पार्टी केन्द्र गुहार्न थालेका छन् ।

२ **सूचना प्रविधि विधेयकसँग फस्किनुपर्ने ८ कारण**
प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिले पारित गरेको विधेयकका दफामा यस्ता कैयौं व्यवस्था छन्, जसले तपाईंलाई जुनसुकै बेला जेल पुर्‍याउन सक्छ । सूचना प्रविधि विधेयकको दफा ९२ र ९४ को उपदफा २ मा तपाईंले सामाजिक सञ्जालमा लेखेको विषय सूचना प्रविधि विभागलाई 'कसुर' लागेमा उसले हटाउन उक्त सामाजिक सञ्जालका सञ्चालकलाई निर्देशन दिन सक्ने व्यवस्था छ ।

३ **पञ्चायती मोडलमा गणतान्त्रिक कानुन**
यो विधेयक अब संसद्बाट जस्ताको तस्तै पास भए सामाजिक सञ्जालमा लेखेकै आधारमा १५ लाखसम्म जरिवाना वा ५ वर्ष कैद वा दुवै सजाय हुन सक्छ । यो विधेयकमा त्यस्ता धेरै प्रावधान छन्, जसलाई पहुँचमा हुनेहरूले आफू अनुकूल व्याख्या गर्न सक्छन् । यस्ता प्रावधान विरोधी तथा आलोचकलाई तह लगाउनकै लागि राखिएको त होइन ? प्रतिपक्षीदेखि इन्टरनेट प्रयोगकर्तासम्म संशयमा छन् ।

४ **सूचना प्रविधि विधेयकको जन्म प्रहरीभित्र** (पोडकास्ट)
सूचनाको हकका अभियन्ता तथा नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष तारानाथ दाहालले *नेपालसँग*को कुराकानीमा सूचना प्रविधि विधेयकको जन्म नेपाल प्रहरीको अपराध अनुसन्धान महाशाखामा भएको खुलासा गरेका छन् । *नेपालम्याग डटकम डटएनपी*मा पोडकास्टमा सुन्नुस् ।

५ **बालुवाटारमा लिइएको पत्रकारिताको हुर्मत**
सरकार सञ्चालन गर्ने दललाई आफूप्रति प्रतिबद्ध पत्रकारहरूको अलग्गै समूह किन चाहिन्छ ? किन सत्तारूढ दल पत्रकारहरूलाई प्रधानमन्त्रीको सरकारी निवासमा बोलाएर शपथ खुवाउँछ जबकि उनीहरू दल निकट संगठनमा आबद्ध छन् भन्ने उसलाई थाहा छ ? प्रधानमन्त्री केपी ओलीको सरकारी निवासमा जे दृश्य देखियो, त्यसले पत्रकारिताको विश्वसनीयता र सत्तारूढ दलको चरित्रमा प्रश्नहरू उठाएको छ ।

६ **एलेक्सा, हनुमान चालिसा सुना !** (राजवका ३ कविता)
को के सुन्छन्, को के पढ्छन्,
सबको चाह पूरा गर्दै एलेक्सा एक एकको रूचि, इच्छाको डाटा आफ्ना कर्पोरेट मालिकहरूकहाँ पुर्‍याउँछे
घरघर पसेका यस्तैयस्तै एआई भेदियाहरूको कर्पोरेट दासत्वमा
निकम्मा हुँदै छन् बुद्धिहरू ।

७ **फरक पात्र र फरक कथाको *गुड न्युज***
हामीकहाँजस्तै भारतमा पनि सिनेमा र समाजको दूरी बढिरहेको छ । राष्ट्रवादको अतिरञ्जित चित्रण र बकम्फुसे कमेडी फिल्मको बाहुल्य छ, बलिउडमा । कोही सस्तो मनोरञ्जनलाई नै सर्वथा मानिरहेका छन् । त्यसैले सिनेमाको मूल चरित्रको अस्तित्वमाथि नै सवाल खडा भएको छ । तर कहिलेकाहीं यस्ता सिनेमा पनि बन्छन्, जसले सामाजिक प्रवृत्तिलाई रोचक शैलीमा पेस गर्छन् । *गुड न्युज* यही लहरमा उभिएको छ । यसको केन्द्रमा छन्, सन्तान नभएर तड्पिएका दुई दम्पती । निर्देशक हुन्, राज मेहता । हाउसफुल ४ बाट आलोचित अक्षयकुमार फेरि स्वाभाविक कमेडीतिरै फर्किएका छन् ।

सबै स्टोरी पढ्न क्युआर कोड स्क्यान गर्नुहोस् ।

NESY
CLASSIC
The Culture
Of Pleasure
4 Litre
NESY
CLASSIC
GRAPPLE WHITE SWEET WINE
NESY
CLASSIC
RED SWEET WINE
NESY
Product of Nepal
Grapple
Exclusive fruit wine
White
Sakaro Fermented Beverage (P) Ltd.
750 ml
NESY
Product of Nepal
Grapple
Exclusive fruit wine
Rosé
750 ml
NESY
Product of Nepal
Nettlange
Exclusive fruit wine
White
Sakaro Fermented Beverage (P) Ltd. Kathmandu
750 ml
SAKARO FERMENTED BEVERAGE PVT. LTD.
Kathmandu, Nepal

प्रवेश

सोझै

साताका चर्चित

सन्दीप लामिछाने/करण केसी
क्रिकेटर

सन् २०१९ को टी-२० क्रिकेटमा विश्वकै सर्वाधिक विकेट लिने खेलाडीको शीर्ष स्थानमा ।

अनिला श्रेष्ठ
मोडल

९० देशका विवाहित सुन्दरी सहभागी चीनको ग्वान्जाओमा सम्पन्न 'मिसेस युनिभर्स-२०१९' मा सेमिफाइनलिस्ट र मिसेज लोयलको उपाधि ।

शैलजा आचार्य (मरणोपरान्त)
पूर्वजलस्रोतमन्त्री

जलविद्युत् क्षेत्रमा पहिलो पटक निजी क्षेत्रलाई प्रवेश गराएको सम्मानस्वरूप १ लाख राशिको 'नेपाल ऊर्जा ज्योति सम्मान' ।

खगेन्द्र संग्रौला
साहित्यकार

४ लाख २ हजार २ रूपैयाँ राशिको 'पहिचान सम्मान-२०२०' घोषणा ।

प्रमिलादेवी दास
प्रदेशसभा सदस्य, प्रदेश २

उपभोक्ता समितिको भुक्तानी विवादमा कृषि राज्यमन्त्री योगेन्द्र यादवलाई थप्पड हानेपछि आलोचित ।

फोहोरवालाको इमान



फोहोर संकलन गर्नुलाई हामी तल्लो स्तरको कामका रूपमा लिन्छौं । अरू केही काम नपाए त्यस्ता कार्यमा संलग्न हुने हाम्रो चलन छ । तर विश्वमा कैयौं उदाहरणीय कामदार छन्, जसले यस्ता कार्यप्रति जनमानसमा सकारात्मक छाप मात्र होइन, आफ्नो इमानदारी पनि प्रमाणित गरेका छन् ।

इंग्ल्यान्डमा एक कामदारले सफाइ गर्दा भेटिएको २० हजार डलरका मालिक खोजी प्रहरीको सहयोग लिएर फिर्ता गरेका छन् । *युपीआई डट कम*का अनुसार रिसाइकल फर बाथिनेस डिपट इन मिडसोमर नोर्टनका कामदारले संकलित फोहोरको डंगुरबाट एक बक्समा करिब २० हजार डलर फेला पारेका थिए । त्यसलगतै उनले प्रहरीलाई सम्पर्क गरे । अनि फोहोरको बक्स छाड्ने कार पत्ता लगाइयो । अन्ततः डलर मालिकलाई उक्त रकम फिर्ता गरियो ।

'हामी रिसाइकलिङ केन्द्रका स्टाफलाई धेरै-धेरै धन्यवाद दिन चाहन्छौं । उनीहरूको कार्यप्रतिको लगनशीलता, निष्ठा र सहयोगबिना उक्त रकम फर्काउन गाह्रो थियो', इंग्ल्यान्ड प्रहरीले *युपीआई डट कम*सँग भनेका छन् । ने



त्यस बखतको **नेपाल**

बाबुराम भट्टराईलाई पत्र

एकचोटि आँखा चिम्लिएर कल्पना मात्र गर्नोस्, आस्था फरक भएकै कारण तपाईंको आँगनमा खेलिरहेकी तपाईंकी छोरीको कन्चटमा कसैले गोली हानिदियो भने तपाईंलाई कस्तो लाग्ला ?

तपाईंको आन्दोलन आँधीको आगो नै भएर फैलिए पनि त्यसको रापले सिंहदरबार र राजदरबारलाई भने छुने छैन । जनताका अरू हजारौं-लाखौं घरहरू बल्लान् त्यो आगोमा, तर त्यसले संसदीय प्रजातन्त्र र संवैधानिक राजतन्त्र नै नष्ट होला भनेर सोच्नुचाहिं तपाईंको भूल हुनेछ । देश श्रीलंका होला, त्यो बेग्लै कुरा हो र देश श्रीलंका नै भए पनि होस् भनेर सोच्नुभएको छ भने मेरो भन्नु केही छैन । अन्यथा म हात जोड्छु, तपाईंको खुट्टा ढोग्छु, यो मान्छे मारेर देश बनाउने चाहना छोडिदिनोस् । आखिर मान्छे मारेर ल्याएको व्यवस्थाप्रति स्वःस्फूर्त रूपमा व्यापक र दिगो समर्थन कसले, कहाँ नै पाएको छ र !

रवीन्द्र मिश्रको स्तम्भ (भूमध्य रेखा)
नेपाल, १६-२९ पुस २०५७

हिजो र आजको कुरा

सञ्चार प्रविधिसम्बन्धी नयाँ कानुन ल्याएपछि सरकारमाथि अधिनायकवादी, तानाशाही, निरंकुशतन्त्री, हैकमवादी, दमनकारी आदि-इत्यादि आरोप लाग्न थालेको छ । तर यथार्थमा त्यो जम्मै गलत हो । यी सबै आरोपको म खण्डन-मण्डन गर्न चाहन्छु । यद्यपि म सरकारको कुनै प्रवक्ता-सवक्ता त होइन । यसपछि यदि भइएछ भने त्यो मेरो दोष भएन ।

कसै-कसैले यो पनि भने कि हिजो पञ्चायत, राजतन्त्रकालमा समेत यस्तो सञ्चार नीति ल्याइएको थिएन । आज कसरी ल्याएछ ? मलाई लाग्छ, यो त बहुत नादानी प्रश्न भयो । हिजोको पञ्चायतकाल वा राजतन्त्रकालमा जो भएको हो, त्यही आज पनि हुने हो भने परिवर्तन किन चाहियो ? हिजो हुन नसकेका अथवा गर्न नसकेका काम-कुरा गर्नलाई नै हामीले परिवर्तन ल्याएका होइनौं ? हो, राजतन्त्रका बेला सञ्चार माध्यममा लेखेबापत फौजदारी मुद्दा लगाउने चलन थिएन । अब राजतन्त्रले त्यस्तो कानुन ल्याएको थिएन भन्दैमा हामीले पनि नल्याउने ? राजतन्त्रले पनि नल्याउने, हामीले पनि नल्याउने हो भने राजतन्त्र र हामीमा के फरक भयो ? राजतन्त्र र पञ्चायततन्त्रभन्दा हामी फरक छौं भनेर देखाउन पनि त कुनै नयाँ गरेर देखाउनुपर्‍यो नि !

अहिले देशमा राजाको डर, 'माथि' को डर भन्ने केही पनि छैन । आफूलाई जे मन लाग्छ, त्यो गर्न हामी पूर्णतः स्वतन्त्र छौं । पञ्चायतकालीन सरकारहरू यति स्वतन्त्र थिएनन् । उनीहरू बलिया पनि थिएनन् । बलिया हुनु पनि कसरी, विचराहरूसँग दुई तिहाइ भए पो ! अहिले हामी स्वतन्त्र पनि छौं, बलिया पनि छौं । त्यसैले हिजो राजतन्त्रको रात्रिकालीन अवस्थामा जे हुन सकेको थिएन, त्यो अब हामी ढुक्कै भएर गर्छौं । आखिर परिवर्तन त्यसैका लागि आएको हो क्या रे ।

सुरेश किरण

बहुमतको ठेलाइ

पार्टीभित्र जति गर्दा पनि नहुने भएपछि कांग्रेस सभापति शेरबहादुर देउवाले अब एउटा नयाँ उपाय निकालेका छन्- ठेलेर जाने । अब सुझाव गलत पनि होइन । आफूसँग बहुमत छँदै छ, बहुमतले नै ठेल्ने हो । यदि नठेल्ने हो भने बहुमत के काम ? पार्टीमा होस् कि सरकारमा, यदि तपाईंसँग बहुमत छ भने त्यसको एउटै मात्र काम भनेको ठेल्ने नै हो । तर यो ठेल्ने मामिलामा देउवाको मान्यता भने अलि अस्पष्ट छ । (कृपया उनको बोलीतिर ध्यान

सम्धीका गफ

नयाँ नेपाल बनाउने सम्धीको गफ भयो । वैकल्पिक पार्टी बनाउने पनि सम्धीकै गफ भइहाल्यो । सम्धीका गफका अम्मली हुन्, साविक नयाँ शक्ति पार्टीका बोस, हाल समाजवादी पार्टी नेपालका संघीय परिषद् अध्यक्ष बाबुराम भट्टराई । अंग्रेजी पात्रो फेरिएको मौकामा सम्धीको गफ दिन किन चुक्थे ? भट्टराईले विक्रम संवत् र नेपाल संवत्को सांस्कृतिक पात्रो र इस्वी संवत्लाई प्रशासनिक र आर्थिक पात्रो बनाउनुपर्ने ट्वीटेछन् । 'नत्र समृद्धि, विदेशी लगानी, पर्यटन वर्ष इ. (इत्यादि) सम्धीका गफ मात्रै होलान् है ।' आखिर उखानका अच्छा सम्धी न परे बाबुराम ।

■ लाल कुमाल

प्रवक्तालाई हेप्नी ?

समाजवादीले नछाड्दासम्म सरकार दुई तिहाइ बहुमतकै थियो त । संख्या थोरै के घटेको थियो, प्रवक्तालाई नै हेप्नी ? सर्वशक्तिमान सरकारका प्रवक्ता गोकुलप्रसाद बाँस्कोटाचाहिँ गाउँपालिकातिर जाँदा पनि लुरूक्क पर्नुपर्ने ? गलाले धान्नेजति माला लगाउन पनि नपाउने ? ट्वीटर-फेसबुकमै 'एन्टी अरिंगाल' ले उडाउने ? हेप्नी ? सत्तामा पुगेपछि एउटै आँखाले हेरे पुगिगो नि ! किन दुइटै

नदिनुस् । मैले उनको बोलीबारे कुरा गरेको होइन ।) त्यो कसरी भन्दा, यस्तै बहुमतको आधारमा सरकारले यदि केही गर्न खोज्यो भने उनी 'अधिनायकवाद' भनेर कराउन थालिहाल्छन् । अनि त्यही बहुमतको ठेलाइ आफ्नै पार्टीभित्र चलाउँदाचाहिं 'प्रजातान्त्रिक अभ्यास' भनेर व्याख्या गर्न थाल्छन् । बहुमत त एउटै हो । तर सरकारले बहुमत प्रयोग गरे अधिनायकवाद, आफूले बहुमत गरे प्रजातान्त्रिक अभ्यास ! कुरो कसरी मिल्छ ?

उनी आफैं भन्ने गर्छन्, 'सरकारले बहुमतको डन्डा चलाए म चुप लागेर बस्ने छैन ।' अनि आफैंले बहुमतको डन्डा चलाउन नपाएचाहिं भन्ने गर्छन्, 'प्रजातन्त्रको अभ्यास गर्न पाइएन ।' सरकारले बहुमत प्रयोग गरे आन्दोलनै चलाउने धम्की पनि उनी दिन्छन् । अनि आफूले बहुमत चलाउँदा आन्दोलन गर्नेहरूलाई चाहिं प्रजातान्त्रिक चरित्र नभएका भन्ने आरोप लगाउँछन् ।

हैन यो 'बहुमत' भन्ने मालचाहिं के हो ? उनले चलाउँदा प्रजातान्त्रिक हुने, अरूले चलाउँदा अधिनायकवाद हुने !

अपराधमा परनिर्भरता

राजधानीमा फेरि एक बथान चिनियाँ अपराधी पक्राउ परेछन् । एकैचोटि १ सय २२ जना । नेपालमा चिनियाँ सहयोग बढिरहेको छ भन्थे, हो रहेछ । ६ महिनाअघि ६-७ जना पक्राउ परेका थिए । अब त्यो संख्या ह्वात्तै बढेर १ सय २२ पुगेछ । चीनले जस्तो विकास हामीले कहिले गर्ने हो खोइ ?

चीन यति तीव्र गतिमा अघि बढिरहेको छ । हामी भने हरेक कुरामा परनिर्भर हुँदै गइरहेका छौं । हुँदाहुँदा अब अपराधमा समेत हामी परनिर्भर हुने अवस्था आइसकेको छ । परनिर्भरताको योभन्दा ठूलो दुर्दशा अरू के होला ? नेपालमा पानी ल्याउन चिनियाँ आइदिनुपर्ने, बिजुली ल्याउन चिनियाँ आइदिनुपर्ने, बाटो खोल्न चिनियाँ आइदिनुपर्ने । अब हुँदाहुँदा एटीएम चोर्न पनि चिनियाँ नै आइदिनुपर्ने, अन्तर्राष्ट्रिय अपराध गर्न पनि चिनियाँ नै आइदिनुपर्ने ! ए बाबा, कमसेकम अपराधमा त हामी आफैं आत्मनिर्भर बनौं । अपराधसमेत हामीलाई अरूले आएर गरिदिनुपर्ने ?

निराश भएका मानिस भन्ने गर्थे- अब यो देशको भविष्य छैन । अहिलेचाहिं मलाई पनि त्यस्तै लाग्न थालेको छ । हाम्रोमा रेमिट्यान्स विदेशबाट आउँछ, आर्थिक सहयोग विदेश-विदेशबाट आउँछ, कारखाना खोल्नुपरे विज्ञ विदेशबाट आउँछन्, अब त बालुवा बोक्ने ज्यामीसमेत विदेशबाट आउँछन् । अहिले त स्थिति कहाँसम्म पुग्यो भन्दा अपराध गर्ने अपराधीसमेत विदेशबाट आउन थालिसके । जम्मै कुरा विदेशीले गर्ने हो भने हामीचाहिं के गर्ने नि ? अनि यस्तो देशको भविष्य होला र ?

आँखाले हेर्नुपर्ने ? मालाले आँखा छोपिएपछि अंगरक्षकले नडोर्‍याएर स्यालोट ठोकेर बस्छ त ? १० वर्षपछि प्रतिव्यक्ति आय १२ हजार डलर पुग्छ भन्दा पनि नपत्याउने ? हेप्नी ?

■ **महर्षि**

रुन्चे मन्त्रीजी

छोराछोरीको 'स्वाद सुकाएर' उद्योगीलाई उखु अर्पेका तराईका किसान काठमाडौंमा न्यायको भीख मागिरहेका छन् । कहिले माइतीघरमा धर्ना दिइरहेका छन् त कहिले मन्त्रीलाई भेटेर वेदना पोखिरहेका छन् । १६ पुसमा उखु किसानसामु सिंहदरबार कार्यकक्षमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्ट धुरुधुरु रोएछन् । आफूलाई 'किसान' मन्त्री भन्ने भट्ट भावुक त भए तर कुर्सीमै बसिरहेको चाहिं बिर्सेजस्तो छ । ठगिएका किसानले न्यायको अनुभूति नगरून्जेल यो सस्तो भावुकता या 'बुर्जुवा' रूवाइ नै हुने होला । कि कसो कमरेड ?

■ **युवा बाबा**

क्या जुक्तिजीवी

नेपालमा ससाना काम गर्न पनि माथिबाट निर्देशनको चाङ लाग्नुपर्छ । राजधानीका सडकमा जथाभावी खाल्डा बढेपछि हालै मेलम्ची आयोजनालगायत सरोकारवाला कार्यालयलाई तुरुन्त खाल्डा पुर्न निर्देशन दिइएको छ । ठेकेदारले यस्ता निर्देशनका कागज बोराका बोरा जम्मा पारेर राखेका रहेछन् । के चाहियो र, तिनै कागज खाल्डोमा भर्दै रोलर लगाई दिएछन् । अलकत्र र रोडाको पैसा बचाएछन् । क्या जुक्ति !

■ **छुल्याहा**

हाम्रो नेपालमा

लेकाली वनमा विद्यालय



सरोज बैजु

केटाकेटीको जाडो बाख्राले खान्छ भन्ने आहान पनि अब त पुर्खाहरूको उखानमै सीमित भइसक्यो । हिउँदको कठ्यांग्रिने जाडोमा समेत ज्ञान आर्जन गरिछाड्न सल्यानका यी नानीबाबु कस्सिएका छन् ।

कपुरकोट गाउँपालिका-४ क्युरेनीस्थित श्री प्राथमिक विद्यालयका बालबालिकालाई नै हेरौँ न । हिजाआज यिनको कक्षा चौरमै चल्छ । जंगलको बीचमा रहेको यो स्कुलमा घाम लाग्दैन । त्यसैले कक्षाकोठाबाहिर डेस्क-बेन्च राखेर पढ्नुपर्ने बाध्यता हुन्छ ।

हिउँदमा बिहान ९ बजेतिर आइपुग्ने घामको न्यानो दिउँसो १ नबज्दै लुकिदिन्छ । जाडोका कारण पठनपाठनमा मुस्किल पर्छ । यो पाठशालामा टाढाटाढाका गाउँदेखि ९२ जना विद्यार्थी आइपुग्छन् । जाडो बढेसँगै विद्यार्थीको पढाइ नियमित हुन सक्दैन ।

चिसोका कारण पढाइ प्रभावित हुने यो एक्लो स्कुल भने होइन । पहाडी जिल्लाका अधिकांश स्थानमा जाडोले विद्यार्थीलाई स्कुल जान सकसै पर्छ । ने

टिप्पणी

सेल्फी राष्ट्रवाद

सर्वे अफ् इन्डियाको विज्ञान प्रविधि विभागले गत कात्तिकमा सार्वजनिक गरेको नयाँ नक्साले राष्ट्रियताको मुद्दालाई फेरि सतहमा ल्याइदियो। लद्दाखका २ जिल्ला कार्गिल र लेकसँगै नेपालको दार्चुला जिल्लाको लिम्पियाधुरादेखि लिपुलेकसम्म ३७ हजार हेक्टर जमिन भारतमा परेको नयाँ नक्सामा देखाइएको छ। भारतले सार्वजनिक गरेको उक्त नक्सालाई लिएर नेपालमा सर्वत्र विरोध भयो। परराष्ट्र मन्त्रालयले एउटा नोट निकाल्यो। प्रधानमन्त्रीले सर्वदलीय बैठक बोलाए। सडकमा प्रतिपक्षीभन्दा बढी सरकारी कार्यकर्ताको बोलवाला भयो । अन्य पार्टी संगठनलाई राज्यले सडकमा ढेपिनै नदिने नीति लियो। तैपनि राष्ट्रियताको मुद्दा सशक्त भइराखेको छ।

पृथ्वीनारायण शाहले एकातिर आफ्नो साम्राज्य फैलाउने र अर्कोतिर अंग्रेज भारतमा इस्ट इन्डिया कम्पनीले सरकारको रूपधारण गर्न थालेपछि हिमालय पर्वतमाला, महाभारत, चुरे र तराईका फाँटलाई मिलाउनुपर्ने अवस्था देखा परेको थियो। शाहको मृत्युपछि उनका छोरा बहादुर शाह र प्रतापसिंह शाहकी रानी राजेन्द्रलक्ष्मीले उक्त अभियानलाई अगाडि बढाएका थिए। यद्यपि बहादुर शाहमाथि षडयन्त्र गरेर विसं १८५४ मा हत्या गरिएको थियो।

उनको मृत्युपछि काठमाडौंको 'बाग महल' मा बसेका मुख्तियार भीमसेन थापाको निर्देशनमा अमरसिंह थापा (बुढा), भक्ति थापा, काजी दलभञ्जन पाँडे, अमृतसिंह थापा, सरदार शमशेर राना, सरदार अंगत घले तथा सरदार घोकल खत्रीहरू नेपाली सेनासहित सतलज नदी पार गरेर काँगडा पुगेका थिए। काँगडा राज्यको अर्को जुबल सहर कब्जा गरेर १३ असार १८६७ मा अन्तिम लडाइँ लडेको बाबुराम आचार्यलिखित *भीमसेन थापा उत्थान र पतन*मा पढ्न पाइन्छ। यसरी नेपाल पूर्वमा अहिले रहेको टिस्टादेखि पश्चिममा काँगडासम्म फैलिएको थियो।

तर पञ्जाबका राजा रणजित सिंहले दुवै राज्यबीच शान्ति सम्झौता गरी अंग्रेजविरुद्ध लड्ने प्रस्तावलाई अस्वीकार मात्र गरेनन्, पुनः युद्धको घोषणा गरेका थिए। रणजित सिंहको प्रस्तावलाई अस्वीकार गर्दा एकातिर नेपालको सिमाना सतलज नदीसम्म सीमित हुन पुगेको थियो भने अर्कोतिर अंग्रेजले नेपालमाथिको आक्रमण तीव्र बनाएको थियो।

१९ जेठ १८१४ मा पृथ्वीनारायण शाहले कीर्तिपुरमाथि असफल आक्रमण गर्दा २७ दिनपछि इस्ट इन्डिया कम्पनीको सेवामा रहेका पदाधिकारीले भारतको पलासीमा आक्रमण गरेर कब्जामा लिई इस्ट इन्डिया कम्पनी सरकारको आधारशिला बसालेको थियो। यसरी भारत प्रवेश गरेको इस्ट इन्डिया कम्पनी साम्राज्यवादी अंग्रेजमा परिणत भएको थियो। उक्त साम्राज्यवादी अंग्रेजले ५ सयभन्दा बढी राज्यमा विभक्त अहिलेको भारतका विभिन्न राज्यलाई निल्दै गयो। उसले भारतलाई निलेर तृप्त नभएपछि नेपालतिर आँखा लगाएको थियो। अंग्रेजसँगको नेपालको युद्धमा कहीं जित र कहीं हार हुँदै गर्दा अन्ततः षडयन्त्रमा परेर भारतको सुगौलीमा इस्ट इन्डिया कम्पनीका तर्फबाट कर्नेल ब्राडसा र नेपालको तर्फबाट राजगुरु गजराज मिश्र तथा टक्सारी चन्द्रशेखर दाहाल उपाध्यायले हस्ताक्षर गरेर सुगौली सन्धि भएको थियो।

गुणराज लोहनी

भीमसेन थापालगायत उनका मुख्य सैनिकले गीर्वाणयुद्धलाई उक्त सन्धिमा लालमोहर लगाउन नदिए पनि अन्ततः त्यसलाई ६ वैशाख १८७३ मा नेपालले स्वीकारेपछि २ लाख ६७ हजार ५ सय ७५ वर्गकिलोमिटरमा फैलिएको नेपाल केवल १ लाख ४७ हजार १ सय ८१ वर्गकिलोमिटरमा सीमित हुन पुगेको थियो। सोह्रौं शताब्दीको मध्यतिर नै भारत छिरेको इस्ट इन्डिया कम्पनीले १६०१ मा सर थोमस स्माइथलाई पहिलो गभर्नर बनाएसँगै १५ जुन १९४७ मा बेलायतको हाउस अफ कमन्समा ऐन पारित भएपछि विधिवत रूपमा भारत छाडेको थियो। तर इस्ट इन्डिया कम्पनीले कब्जा गरेको नेपाली भूमि फिर्ता गरेन। अंग्रेजविरुद्धको युद्धमा अमरसिंह थापा, उजिरसिंह थापा, बलभद्र कुँवरले नेपाली भूमि रक्षार्थ चलाएको युद्ध उच्च देशभक्तिपूर्ण थियो।

१२ अक्टोबर १९२० मा जब तत्कालीन राणा सरकार र भारतमा शासन गरेको अंग्रेजबीच महाकाली नदीमाथि शारदा ब्यारेज बनाउने सम्झौता भयो, त्यो मितिदेखि भारतले युद्धबिनाको सन्धि/सम्झौता र जबर्जस्ती गरेर नेपाली भूमि मिचिराखेको छ। सन् १९५० को असमान सन्धि, १२ वैशाख ०११ मा कोसी सम्झौता भयो। १९ मंसिर ०१६ सालमा गण्डक सम्झौता भयो। सन् १९६२ मा चीनसँग युद्धमा हारेपछि भारतीय सेना भाग्दै सुरक्षित हुन कालापानीमा बस्न थाल्यो। त्यसभन्दा अझ पश्चिममा रहेको नेपाल भूमि लिम्पियाधुरा भारतले अघोषित रूपमा अतिक्रमण गरेको थियो। कालापानीमा अहिले भारतले सेना क्याम्प थपिराखेको छ। २९ माघ ०५२ मा शारदा बाँध, टनकपुर बाँध तथा पञ्चेश्वर परियोजनासहित महाकाली नदीको एकीकृत विकाससम्बन्धी सन्धि भयो। माथिल्लो कर्णाली, अरुण-३ र अहिले फेरि उठेको लिम्पियाधुरा, कालापानी र लिपुलेक नेपालको सार्वभौमिकताभित्र पर्ने कुरा पुरानो होइन। जहाँसम्म लिपुलेकको कुरा हो, नेपाली भूमि रहँदारहँदै पनि भारतले आफ्नो भएजस्तै गरी चीनसँग

सीमापार व्यापारका लागि भनेर लिपुलेक भन्ज्याङलाई दुई देशबीचको बाटो बनाउन बेइजिङमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ समकक्षी ली खछ्याङले सहमतिपत्रमा हस्ताक्षर गरेका थिए। यसरी १२ अक्टोबर १९२० देखि अहिलेसम्म देखा परेको रंगीबिरंगी देशभक्तिलाई राष्ट्रवादी आन्दोलन भन्ने गरिएको छ।

कोसी, गण्डक सम्झौता, महाकाली सन्धि, नेपालमा बनाएका २० वटा बाँध र तटबन्ध, कालापानीमै क्याम्प स्थापना र लिपुलेक भारतले लगेपछि अहिलेसम्मका कुनै पनि सरकारले नेपालको भूमिको रक्षा गर्न नसकेको स्पष्ट हुन्छ। तैपनि हालसम्म सरकारमा पुगेका, अहिलेका सत्तासीनहरू आफूलाई खाँटी राष्ट्रवादी भन्दै आएका छन्। नेपालमा भएको राणाविरोधी आन्दोलनको बैठान दिल्लीमा राजा-राणा-कांग्रेसबीच सम्झौता भयो। पञ्चायतविरोधी कांग्रेस-वाम आन्दोलनको उद्घोष नै भारतीय नेता चन्द्रशेखरले गरेका थिए। साम्यवादको सुन्दर सपनासहितको वर्गीय, क्षेत्रीय, लैंगिक र जातीय मुक्ति आन्दोलनको समग्र प्रतिनिधित्व गरेको जनयुद्धलाई प्रचण्ड-बाबुरामहरूले १२ बुँदे समझदारी गिरिजाप्रसाद कोइराला, माधवकुमार नेपालहरूसँग दिल्लीमा गरेका थिए। जनयुद्धका मुख्य कमान्डरहरूले व्यक्तिगत स्वार्थ र जीवनरक्षाका लागि भारतमै बैठान गर्न पुगेका थिए। जनयुद्धबाट जन्मिएका नेताहरू पनि यसअघिका भन्दा फरक हुन सकेनन्।

त्यसैको परिणति अहिलेको लिपुलेकको भूमि, सीमा अतिक्रमण निरन्तर छ। अझ भन्ने हो भने नेपालको भूगोलमा मात्र भारतीय अतिक्रमण सीमित छैन। नेपालको अर्थतन्त्र, राजनीति र संस्कृतिमाथि पनि अतिक्रमण भइराखेको छ। नेपालमा भारतीय हस्तक्षेप र अतिक्रमणलाई लिएर यहाँका राजनीतिक पार्टी, संघ-संगठनहरूले मौसमी आन्दोलन गर्छन्। तर उनीहरूसँग स्पष्ट नीति र कार्यक्रम छैन। त्यसैले सबैजसो आन्दोलन प्रायोजित हुने गर्छन्। अहिलेको लिपुलेकलाई लिएर भएको सरकारी र प्रतिपक्षीहरूद्वारा सञ्चालित आन्दोलन पनि यस्तै प्रायोजित हुन्। प्रायोजन एउटै भए पनि उनीहरूलाई देखाउने राष्ट्रवाद रङरङका छन्।

एउटा परम्परागत राष्ट्रवाद छ, जसलाई महेन्द्रीय राष्ट्रवादबाट चिनाइने गरिएको छ। यसको विशेषता भनेको पुर्खाले राज्य विस्तार गर्न अंग्रेजसँग लडेको र उनीहरूको शासनकालमा नेपालबाट भारतीय सेना हटेको कुरालाई राष्ट्रवाद भन्ने गर्छन्। यिनीहरू पुर्खाको ब्याज खाने, व्यवहारमा केही नगर्ने, जनतामा भ्रम छर्नेहरू हुन्। पछिल्लो क्रममा यिनीहरूको दक्षिणी बडेभाइसँग जडान रहँदै आएको छ।

नेपालको अहिले देशभक्तिपूर्ण आन्दोलनको बजार कब्जा गरेको राष्ट्रवाद भनेको मुकुन्डोधारी राष्ट्रवाद हो। यसको विशेषता भनेको राष्ट्रियताका मुद्दा उठाएर त्यसलाई फोहोरी राजनीतिक उद्देश्य पूरा गर्ने र उद्देश्य पूरा भएपछि छाडिदिने। आवश्यक परे फेरि राष्ट्रियताको मुद्दालाई उठाउनु रहेको छ। यो राष्ट्रवादको उदय ०४७ सँगसँगै

> शृंगारिक राष्ट्रवाद *फेसबुक*मा गाली गर्छ। अरूलाई गाली गर्छ। सडकमा फोटो खिच्नका लागि जुलुस निकाल्छ। नाकाबन्दीमा दाउराले खाना पकाएर *फेसबुक*मा अपलोड गर्छ। कहिले कालापानी पुग्छ, कहिले लिपुलेक।

भएको थियो। कृष्णप्रसाद भट्टराई पहिलो पटक प्रधानमन्त्री हुँदा भारत गएर व्यापार तथा पारवहन सन्धि, पञ्चेश्वर परियोजनाको कुरा आएसँगै यो राष्ट्रवाद जाग्यो। मदन भण्डारी र जीवराज आश्रितको रहस्यमय हत्यासँगै ०५३ मा भएको महाकाली सन्धिको पक्षमा एमालेले संसद्मा मतदान गरेपछि यसको मुकुन्डो उत्रिएको थियो। त्यसपछि ०७२ मा भारतले नेपालमा लगाएको नाकाबन्दीमा देखा परेको थियो। त्यसैको पुरस्कारस्वरूप गत चुनावमा जनताले जिताएका थिए। अहिले यो राष्ट्रवाद भाषणमा सीमित हुन पुगेको छ।

चाह्यो भने यो राष्ट्रवादले भारतले अतिक्रमण गरेको सबै नेपाली भूमि फिर्ता हुन सक्छ। अहिले यो राष्ट्रवाद बहुमतसहित सरकार छ। संसद्बाट कुनै विधेयक पारित गर्नुपर्‍यो भने सजिलै गर्न सक्छ। अन्तर्राष्ट्रिय अदालत जान सक्छ। सिमानामा सेना, सशस्त्र प्रहरी सजिलै परिचालन गर्न सक्छ। जनतालाई आह्वान गर्न सक्छ तर विगतजस्तै अहिले पनि मुकुन्डो राष्ट्रवादले कुनै काम गरेको छैन। प्रतिक्रिया दिएको छैन। यसले गर्दा उसको दिनदिनै राष्ट्रवादी मुकुन्डो खुल्दै गएको छ।

नेपालमा अर्को राष्ट्रवादको पनि बिगबिगी छ। त्यो हो- शृंगारिक राष्ट्रवाद। यो राष्ट्रवाद सामाजिक सञ्जालमा सक्रिय हुन्छ। अरूलाई गाली गर्छ। सडकमा सेल्फी खिच्न जुलुस निकाल्छ। यसले नाकाबन्दीको समय दाउरामा खाना पकाएर फेसबुकमा अपलोड गर्‍यो। कहिले कालापानी पुग्छ, कहिले लिपुलेक। टिभी र सञ्चार माध्यममा आफूबाहेक सबै गलत भएको भाषण छाँट्छ। तर राष्ट्रवाद के हो, देश कसरी बाँच्छ, जान्दैन। यी कुनै पनि राष्ट्रवादले देशको भूगोल विदेशी हस्तक्षेपबाट बचाउन सक्दैन। विश्व अतिराष्ट्रवादले ग्रसित छ। अमेरिकामा डोनाल्ड ट्रमको 'अमेरिका पहिलो', भारतमा मोदी हिन्दुवादी, बेलायतमा बोरिस जोन्सन आदिका राष्ट्रवादले विश्व आक्रान्त भइराखेको छ। कुनै समय हावी भएको हिटलरको राष्ट्रवादले दोस्रो विश्वयुद्ध निम्त्याएको थियो।

राष्ट्रियता हुनलाई भूगोल, जनसंख्या, निश्चित प्रकारको अर्थतन्त्र र संस्कृति हुनैपर्छ। त्यसैले यी राष्ट्रवादीको परिभाषा नै ठीक छैन। अब राष्ट्रवाद नभएर देशभक्तिको कुरा गर्नुपर्छ। अहिले देशभक्तिपूर्ण आन्दोलन आवश्यक छ।

रिपोर्ट

^ पहिरोको जोखिममा सेलाङ नमुना एकीकृत बस्ती

अव्यावहारिक बस्ती

एकीकृत बस्ती एकातिर, पशुपालन र खेतीपाती अर्कातिर

कल्पना भट्टराई

हरियो छाना। सेतो रङले पोतिएको भित्तामा कलेजी घेरा। आकार र रङ पनि उस्तै। चिटिक्क घरको चमकले जोकोहीलाई लोभ्याउँछ। सिन्धुपाल्चोकको जुगल गाउँपालिका-१ स्थित सेलाङको १९ घर भएको बस्ती पुग्दा मान्छे भेटाउनै मुस्किल।

सेलाङ नमुना एकीकृत बस्तीका अध्यक्ष सेबले तामाङले सुनाए, "गाउँले खेतीपाती र वस्तुभाउको स्याहारका लागि पुरानो बस्ती सेप गाउँ जान्छन्। त्यहाँ पुग्न दुई घन्टा लाग्छ। बस्ती नजिक भएको भए पो सबैलाई सजिलो हुन्थ्यो।"

१२ वैशाख ०७२ सम्म गाउँले सेप गाउँमै बस्थे। भूकम्पले त्यहाँका सबै घर ढाल्यो। ढलेको घरमा पुरिएर १४ जनाको मृत्यु भयो। भूकम्पपछि गएको पहिरोले विस्थापित भएर काफ्लेडाँडामा टहरालाई बास बनाएको उनीहरूको १९ घरपरिवार यसै वर्ष ४ असारबाट उक्त बस्तीमा बस्न थालेको हो।

तामाङका अनुसार अक्सफाम नेपालको आर्थिक सहयोग र ग्रामीण सेवा समितिको व्यवस्थापनमा ३७ रोपनी जग्गामा फैलिएको उक्त बस्तीको प्लटिङ गाउँपालिकाले गरिदिएको हो। बस्ती निर्माणमा जनश्रमदानसमेत गरी १ करोड ३७ लाख ७५ हजार रुपैयाँ खर्च भयो।

बस्तीका सबै घर तीन कोठे छन्। तीन आनामा बनेका साँघुरा घरमा सबै परिवार अटाउँदैनन्। भूकम्पपीडित भीमबहादुर लोप्चन भन्छन्, "घर त पायौँ, अन्नपात राख्ने ठाउँ छैन। घरमुनि पहिरो गइरहेको छ।"

एकीकृत बस्तीका दुई दलित परिवारको घर पहिरोको मुखमै छ। पहिरोले कुनै पनि बेला पुर्न सक्ने उनको अनुमान छ। "पहिला भूकम्पले बाँच्यौँ," लोप्चन दुखेसो पोख्छन्, "अब पहिरोले लग्ने हो कि भन्ने पिरलोले सताएको छ। तामाङ संस्कार, संस्कृति, भाषा र पहिचान नमिलेकै कारण दलित परिवार छुट्टै बसेका थिए।

जनहित ग्रामीण सेवा समितिका कार्यकारी निर्देशक राजेन्द्र शर्मा सेलाङमा त्योभन्दा सुरक्षित ठाउँ अन्त नभेटिएपछि त्यहीँ बस्ती निर्माण गरेको बताउँछन्। भन्छन्, "डोजरले खन्दा निस्किएको माटो पानीले बगाउँदा तल खोल्सोजस्तो देखिए पनि बस्ती असुरक्षित छैन।" दुई दलित परिवार माथि बस्न नमानेका कारण सोही स्थानमै घर बनाइदिएको शर्माको भनाइ छ। बस्ती संरक्षणका लागि ९३ लाख रुपैयाँको डिपिआर पुनर्निर्माण प्राधिकरणबाट स्वीकृत भइसकेकाले संरक्षणको काम वर्षा अगाडिबाटै थालिने शर्मा बताउँछन्। भन्छन्, "घर र पशुपालन एकै ठाउँ हुने भएकाले एकीकृत बस्तीका घर साँघुरा भएका छन्।" अधिकांशले खेतीपाती र पशुपालन गर्ने भएकाले पनि बस्ती र खेत टाढा हुँदा अव्यावहारिक देखिएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका इन्जिनियर सुरतबहादुर सुनारको भनाइ छ।

प्राधिकरण, जिल्ला आयोजना कार्यान्वयन इकाइ, सिन्धुपाल्चोकका प्रमुख सन्तोष निरौला भने राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका भूगर्भविद्को टोलीकै सिफारिसमा एकीकृत बस्ती बसाइएको दाबी गर्छन्। बस्ती संरक्षणका

लागि वरिपरि सुरक्षित पर्खाल लगाउने, सडक छाप्ने, आँगन फराकिलो बनाउनेलगायत काम बाँकी नै छ ।

सिन्धुपाल्चोककै मेलम्ची नगरपालिका-१२ बाँसबारीस्थित थाक्लेमा रहेको एकीकृत बस्ती १७ रोपनी जमिनमा फैलिएको छ । प्रत्येक घर सात रोपनी क्षेत्रफलमा बनेका छन् । भूकम्पअघि पनि स्थानीयको बसोबास एकीकृत बस्ती बनेकै स्थानमा थियो । जग्गा सट्टापट्टा मिलाएर पुस ०७५ देखि स्थानीयले एकीकृत बस्ती विकासको काम थालेका थिए ।

महिला आत्मनिर्भरता केन्द्रसँगको साझेदारीमा अक्सफाम नामक गैरसरकारी संस्थाको आर्थिक तथा प्राविधिक सहयोगमा बस्ती ठडिएको हो । घर निर्माणमा अक्सफामले ७ लाख २५ हजार रुपैयाँको दरले सहयोग उपलब्ध गराएको बस्ती विकास समितिका अध्यक्ष चेतबहादुर तामाङ बताउँछन् ।

तामाङका अनुसार पुनर्निर्माण सकिँदा श्रमदानसमेत प्रतिघर लागत १३ लाख रुपैयाँ पुग्ने अनुमान छ । साढे ३ देखि ४ लाख रुपैयाँ सम्बन्धित घरधनीले बेहोर्नुपर्ने देखिएको छ । पूर्वाधार विकासको काम ५० प्रतिशत मात्र सकिएको छ । बस्तीको पूर्वाधार विकासमा ५ करोड रुपैयाँ लाग्ने डिपिआर तयार भएको थियो । जिल्ला आयोजना कार्यान्वयन इकाइ (भवन) का इन्जिनियर पुकार शर्मा भन्छन्, "तर प्राधिकरणको मापदण्डअनुसार प्राप्त थोरै रकमले धेरै काम गर्नुपर्ने बाध्यता छ ।"

पर्खाल निर्माणका क्रममा जग खन्दा तीन वटा घर जोखिममा परेका छन् । थाक्ले नमुना एकीकृत बस्तीका अध्यक्ष तामाङ जग खन्दा माटो भासिएर नयाँ घर जोखिममा परेको गुनासो गर्छन् । भन्छन्, "संरक्षणका लागि पर्खाल लगाउन बजेट नपुग्दा बीचैमा अलपत्र छाड्नु परेको छ ।"

सरकारले दिएको ३ लाख अनुदानमा ४ लाख थपेर घर बनाएकी चौतारा साँगाचोकगढी नगरपालिका-१४ झ्याडी टोलकी लक्ष्मी माझी दसैँमा नयाँ घर सरेकी छन् । तर उनलाई भूकम्पले भत्किएको पुरानै घरको डिजाइन ठीक लाग्छ । भन्छिन्, "यो त भुइँतला मात्रै छ । पुरानो घर त भुइँतलासहितको तीन तला थियो । सबै कुरा राख्न पाइन्थ्यो ।" उनका छिमेकी सोमबहादुर माझी पनि दसैँलगत्तै टहरोबाट नयाँ घरमा सरे । ७ जनाको उनको परिवारलाई त्यो घर अपुग छ । घरमा अन्नपात राख्नसमेत ठाउँ नभएको उनको गुनासो छ ।

मेलम्ची नगरपालिका-१२ स्थित शिखरपुरको नमुना एकीकृत बस्ती पनि बस्नलायक छैन । भूकम्पपछि थाई नेपाली नामक संस्थाले एक कोठे बस्ने घर बनाइदिएको थियो । एक कोठाको घरमा बस्न नमिलेपछि ४६ घरधुरीको माझी बस्तीभित्रै अहिले पक्की घर ठडिएका छन् । एउटा कोठामा सबै परिवार बस्न नमिलेपछि ऋणमा छुट्टै घर बनाउनु परेको सुनिता माझी बताउँछिन् । थाई नेपालीले बनाइदिएको घर भत्किने अवस्थामा पुगेपछि आफैँ नयाँ घर बनाएर बसेको उनको स्पष्टीकरण छ ।

सिन्धुपाल्चोकमा भूकम्पपछि सबैभन्दा पहिला बनेको नमुना माझी गाउँ जीर्णावस्थामा

सिन्धुपाल्चोकमा ३० एकीकृत बस्ती छन् । २३ बस्ती निर्माण सम्पन्न भए । चार निर्माणाधीन र तीन बस्ती निर्माण चरणमा रहेको इकाइ प्रमुख सन्तोष निरौला बताउँछन् । प्राधिकरणका सहसचिव एवं प्रवक्ता गोपालप्रसाद शर्मा सरकारको बजेट सीमित हुने भएकाले निर्माण गरिएका घर साँघुरा भएको स्वीकार्छन् । उनका अनुसार धेरैजसो बस्तीका घर साँघुरा छन् । १०/१२ जनाको परिवार दुई कोठामा अटाउनुपर्ने बाध्यता छ ।

बजेट अभावकै कारण सिन्धुपाल्चोकको नोर्बुलिङमा दुई वर्षअघि विस्तृत परियोजना प्रतिवेदन तयार भइसके पनि घर निर्माण सकिएको छैन । सुरुआती चरणमा प्रभावकारी योजना नबन्दा समस्या निम्तिएका छन् । पुनर्निर्माण प्राधिकरणकै एक इन्जिनियर सरकारलाई नयाँ काम देखाउनुपर्ने बाध्यताले सुरुमा केही हतारो भएको बताउँछन् ।

पुनर्निर्माण प्राधिकरणका आवास इन्जिनियर सुरतबहादुर सुनारका अनुसार प्राधिकरणले निजी आवास पुनर्निर्माणका क्रममा जहाँ-जहाँ घर भत्किएका छन्, त्यहीँ मात्र नभई छरिएर रहेका घरलाई समेटेर एकीकृत नमुना बस्ती विकास गरेको हो । बस्तीको भौतिक पूर्वाधारका लागि सरकारले छुट्टै रकम उपलब्ध गराएको छ । आवश्यक सहयोगका लागि प्राधिकरणबाट ३ हजार प्राविधिक खटाएको छ ।

एकीकृत बस्ती विकाससम्बन्धी कार्यविधि, ०७५ मा तीन विकल्प अघि सारिएका छन् । साविक स्थानमा बस्ती बसाउन नसकिने देखिए, केहीलाई स्थानीय स्तरमै राख्न सकिने भए पनि स्थानान्तरण गर्नुपर्ने परिवारलाई मात्र अन्यत्र लग्ने गरी मिश्रित रूपमा र हाल छरिएर रहेका निजी घरपरिवारले चाहे एकीकृत बस्ती विकास गर्न सक्ने कार्यविधिमा उल्लेख छ । बस्ती विस्तारमा न्यूनतम १० घर हुनुपर्नेछ । १० देखि ९९ घरसम्म स्थानीय आयोजना कार्यान्वयन इकाइबाट र बाँकी प्राधिकरणले तोकेको निकायबाट कार्यक्रम कार्यान्वयन हुने कार्यविधिमा छ ।

"एकै पटक घर निर्माण गर्दा पूर्वाधार बनाउन सजिलो र कम खर्चिलो हुने भएकाले केही हदसम्म राम्रो पनि देखिएको छ," प्राधिकरणका एक इन्जिनियर भन्छन्, "विस्थापित र भूमिहीन, आफ्नो छुट्टै घर बनाउन नसकेका भूकम्पपीडितका लागि एकीकृत बस्तीको विकास गरिए पनि यो अव्यावहारिक देखिएको छ ।" ने

३० वर्षपछि बर्लिन पर्खाल

गेजा शर्मा वाग्ले

सन् १९८९ को शरद ऋतुले दोस्रो विश्वयुद्धबाट ध्रुवीकृत विश्वका लागि नूतन आशाको सन्देश प्रवाह गरेको थियो । युद्धबाट विभाजित पूर्वी तथा पश्चिम जर्मनीबीचको बर्लिन पर्खाल ९ नोभेम्बरमा ढालेर जर्मनी एकीकरण गरिएपछि शीतयुद्धको अन्त्य तथा नवीन लोकतान्त्रिक युगको सूत्रपात भएको सन्देश फैलिएको थियो । २६ डिसेम्बर १९९१ मा तत्कालीन सोभियत संघमा सात दशक लामो कम्युनिस्ट शासन पतन भई लोकतान्त्रिक प्रणाली स्थापना भयो । सन् १९८९ देखि आजपर्यन्त बर्लिनको पर्खाललाई शीतयुद्ध र सोभियत संघको विघटनलाई कम्युनिस्ट शासनको पतन तथा लोकतन्त्रको विजय विम्बको रूपमा प्रयोग गरिँदै आएको छ । फ्रान्सिस फुकुयामाले सोभियत संघको विघटनलाई इतिहासको अन्त्यको संज्ञा दिँदै सन् १९९२ मा *एन्ड अफ हिस्ट्री एन्ड द लास्ट म्यान* पुस्तक प्रकाशित गरेपछि विश्वव्यापी रूपमै कम्युनिस्ट विचारधारा प्रतिरक्षात्मक भएको ठानिएको थियो ।

सन् १९८९ पछि कम्युनिस्ट शासन एकपछि अर्को ढल्दै गए । करिब ६० देशमा लोकतान्त्रिक प्रणाली स्थापना भयो । तर कम्युनिस्टको अन्त्य तथा लोकतन्त्रको विजयोत्सव मनाएको तीन दशक पनि नबित्दै बहुलवादको जननी मानिने अमेरिका, युरोपबाट नै लोकतन्त्रलाई चुनौती सिर्जना भएको निष्कर्ष स्वयं पश्चिमा थिंकट्यांक, विश्वविद्यालय, राजनीतिशास्त्री र प्रेसले निकालेका छन् । बर्लिन पर्खाल ढलेपछि फैलिएको उदार लोकतन्त्रको लहर प्रतिरक्षात्मक बिन्दुमा पुगेको विश्लेषण गर्दै तिनले दक्षिणपन्थी राष्ट्रवाद र लोकप्रियतावादबाट विश्व थप ध्रुवीकृत हुने भविष्यवाणी गरेका छन् ।

उदार लोकतन्त्रप्रति संकट : दोस्रो विश्वयुद्धमा पराजित जर्मनी केवल भौगोलिक दृष्टिले विभाजित मात्रै भएन, राजनीतिक सिद्धान्त (पूर्वी जर्मनी कम्युनिस्ट र पश्चिम जर्मनी लोकतान्त्रिक) का दृष्टिले समेत विभाजित भयो । सन् १९६१ मा लगाइएको पर्खाल सन् १९८९ मा ढलेपछि तीन दशकको विश्व राजनीतिक आरोह-अवरोहबारे अहिले पश्चिमाहरूले बहस गरिरहेका छन् । विशेषगरी उदार लोकतन्त्र र भूमण्डलीकरणविरोधी तथा दक्षिणपन्थी ट्रम्प सन् २०१६ मा अमेरिकाको राष्ट्रपति निर्वाचित भएपछि तथा सन् २०१६ को बेलायतको जनमतसंग्रहमा दक्षिणपन्थी राष्ट्रवादी पक्षधरले विजय हासिल गरेपछि उदारवादी लोकतन्त्रको भविष्यमाथि प्रश्न खडा भएको विश्लेषण गरिएको छ । युरोप, अमेरिकाजस्ता लोकतान्त्रिक, विकसित र भूमण्डलीकृत देशमा नै दक्षिणपन्थी राष्ट्रवाद, लोकप्रियतावाद र संरक्षणवादको आकस्मिक उदय भएपछि उदार लोकतन्त्र र बहुलवादी समाजलाई अप्रत्यासित संकट सिर्जना भएको निष्कर्ष निकालेका छन् । त्यसैले बर्लिनको पर्खाल र सोभियत संघको विघटन लोकतान्त्रिक लहरको 'टर्निङ प्वाइन्ट' तथा ट्रम्पको विजय र बेलायतको जनमतसंग्रहको परिणाम उदारवादी लोकतन्त्रको प्रतिलहरको अर्को 'टर्निङ प्वाइन्ट' को रूपमा व्याख्या गरिएको छ ।

लामो समयदेखि लोकतान्त्रिक प्रणालीको आरोह-अवरोहबारे गहन अध्ययन-अनुसन्धान गर्दै आएका स्टेभिन लिभित्स्की र डेनियल जिबलटलिखित *हाउ डेमोक्रेसिस डाई : ह्वाट हिस्ट्री रिभिल्स अबाउट आवर फ्युचर* पुस्तकमा लोकतन्त्रका चुनौतीहरू जटिल भएको निष्कर्ष निकालेका छन् । सन् २०१८ मा प्रकाशित पुस्तकका लेखकद्वयले लोकतन्त्र पतनोन्मुख भएको विश्लेषण गर्दै यदि समयमै आसन्न चुनौतीलाई यथोचित सम्बोधन गरिएन भने उदार लोकतन्त्रको असामयिक अवसान हुन सक्ने चेतावनी दिएका छन् । लिभित्स्की र जिबलटले जस्तै चार दशकदेखि लोकतन्त्र मामिलाका शोधार्थी ल्यारी डाइमन्डलिखित *डेमोक्रेसी इन डिक्लाइन* पुस्तकमा उदार लोकतन्त्रको ह्रासोन्मुख प्रवृत्तिबारे विश्लेषण गरिएको छ ।

वासिङ्टन डिसीस्थित थिंकट्यांक फ्रिडम हाउसको सन् २०१८ को प्रतिवेदनले पनि उदार लोकतन्त्र, बहुलवादी समाज, विधिको शासन, अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता र मानव अधिकारका दृष्टिले जटिल चुनौती सिर्जना भएको तथ्यांक सार्वजनिक गरेको छ । इतिहासको अन्त्य भएको घोषणा गरेका फुकुयामालगायत उदार लोकतन्त्र पक्षधर राजनीतिशास्त्रीले समेत विश्वव्यापी रूपमै उदार लोकतन्त्रमाथि चुनौती सिर्जना भएको वास्तविकता स्वीकार्दै उक्त प्रणालीको परिधिभित्रैबाट सो चुनौतीको अविलम्ब सामना गर्न आह्वान गरेका छन् ।

संकटका कारण : सन् १९९० देखि २०१० सम्मको कालखण्ड उदारवादी लोकतन्त्र र बहुलवादी समाजको दृष्टिले स्वर्ण युग थियो । सन् २०१० देखि २०१५ सम्म आंशिक रूपमा आरोह-अवरोहपूर्ण भए पनि समग्रमा लोकतान्त्रिक प्रक्रिया स्थिर थियो । तर सन् २०१५ पछि उदार लोकतन्त्रको प्रतिलहर सुरु भएको राजनीतिक सूचकांकले पुष्टि गरेका छन् । अमेरिकाको राष्ट्रपति निर्वाचन र बेलायतको जनमतसंग्रहको परिणाम मात्रै होइन, लोकतान्त्रिक राज्य थप अनुदार हुँदै गएको छ

पीटरेरस्टडटकम

बर्लिनको पर्खाल ढलेको ३० वर्ष भयो तर दक्षिणपन्थी राष्ट्रवाद, लोकप्रियतावाद, आर्थिक असमानता र विभेदका पर्खाल अहिले पनि कायमै छन् ।

भने लोकतान्त्रिक सरकार सर्वसत्तावादी हुँदै गएका छन् । दक्षिणपन्थी तथा राष्ट्रवादी दलहरूको विश्वव्यापी लहर सिर्जना भएको छ भने उदार लोकतान्त्रिक दलहरू अलोकप्रिय र कमजोर हुँदै गएका छन् । लोकतान्त्रिक प्रणालीलाई कसरी अधिनायकीमा रूपान्तरण गरिन्छ भन्ने ज्वलन्त दृष्टान्त रुसमा पुटिनले देखाएका छन् भने अनुदारवादको सिकार स्वयं जर्मनीजस्तो समृद्ध लोकतान्त्रिक देश भइरहेको छ ।

सम्भवतः पश्चिमा थिंकट्यांक, विश्वविद्यालय, राजनीतिशास्त्री र सञ्चार माध्यमहरूले अहिले सबैभन्दा बढी अध्ययन-अनुसन्धान, बहस र चिन्ता गरेको विषय उदारवादी लोकतन्त्रको भविष्य नै हो । त्यसैले विश्वमा प्रचलित राजनीतिक व्यवस्थामध्ये उत्तम मानिएको लोकतान्त्रिक प्रणालीमाथि यस्तो अभूतपूर्व संकट कसरी सिर्जना भयो ? उदारवादी लोकतन्त्र र बहुलवादी समाजका असफलताका अन्तर्निहित कारण के हुन् ? उदार लोकतन्त्रको असफलता हो कि दक्षिणपन्थी राष्ट्रवाद र लोकप्रियतावादको सफलता भन्नेबारे वस्तुगत अध्ययन-अनुसन्धान नगरी यसको निष्कर्षमा पुग्न सकिँदैन ।

पहिलो कारण- लोकतान्त्रिक प्रणालीमा संवैधानिक प्रक्रियाद्वारा निर्वाचित अनुदारवादी, अनुत्तरदायी र सर्वसत्तावादी सरकार । भेनेजुएला, इजिप्ट, फिलिपिन्स, युक्रेन, जर्जिया, जिम्बाबे, इराक, लिबिया, निकारागुवा, म्यानमारजस्ता तेस्रो विश्वका द्वन्द्वग्रस्त, अविकसित तथा अल्पविकसित देशका लोकतान्त्रिक प्रणालीमाथि प्रश्नचिह्न खडा हुनु अस्वाभाविक भएन । तर बहुलवाद, उदार लोकतन्त्र, विधिको शासन र मानव अधिकारको जन्मभूमि अमेरिका, बेलायत, फ्रान्स, जर्मनी, भारत, टर्की, हंगेरी, अस्ट्रिया, नेदरल्यान्ड्सलगायतका देशमा लोकतान्त्रिक मूल्य-मान्यता क्षयीकरण भई लोकतान्त्रिक पद्धतिबाट निर्वाचित सरकारमा अनुदारवादी, अनुत्तरदायी र सर्वसत्तावादी प्रवृत्ति हावी हुँदै गएको देखिन्छ । अनुदारवादी, दक्षिणपन्थी राष्ट्रवादी तथा लोकप्रियतावादी दलहरूले आश्चर्यजनक सफलता हासिल गर्दै आएका छन् । सन् १९९० पछि करिब ६० देशमा लोकतान्त्रिक प्रणाली स्थापित भएका थिए । तर सन् २०१० पछि एक दशकको अवधिमा करिब ३० देशमा लोकतान्त्रिक प्रणाली संकटमा परेको लोकतन्त्र, विधिको शासन, मानव अधिकारलगायतका सूचकांकले प्रक्षेपण गरेका छन् ।

यद्यपि कुनै पनि देशमा लोकतान्त्रिक प्रणाली समाप्त भई अधिनायकवादी वा कम्युनिस्ट शासन स्थापना भएको त छैन । तर क्रमिक रूपमा उदारवाद अनुदारवादी लोकतन्त्रमा र अनुदारवादी लोकतन्त्र सर्वसत्तावादी तथा अधिनायकवादी शासनतर्फ उन्मुख भएका छन् । *दी पिपुल भर्सेज डेमोक्रेसी*मा माउन्क तथा *हाउ डेमोक्रेसिस डाईमा* लिभित्स्की र जिबलटको निष्कर्षजस्तै एक्काइसौँ शताब्दीमा लोकतन्त्रको चुनौती साम्यवाद, अधिनायकवाद र सैन्य तानाशाह होइन, लोकतान्त्रिक प्रणालीमार्फत निर्वाचित सरकार वा शासक हुन् । संवैधानिक प्रक्रियाद्वारा निर्वाचित सरकारको सर्वसत्तावादी प्रवृत्तिका कारण उदारवादी लोकतन्त्र र बहुलवादी समाज संकटमा परेको ज्वलन्त उदाहरण अमेरिका, बेलायत, भारत, टर्की, हंगेरीलगायतका देशमा देखिन्छ । अमेरिकी राष्ट्रपति ट्रम्प, बेलायतका प्रधानमन्त्री बोरिस जोन्सन, भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, टर्कीका राष्ट्रपति रिसेप तैयप इर्दोआन, हंगेरीका प्रधानमन्त्री भिक्टर ओरबानहरूजस्ता दक्षिणपन्थी राष्ट्रवाद र सर्वसत्तावादका प्रेतात्माहरूले लोकतान्त्रिक प्रणालीको चीरहरण गरी सर्वसत्तावादतर्फ उन्मुख भएको फेहरिस्त एकपछि अर्को सार्वजनिक भइरहेका छन् ।

दोस्रो कारण- असफल उदार आर्थिक नीति । वास्तवमा अहिलेको संकट उदार लोकतन्त्रभन्दा पनि उदार अर्थनीति र भूमण्डलीकरणको असफलताको कारणले सिर्जना भएको हो । उदार अर्थनीतिको प्रस्तावनाबाट निःसृत वासिङ्टन 'कन्सेन्सस' को मार्गनिर्देशक सिद्धान्त भूमण्डलीकरण, उदारीकरण र निजीकरणजस्ता बजारमुखी नीतिको कारणले आर्थिक वृद्धि र रोजगारी सिर्जनाको दृष्टिले सकारात्मक योगदान गरे पनि आर्थिक असमानता बढेर गयो । त्यसैले उदार अर्थनीति विशेषगरी भूमण्डलीकरण, उदारीकरण र निजीकरणबारे पुनर्विचार गर्न विलम्ब गर्नु थप दुर्घटना निम्त्याउनु हो । किनभने विश्व राजनीतिक प्रणाली र अर्थतन्त्रमा निर्णायक भूमिका निर्वाह गर्दै आएका अमेरिका, बेलायतजस्ता लोकतान्त्रिक, समृद्ध देशका

सहर निवासी शिक्षित समुदायबाटै भूमण्डलीकरणको विपक्ष तथा संरक्षणवादको पक्षमा सशक्त आवाज उठिरहेको छ। सन् २००४ मा जोसेफ स्टिगलिजले समेत अहिलेको बजार नियन्त्रित पुँजीवाद असफल भएको निष्कर्ष निकाल्दै प्रगतिशील पुँजीवादको पक्षमा वकालत गरेका छन्। वास्तवमा कम्युनिस्टको राज्य नियन्त्रित समाजवाद वा बजार नियन्त्रित पुँजीवाद दुवै प्रणालीको असफलता हो। त्यसैले कम्युनिस्ट समाजवाद र पुँजीवादको विकल्प लोकतान्त्रिक समाजवाद हुन सक्छ।

नेपालमा प्रभाव : विश्वव्यापी राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक लहरको प्रत्यक्ष वा परोक्ष प्रभाव नेपालमा पनि पर्दै आएको छ। उदार लोकतन्त्रको विश्वव्यापी लहरको प्रतिफलस्वरूप नेपालमा ०४६ मा लोकतन्त्र स्थापना भएको थियो । उदार र बजारमुखी अर्थतन्त्र, भूमण्डलीकरण र निजीकरणको प्रत्यक्ष प्रभाव नेपालको अर्थनीतिमा पर्दै आएको छ । अहिले नेपाली राजनीतिमा दक्षिणपन्थी राष्ट्रवाद, लोकप्रियतावाद, अनुदारवादको पनि उल्लेखनीय प्रभाव परिरहेको छ । नेकपा, कांग्रेसलगायतका पार्टीमा विकसित राष्ट्रवादी, दक्षिणपन्थी, लोकप्रियतावादी रुझानले उक्त वास्तविकताको पुष्टि भएको छ । विगत आमनिर्वाचनमा वामपन्थी गठबन्धनको विजयमा कांग्रेसको कमजोर संगठन र नेतृत्वको अलोकप्रियता पनि कारण थिए । तर प्रमुख कारण एमालेको राष्ट्रवाद र घोषणापत्रमा प्रस्तावित लोकप्रियतावाद थियो।

विचार र नीतिलाई भन्दा रणनीति र कार्यनीतिलाई प्रधानता दिने राजनीतिक 'कुशल' खेलाडी केपी ओली नेकपाको अध्यक्ष भए पनि वास्तवमा अनुदारवादका हिमायती हुन् । राजनीतिक प्रयोगवादी ओलीले वामपन्थी लोकप्रियतावाद र दक्षिणपन्थी राष्ट्रवाद दुवैबाट राजनीतिक लाभ हासिल गर्ने रणनीति अख्तियार गर्दै आएका छन् । भारतसँग निकट सम्बन्ध भएको नेपालको सबैभन्दा दक्षिणपन्थी पार्टी राजपासँग भर्खरै गरिएको बहुचर्चित सहमति सोही रणनीतिको 'विशिष्ट' नमुना मात्रै हो। विगतमा पनि ओलीले कहिले घोर दक्षिणपन्थी राप्रपा र कहिले उग्र क्षेत्रीयतावादी समाजवादी फोरमलाई राजनीतिक उपयोगिताअनुरूप प्रयोग गर्दै आएका थिए । सम्भवतः आगामी आमनिर्वाचनसम्म ओली र नेकपाको राजनीतिक प्रयोगको अप्राकृतिक र अस्वाभाविक शृंखला जारी रहनेछ ।

विगत निर्वाचनका बेला सरकारको अलोकप्रिय छवि र विश्वसनीयता कमजोर भएकाले अधिनायकवादको आरोप लगाउँदा कांग्रेस सभापति शेरबहादुर देउवा आफैँ उपहासको पात्र भएका थिए । तर ओली प्रधानमन्त्री भएपछि गरेका विवादास्पद निर्णय, प्रवृत्ति र अभिव्यक्तिको आधारमा विश्लेषण गर्दा सरकार अनुत्तरदायी, अनुदारवादी तथा सर्वसत्तावादी दिशातर्फ उन्मुख भएको छ । लोकतान्त्रिक प्रणालीका मूल्य-मान्यता तथा संविधानको प्रस्तावना र भावनाविपरीत नागरिक तथा मानव अधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, संघीयता, संवैधानिक आयोगसम्बन्धी विवादास्पद कानुन जारी गरिएपछि सरकारको वास्तविक अनुहार पर्दाफास भएको छ । आगामी निर्वाचनको मिति जति नजिकिँदै जानेछ, सरकार त्यति नै अनुत्तरदायी तथा सर्वसत्तावादी हुँदै जानेछ।

> कम्युनिस्टको अन्त्य तथा लोकतन्त्रको विजयोत्सव मनाएको तीन दशक पनि नबित्दै बहुलवादको जननी मानिने अमेरिका, युरोपबाट नै लोकतन्त्रलाई चुनौती सिर्जना भएको निष्कर्ष स्वयं पश्चिमा थिंकट्यांक, विश्वविद्यालय, राजनीतिशास्त्री र प्रेसले निकालेका छन् ।

विगत निर्वाचनमा पराजित भएको राष्ट्रिय सन्दर्भ तथा दक्षिणपन्थी राष्ट्रवाद र लोकप्रियतावादको विश्वव्यापी लहरको अन्तर्राष्ट्रिय परिवेशमा उदार लोकतान्त्रिक मूल्य-मान्यताबाट विचलित भई कांग्रेस 'कन्जरभेटिभ' दिशातर्फ उन्मुख हुन सक्ने सम्भावना कायमै छ । विशेषगरी 'कन्जरभेटिभ' जनमतलाई आकर्षित गर्न धर्म निरपेक्षता र संघीयताबारे स्पष्ट फरक दृष्टिकोण अनुसरण गर्नुपर्ने धार कांग्रेसमा प्रभावशाली हुँदै गएको छ। त्यसैले जिम्मेवार र प्रभावशाली नेताहरूले समेत धर्म निरपेक्षता र संघीयताबारे विवादास्पद अभिव्यक्ति दिँदै आएका छन्। गत वर्ष सम्पन्न महासमिति बैठकको पूर्वसन्ध्यामा धर्म निरपेक्षताको विपक्ष तथा हिन्दु राज्यको पक्षमा करिब ४० प्रतिशत महासमिति सदस्यले हस्ताक्षर गरेको पृष्ठभूमिमा विश्लेषण गर्दा कांग्रेसको लोकप्रियतावादीकरण र दक्षिणपन्थीकरण सम्भावना प्रबल देखिन्छ। सम्भवतः कांग्रेसको आगामी महाधिवेशनमा उक्त बहस र ध्रुवीकरणले ठोस स्वरूप ग्रहण गर्न सक्छ।

सत्तारुढ नेकपा र प्रतिपक्षी कांग्रेस मात्रै होइन, नयाँ र वैकल्पिक भनिएका पार्टीहरू झन् अनुदारवादी, दक्षिणपन्थी र लोकप्रियतावादी छन्। लोकप्रियतावादको आवरणमा पार्टी बनाउने प्रयोगमा असफल भएपछि बाबुराम भट्टराई उपेन्द्र यादवको क्षेत्रीय पार्टीमा विलीन भए। समाजवादी पार्टी अहिले पनि लोकप्रियतावाद र दक्षिणपन्थको फ्युजन हो। साझा र विवेकशील दुवैको लोकप्रियतावादको सहारामा वैतरणी तर्ने प्रयास असफल भयो। राप्रपा र राजपाजस्ता दक्षिणपन्थी दलहरूबारे त बहस गर्ने प्रश्नै भएन। त्यसैले नेपाली राजनीति अहिले तीव्र गतिमा राष्ट्रवाद, लोकप्रियतावाद, अनुदारवादको दिशातर्फ उन्मुख भइरहेको छ।

नेकपा वा कांग्रेस कुनै पनि पार्टीले आगामी निर्वाचनमा विजय हासिल गर्न जुनसुकै दक्षिणपन्थी वा लोकप्रियतावादी एजेन्डाको पनि सहारा लिन सक्छन्, चाहे धर्म निरपेक्षता र संघीयताको विपक्षमा होस् वा हिन्दुत्वको पक्षमा । त्यसैले अन्तर्राष्ट्रिय राजनीतिमा जस्तै लोकप्रियतावाद र दक्षिणपन्थी राष्ट्रवाद नेपाली राजनीतिको प्रमुख चुनौती र पेचिलो मुद्दा हुने सम्भावना प्रबल देखिन्छ । दक्षिणपन्थी राष्ट्रवादी तथा लोकप्रियतावादी मुद्दाले नेपाली राजनीति थप ध्रुवीकृत र विभाजित हुने निश्चित छ । बर्लिनको पर्खाल ढलेको ३० वर्ष भयो तर दक्षिणपन्थी राष्ट्रवाद, लोकप्रियतावाद, आर्थिक असमानता र विभेदका पर्खाल अहिले पनि कायमै छन्। सोभियत संघ विघटन भएको पनि ३० वर्ष भयो तर सर्वसत्तावाद, अधिनायकवाद, अनुदारवाद अझै विघटन भइसकेका छैनन्।

@GejaWagle

हामी देख्छौं
अपार संभावना
किसान मात्र होइन
अब हाम्रो साथमा कृषि उद्यमी
NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

विशेष

शक्तिको आडमा राज्यको दोहन

आङछिरिङ शेर्पा परिवारको नालीबेली

माधव बस्नेत

'...पासाङलाई एउटा प्रतिमूर्ति (इदोल) बनाइयो किनभने ल्हाक्पा सोनाम (उनका पति) र उनका भाइ छिरिङ व्यापारिक मान्छे हुन् । उनीहरू पैसा कमाउने मान्छे हुन् । ....पासाङका श्रीमान्‌ले त अर्को विवाह गरिहाले । त्यो त 'सगरमाथा चढ्ने पहिलो नेपाली महिला' भनेर व्यापार गर्ने तरिका मात्रै हो, त्यसमा कुनै शंका छैन ।' (त्यो नेपाल : फ्रान्सेली अनुभव पृष्ठ १९८)

प्रथम सगरमाथा आरोही एडमन्ड हिलारीको अभिभावकत्व प्राप्त मार्क बातासँग पत्रकार ददि सापकोटाले एक दशकअघि गरेको कुराकानी हो, यो । बाताले सगरमाथा, थामसेर्कु आरोहण गर्नुका साथै दर्जनौं पटक नेपाल भ्रमण गरेका छन् । ल्हाक्पासोनाम र आङछिरिङले बाताकै आर्थिक सहयोगमा ०४२ सालमा थामसेर्कु ट्रेकिङ प्रालि स्थापना गरेका थिए । ०४७ सालमा बाताले नै पासाङल्हामुलाई सगरमाथा आरोहणका लागि आफ्नो टिममा समावेश गरेका थिए । उनले आरोहण गर्न नसक्ने ठम्याएपछि बीचबाटै फर्काइदिए । त्यसअघि ०४२ मा बाताले ल्हाक्पासोनामलाई समेत थामसेर्कु आरोहण गराएका थिए ।

त्यो नेपाल : फ्रान्सेली अनुभव प्रकाशित हुँदा शेर्पा दाजुभाइको व्यवसाय उत्कर्षतिर चढिरहेको थियो । बाताले उल्लिखित आक्षेप लगाउँदा शेर्पा परिवारले कुनै खण्डन गरेन । प्रथम प्रयासको ३ वर्षपछि ०५० वैशाखमा सगरमाथा आरोहण गर्दा पासाङल्हामुको निधन भयो । उनी सगरमाथा आरोही पहिलो नेपाली महिलाको 'रेकर्ड' राख्न भने सफल भइन् ।

पासाङको निधनपछि नेपाल आउने पर्यटक थामसेर्कुबाट 'ट्रेकिङ/माउन्टेनरिङ' गर्न भीड लाग्न थाले । त्यसमाथि पर्वतारोहण क्षेत्रमा स्थापित मार्क बाताले नै नेपाल आउने फ्रान्सेलीलाई थामसेर्कुबाटै ट्रेकिङ गर्ने प्रबन्ध मिलाएका थिए । ०५३ को अन्तिमसम्म आइपुग्दा ल्हाक्पासोनाम/आङछिरिङ रिसोर्ट र एयरलाइन्स स्थापना गर्ने हैसियतमा पुगे । पासाङको निधनपछि ल्हाक्पासोनामले मनाङकी युवती बिहे गरे । ल्हाक्पासोनाम र आङछिरिङ परिवारले व्यापारमा पछि फर्केर हेर्नु परेन ।

१५ फागुन ०७५ मा ताप्लेजुङको पाथिभरामा हेलिकप्टर दुर्घटनामा परेर आङछिरिङको निधन हुँदासम्म थामसेर्कु ट्रेकिङ, यती होलिडेज, यती माउन्टेन होम, यती एडभेन्चर, ब्लुसिप जर्निज, मुस्ताङ रिसोर्ट, इजी फ्लाई ट्राभल, एयर डाइनेस्टी, डाँफे ट्राभल्स, केयर एन्ड डाउनी रिसोर्ट, क्रियटिभ नेपाल, कोरा टुर्स, थामसेर्कु ट्राभल, अल्टिच्युड एयर, एडभेन्चर क्वेस्ट, कसरा रिसोर्ट, थामसेर्कु डेभलपर, नेपाल माउन्टेन लज, लुम्बिनी होक्के होटल, गोकर्ण फरेस्ट रिसोर्ट, ले शेर्पा होटल,

तस्बिरहरू : यतीहोमको वेबसाइटबाट

कोङ्दे हिमालको फेदमा शेर्पा परिवारले बनाएको यती माउन्टेन होम

तारा एयर र हिमालयन एयरलाइन्स गरी २६ वटा कम्पनीका मालिक भइसकेका छन् । यी कम्पनीमा सबैजसो पार्टीका उपल्लो तहका नेतादेखि व्यापारीसम्म साझेदार छन् ।

२६ कम्पनीमध्ये कतिपयका थुप्रै शाखा छन्। जस्तो, यती माउन्टेन होमको लुक्लादेखि कोङदेसम्म आधा दर्जन शाखा छन् । सबै कम्पनीमा गरी शेर्पा परिवारको मात्र करिब ३० अर्ब रुपैयाँ लगानी रहेको पर्यटन क्षेत्रका जानकार अनुमान गर्छन्। सामान्य परिवारका उनीहरू पहिलो ट्रेकिङ कम्पनी स्थापना गरेको ३२/३३ वर्षभित्र कसरी अर्बौंका मालिक बने त ? *नेपाल* प्रतिनिधिले ल्हाक्पासोनाम र आङछिरिङबारे जानकार, उनीहरूसँग 'दोस्ती' गाँसेका एक दर्जनभन्दा बढी अगुवा पर्यटन व्यवसायीसँग भेटघाट/कुराकानी गरेको थियो। शेर्पा दाजुभाइले व्यवसायमा जम्न गरेका प्रयास सुन्दा पत्याउन मुस्किल पर्छ ।

*नेपाल*ले ल्हाक्पासोनाम र आङछिरिङपत्नी चन्दा राईसँग कुराकानीको प्रयत्न गरेको थियो। यती एयरलाइन्सका प्रवक्ता भीमराज राईलाई पटक-पटक फोन र एसएमएस गर्दा पनि उनीहरूसँग कुराकानी हुन सकेन । राई शेर्पा परिवारका विश्वासपात्र हुन्। ०५५ मा हेलिकप्टर दुर्घटनामा निधन भएका तेन्डी र राईबीच मितेरी थियो। ०५४ मा यती एयरलाइन्सको स्थापना भएसँगै राई त्यहीं कार्यरत छन्। पछिल्लो पटक १५ पुस अपराह्न राईले *नेपाल* प्रतिनिधिको फोन उठाएका थिए । उनले भनेका थिए, "म प्रयास त गरूँला । तर उहाँहरू मिडियामा आउनु चाहनुहुन्न ।"

ल्हाक्पासोनामलाई जानकारी दिएर आफैंले फोन गर्छु भनेका राई सम्पर्कमा आउन छाडे। स्रोतका अनुसार राईले मिडियाले लेखेर शेर्पा परिवारको व्यवसायमा केही फरक नपर्ने 'चेतावनी' दिने गरेका छन् ।

भर्खरै हेलिकप्टर दुर्घटनामा आङछिरिङको निधन भएयताको १० महिनामा शेर्पा परिवारभित्र विस्तारै कलहको प्रवेश भएको छ । तर त्यो अहिलेसम्म झिल्कोकै रूपमा छ । स्रोतका अनुसार ल्हाक्पासोनाम र उनका दुई छोरा एकातिर छन् भने आङछिरिङपत्नी चन्दा, उनका दुई छोरा र कान्छा तेन्डीका दुई छोरा अर्कातिर। ल्हाक्पासोनाम र उनका छोराले पेलेको र आर्जन अपारदर्शी बनाएको असन्तुष्टहरूको ठम्याइ छ। निकट स्रोत भन्छ, "अहिल्यै विस्फोट नहोला तर असन्तुष्टि सुरु भएको छ।"

दिवंगत आङछिरिङ शेर्पा

सुरुमा यती एयरलाइन्सको महाप्रबन्धक ल्हाक्पासोनामका छोरालाई तोकिएको थियो। पारिवारिक कलहकै कारण ल्हाक्पासोनामका छोराले जिम्मेवारीबाट पछि हट्नु परेको जानकारहरू बताउँछन् । कतिसम्म भने आङछिरिङ र तेन्डी पुत्रहरूको खुसामदका कारण यतीका कर्मचारी ल्हाक्पासोनामका छोराको विरोधमा उत्रिए र आङछिरिङपत्नी चन्दा राईलाई यतीको प्रमुख बनाइएको छ।

पाङगोमबाट उदय

सोलुखुम्बुको साविक जुभिङ गाउँ विकास समितिको पाङगोममा सामान्य परिवारमा शेर्पा दाजुभाइको जन्म भएको हो। चार दाजुभाइमध्ये जेठा ट्रेकिङमै कार्यरत भए पनि कलिलैमा बिते। ल्हाक्पासोनाम माइला, आङछिरिङ साइँला र तेन्डी कान्छा हुन्। तेन्डीको ०५५ मा हेलिकप्टर दुर्घटनामै निधन भएको थियो ।

काठमाडौं चाबहिलमा शेर्पा दाजुभाइका दिदीभिनाजु आङदाली र आङकामीले 'शेर्पा सोसाइटी ट्रेकिङ एन्ड माउन्टेनियरिङ प्रालि' खोलेका थिए । सुरुआती दिनमा दिदीको कम्पनीमा तीनै दाजुभाइ पोर्टर थिए। केही वर्ष काम गरेपछि दिदी आङदालीसँग झगडा गरेर ल्हाक्पासोनाम बाहिरिए। त्यसको केही वर्षपछि आङछिरिङले पनि उसैगरी दिदीको कम्पनी त्यागे । र, दरबारमार्गस्थित ट्रान्स हिमालयन एन्ड टुर्समा काम गरे । दुई दाजु निस्किएको केही वर्षसम्म तेन्डी दिदीकै कम्पनीमा कार्यरत थिए । तर उनी बाहिरिँदा भने घटनाले ठूलै रूप लियो ।

जानकारका अनुसार दाजुहरूकै निर्देशनमा तेन्डीले दिदी र उनका परिवारका सदस्य नभएको मौका छोपेर ट्रेकिङ कम्पनीका सम्पूर्ण सामग्री उठाए । आफैंले संरक्षण गरेका भाइहरूले सडकमा ल्याइदिएपछि दिदी दुःखी त हुने नै भइन्, उनले तत्कालीन जिल्ला प्रहरी कार्यालय हनुमानढोकामा उजुरीसमेत गरिन् । प्रहरीले तीनै दाजुभाइलाई बोलाएर केरकार गर्‍यो । केही सामग्री फिर्ता गरे तर दिदीभाइको थुप्रै वर्ष बोलचाल भएन । त्यसपछि आङदाली चाबहिलको घर बेचेर कपन तीनचुली सरिन्। भिनाजु बिते ।

आङदालीका छोरा नुर्बु नेपाल वायुसेवा निगमभित्र दक्ष पाइलट मानिन्छन्। स्रोतका अनुसार उनीहरूले भान्जालाई त्यहाँबाट निकाल्न ठूलै मिहिनेत गरे पनि सफल भएनन्। यसपछि पटक-पटक सम्बन्ध विस्तारको प्रयास गरे पनि भान्जासित अझै बोलचाल छैन ।

शेर्पा परिवारले थप चम्कने मौकाचाहिँ ०५३ मा लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री बनेपछि पायो । राप्रपाकै गठबन्धनमा बनेको शेरबहादुर देउवा नेतृत्वको सरकार ढालेर चन्द नेतृत्वमा नयाँ सरकार बनेको थियो । यो खेलका 'डिजाइनर' सोलुखुम्बुमै जन्मथलो भएका राप्रपा नेता सोनामछिरिङ शेर्पा थिए ।

त्यसअघि देउवा नेतृत्वको सरकारबाट एयरलाइन्स खोल्ने 'लाइसेन्स' लिन आङछिरिङ, ल्हाक्पासोनामले ठूलै दौडधुप गरे पनि पाउन सकेका थिएनन् । त्यसैले चन्द सरकारबाट लाइसेन्स पाउन उनीहरूले वैशाली होटलको सम्पूर्ण खर्च बेहोरेका थिए । राजनीतिज्ञ शेर्पा चन्द सरकार बनाउन आफ्नो महत्त्वपूर्ण भूमिका रहेको र वैशाली होटलमा भएको सबै खर्च आङछिरिङ परिवारले नै तिरेको स्वीकार्छन् । स्रोतका अनुसार शेर्पा परिवारले वैशाली होटलमा ३५ लाख रुपैयाँ तिरेको थियो ।

सोनामछिरिङकै पहलमा प्रधानमन्त्री चन्द, उपप्रधानमन्त्री वामदेव गौतमले निर्देशन दिएपछि पर्यटन तथा नागरिक उड्डयनमन्त्री बनेका सलिम मिया अन्सारीले शेर्पा परिवारलाई एयरलाइन्सको लाइसेन्स दिए । सोनामछिरिङ शेर्पा भन्छन्, "ल्हाक्पासोनाम, आङछिरिङ परिवारलाई एयरलाइन्सको लाइसेन्स दिने पहल मैले नै गरेको हुँ ।"

राजनीतिक 'लबी'

०५३ को अन्त्यमा चन्द सरकार बन्नुअघिसम्म शेर्पा परिवार राप्रपामा थियो । ०५१ को निर्वाचनमा यो परिवारले सहयोग गरे पनि सोनामछिरिङ शेर्पा थोरै मतले मात्र पराजित भए। एयरलाइन्सको लाइसेन्स प्राप्त गरेपछि

भने शेर्पा परिवार एमालेमा वामदेव गौतम निकट हुँदै केपी ओलीको विश्वासपात्र बन्न सफल भयो । नवौं महाधिवेशनको चन्दा प्रकरणपछि माधवकुमार नेपालले 'हेरौं न, ओलीले यिनीहरूलाई कति दिन बोक्दा रहेछन्' सम्म भनेको स्रोतको भनाइ छ ।

०५४ को स्थानीय निर्वाचनमा तेन्डी एमालेबाट जुभिङ गाविसको वडा सदस्य जितेर तत्कालीन २ नम्बर इलाकाको प्रतिनिधित्व गर्दै जिल्ला विकास समितिको सदस्य भए । अर्को वर्ष दुर्घटनामा बितिहाले । ०५८ तिर शेर्पा परिवार बलबहादुर केसी र देउवासँग पनि टाँसिन पुग्यो । दुई उदाहरण पढौं ।

पहिलो घटना- ०५८ को सुरुआतमै यती एयरलाइन्सको एक जहाज दुर्घटनामा परेपछि नागरिक उड्डयन प्राधिकरणले सूक्ष्म निरीक्षण गरी उडान भर्न नपाउने भनी 'ग्राउन्डेड' गरिदिएको थियो । कांग्रेस सोलुखुम्बुका पूर्वसभापति आङगेलु शेर्पाका अनुसार यती एयरलाइन्सले 'ग्राउन्डेड' जहाजको बिमा सबै असुलेको र अन्तिममा त्यही जहाजलाई रङरोगन गरेर यात्रु बोक्न थालेको भेद खुल्यो ।

संसारभरको प्रचलित मान्यता यस्तो अवस्थामा लाइसेन्स खारेज र ठूलो जरिवाना हुन्छ । यती एयरलाइन्सको लाइसेन्स खारेज मात्र होइन, जरिवाना पनि ठूलै हुने भयो । अनि, शेर्पा परिवार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सोलुकै बलबहादुर केसीको शरणमा पुग्यो । र, मन्त्री केसी र प्रधानमन्त्री देउवालाई रिझाएर 'अबउप्रान्त उडान भर्न नपाउने' मात्र निर्णय गराउन सफल भयो । उनीहरूले जरिवानासमेत तिर्नु परेन । त्यसबेला नागरिक उड्डयन प्राधिकरणका प्रमुखले उनीहरूलाई त्यत्तिकै उन्मुक्ति दिन नहुने अडान राखेका थिए । शेर्पा भन्छन्, "नागरिक उड्डयन प्राधिकरणका डिजीलाई नै त्यहाँबाट हटाइयो ।"

दोस्रो घटना- ७/८ वर्षयता शेर्पा परिवार हिमचुलीहरू आफूले भाडामा लिएर पर्वतारोहीलाई आरोहण गराउने ठेक्का लिने अथक प्रयासमा छ । यस्तो अभ्यास हिमचुली भएका फ्रान्सबाहेक सबै देशले प्रतिबन्ध लगाएका छन् । नेपालका हिमचुली आफूले भाडामा लिने 'मिसन' अन्तर्गत आङछिरिङले सन् ०१४ को फेब्रुअरी/मार्चमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा कार्यरत समूहलाई फ्रान्स घुमाउन लगे । त्यहाँबाट फर्किएपछि मन्त्रालयका कर्मचारीले हिमचुलीहरू निजी क्षेत्रलाई भाडामा दिने प्रस्ताव अघि बढाए पनि एउटा उल्झन देखियो । नेपाल सरकारले ऐनमै व्यवस्था गरेर ३३ वटा हिमचुली (उचाइ बढी निर्धारण गरिएकाले हाल २७ वटा) नेपाल पर्वतारोहण संघ (एनएमए) लाई दिएकाले आरोहण अनुमति उसैसँगै लिनुपर्छ ।

शेर्पा परिवारको स्वामित्वका केही कम्पनी

- THAMSERKU
- KER & DOWNEY NEPAL
- GOKARNA FOREST RESORT
- AIR DYNASTY
- Yeti Adventure
- Tara Air
- KORA TOUR
- Yeti Mountain Home
- Yeti Holidays
- Yeti Airlines
- KASARA chitwan

हिमचुलीहरू एउटै निकायसँग भए मात्र भाडामा दिन मिल्ने सरकारी प्रावधान छ । तर धेरैजसो हिमचुली नेपाल सरकार र केही एनएमएसँग गरी दुइटा निकायसँग थिए । त्यसैले प्रस्ताव अघि बढ्न सकेन । एनएमएका पूर्वअध्यक्ष आङछिरिङ शेर्पा (पर्यटन क्षेत्रमा स्थापित व्यक्तित्व) का अनुसार त्यसपछि ल्हाक्पासोनाम दाजुभाइले संसद्को लेखा समितिमा एनएमएबाट हिमचुलीहरू खोसी पाऊँ भनी निवेदन दिए । जनार्दन शर्मा नेतृत्वको लेखा समितिले एनएमएजस्तो देश/विदेशमा स्थापित संस्थाबाट हिमचुलीहरू खोस्न नहुने निर्णय गर्‍यो ।

लेखा समिति आफ्नो पक्षमा नदेखिएपछि शेर्पा परिवार त्यही माग लिएर अर्थ समितिमा पुग्यो । अर्थ समितिले पनि लेखाकै निर्णय सदर गरिदियो । दुइटा समितिबाट पार नलागेपछि संसद्कै अन्तर्राष्ट्रिय श्रम तथा सम्बन्ध समितिमा धायो । उक्त समितिका सभापति प्रभु साह ढलपल भइसकेका थिए । तर हाल प्रधानमन्त्रीका विदेश सल्लाहकार राजन भट्टराई, पेम्बा लामा, विराज विष्टलगायत विपक्षमा उभिए ।

त्यहाँबाट पनि आफू अनुकूल निर्णय गराउन नसकेपछि शेर्पा परिवारले अधिवक्ता दीपकविक्रम मिश्रलाई अघि सारेर एनएमएबाट हिमचुली खोसी पाऊँ भन्दै सर्वोच्च अदालतमा मुद्दा दायर गर्‍यो । वकालतका लागि उनीहरूले १४ जना अधिवक्ता राखेका थिए । तर अदालतबाट पनि पार नलाग्ने सुइँको पाएपछि मन्त्रिपरिषद्तिरै फर्किए । किनभने त्यसबेलासम्म उनीहरू पासाङल्हामु प्रतिष्ठानका अध्यक्ष रहेका आफ्ना विश्वासपात्र कृपासुर शेर्पालाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बनाउन सफल भइसकेका थिए । सुशील कोइराला नेतृत्वको सरकारको अन्तिम मन्त्रिपरिषद् बैठकले मन्त्री शेर्पाको प्रस्तावअनुसार एनएमएलाई दिएका सबै हिमचुलीहरू खोस्ने निर्णय गर्‍यो । कोइराला मन्त्रिपरिषद्ले निर्णय गरेको दुई दिनपछि केपी ओली प्रधानमन्त्री बने । प्रधानमन्त्री ओलीलाई भेट्न एनएमए अध्यक्ष आङछिरिङ शेर्पा, सांसदसमेत रहेका एनएमएका सदस्य गणेश गुरुङ र एमालेकै नेता राजेन्द्रमान श्रेष्ठ बालुवाटार पुगे । तीन घन्टाभन्दा लामो पर्खाएका ओलीलाई उनीहरूले सरकारले निर्णय फिर्ता नलिए अदालतको शरणमा जान बाध्य हुने चेतावनी दिए । त्यतिबेला ओलीको जवाफ स्मरण गर्दै एनएमएका पूर्वअध्यक्ष शेर्पा भन्छन्, "प्रधानमन्त्री ओलीले पर्वतारोहण संघ नामको एउटा एनजीओलाई राजस्व उठाउने अधिकार दिनुहुन्न । एउटा एनजीओले सरकारसँग निहुँ खोज्ने ? यस्ता एनजीओ ३२ हजार छन् भन्नुभयो ।"

उनीहरू ओलीसँग बिदा भएर एनएमएको कार्यालय पुगेका मात्र के थिए र एउटा फोन आयो । फोन गर्नेले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यरत सचिव हुँ भन्दै 'तपाईंहरू न्यायालय नजानूस् । नत्र राज्यसँग तपाईंहरूको चलअचल सम्पत्ति खोस्नेसमेत अधिकार छ' भनेका थिए । त्यसपछि उनीहरू संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री आनन्द पोखरेलकहाँ समेत पुगे । पोखरेलबाट पनि ओलीकै जस्तो जवाफ पाए । ओलीको भित्री नियत शेर्पा परिवारको निजी प्रालिलाई हिमचुली आरोहणको अनुमति दिनु थियो ।

अन्ततः एनएमए सर्वोच्च अदालतको ढोका ढक्ढक्याउन पुग्यो । फैसला उनीहरूकै पक्षमा आयो । त्यसपछि शेर्पा परिवारकै प्रभावमा सरकारले ऐन संशोधनको मस्यौदा तयार पार्‍यो पनि । तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीले त्यो विधेयक

'नेपालका लागि नेपाली अभियान' लगायतको विरोधका कारण संसद्मा पेस गर्न सकेनन् । आङछिरिङसँगै मन्त्री अधिकारीसमेत दुर्घटनामा परे । तर ल्हाक्पासोनाम र आङछिरिङका छोराहरूको प्रयास भने जारी छ ।

स्रोतका अनुसार दिदीलाई धोका दिएर ०४२ मा थामसेर्कु ट्रेकिङ स्थापना गर्दा शेर्पा दाजुभाइले राष्ट्रिय पञ्चायतका अध्यक्ष मरिचमान सिंह श्रेष्ठमार्फत रकम खोजेर लगानी गरेका थिए । मरिचमानको प्रतिनिधिका रूपमा उर्मिला श्रेष्ठ टिममा थिइन् । अर्को वर्ष मरिचमान नै प्रधानमन्त्री भए । ०४६ पछि शेर्पा दाजुभाइले मरिचमानलाई रकम फिर्ता नगरेको स्रोतहरू बताउँछन् । मरिचमानले अन्तिम दिनसम्म शेर्पा दाजुभाइप्रति दुखेसो पोखिरहने गरेको जानकारको भनाइ छ ।

शेर्पा परिवारका 'मास्टर माइन्ड' भने ताप्लेजुङ दुर्घटनामा ज्यान गुमाउने आङछिरिङ नै भएको *नेपाल*ले सम्पर्क गरेका सबैको मत छ । आङछिरिङ आफूलाई लागेको कुरा फ्याट्टफुट्ट भन्ने पनि गर्थे । तर ल्हाक्पासोनाम भने बोल्दैनन् । उनले छायामा बसेर आफ्ना प्रतिस्पर्धीहरू तह लगाउने भित्रभित्रै योजना बनाउने भुक्तभोगीको अनुभव छ ।

उसो त शेर्पा परिवारले जहाँ-जहाँ हात हालेको छ, विवाद नभएको स्थान एउटा पनि छैन । जस्तो, फ्रान्सेली पाइलट दिदिए देलसालले त्यही निर्मित एकुरोई बी-३ हेलिकप्टर सगरमाथाको चुचुरोमा अवतरण गराए, २२ वैशाख ०६२ मा । उनलाई सगरमाथाको चुचुरोमा हेलिकप्टर टेकाउने अनुमति ल्हाक्पासोनाम शेर्पाले नै मिलाएका थिए । देलसालले भनेकै छन्, '...अनुमति लिनका लागि मलाई थामसेर्कु ट्रेकिङका ल्हाक्पासोनाम शेर्पाले खुब सहयोग गरे । राष्ट्रिय निकुञ्ज प्रवेश गर्ने अनुमति नै माग्नु नपरेको देखेर म पनि छक्क परेँ ।' (*त्यो नेपाल : फ्रान्सेली अनुभव*, पृष्ठ २१९)

देलसालले सगरमाथाको चुचुरोमा हेलिकप्टर अवतरण गराएको विषय पछि धेरै ठूलो विवादमा आयो । नेपाल सरकारले अहिलेसम्म त्यसलाई मान्यता दिएको छैन । तर देलसालले 'गिनिजबुक अफ द वर्ल्ड रेकर्ड' मा आफ्नो नाम दर्ज गराएका छन् । उनी थप्छन्, 'फर्किने अनुमति लिने बेला नागरिक उड्डयन प्राधिकरणले भन्यो, तपाईंले नेपाली कानुन उल्लंघन गर्नुभएको छ । सगरमाथाको चुचुरोमा हेलिकोप्टर टेकाउने अधिकार तपाईंलाई थिएन । ...उनीहरूले लुक्लाबाट माथि सगरमाथासम्म अवतरण गराउन नपाइने निषेधित राष्ट्रिय निकुञ्ज क्षेत्र हो भने ।...ल्हाक्पासोनाम शेर्पाले सक्नेजति सबै सहयोग गरे, उनी पनि सफल भएनन् ।' (उही, पृष्ठ २२७) निकुञ्ज कानुनअनुसार कोङदेमा बनाएको रिसोर्टमा समेत हेलिकप्टर लैजान पाइँदैन । तर सत्तासँगको पहुँचले ल्हाक्पासोनामहरूलाई बेरोकटोक छ ।

०६८/६९ मा शेर्पा दाजुभाइले जिल्ला विकास समितिको सर्वदलीय बैठकमा सगरमाथाको बेसक्याम्पमा पुग्ने 'ट्रेकिङ रुट' नै परिवर्तन गर्ने प्रस्ताव ल्याएका थिए । टाकसिन्धु गुम्बाबाट नुनथला, फुलेली, जुभिङ, खरिखोला, खार्ते, पैयाँ, सुर्के, चौँरीखर्क, लुक्ला, घाट, फाकदिङ, जोरसल्ले, नाम्चे, थामे हुँदै बेसक्याम्प पुग्ने पदमार्ग छ । तर शेर्पा दाजुभाइले टाकसिन्धुबाट यावा, ताते, कोङदे, थामे, रञ्जुला पास हुँदै बेसक्याम्प पुग्ने पदमार्ग बनाउन चाहेका थिए । यो पदमार्ग कायम भए टाकसिन्धुभन्दा माथि तातेमा बाहेक सबै सरकारी जग्गा पर्थ्यो । तातेका ६/७ घर शेर्पाहरूको निजी जग्गा उनीहरूले खरिद गर्ने तयारी गरेका थिए । नुनथलादेखि थामेसम्मका १० हजारभन्दा बढी व्यवसायीको रोजीरोटी खोस्न नहुने भन्दै कांग्रेसका तत्कालीन आङगेलु शेर्पाले यस्तो प्रस्ताव पारित हुन दिएनन् । भन्छन्, "यसपछि ल्हाक्पासोनाम र आङछिरिङ मसँग रुष्ट भए ।"

१२ र १३ वैशाख ०७२ को भूकम्पमा सगरमाथामा मात्र झन्डै तीन दर्जन नागरिक बेपत्ता भएका थिए । आङगेलुकै शब्दमा सरकारले संकलन गरेको तथ्यांकअनुसार क्षतिको हिसाबले सोलुखुम्बु ११ औँ जिल्लामा पर्थ्यो । तर शेर्पा परिवारले नै 'क्षतिग्रस्त जिल्ला घोषणा गरिए पर्यटक आउँदैनन्, जसले राज्यलाई घाटा पर्छ' भन्ने बहाना बनाएर सोलुलाई क्षतिग्रस्त जिल्लामा पारिएन । रोचक के भने रामेछाप र ओखलढुंगा क्षतिग्रस्त जिल्लामा परेका थिए । तर यी दुई जिल्लाकै बीचमा रहेको सोलुलाई छुट्याइएको थियो । अन्तर्राष्ट्रिय विमानस्थल भएको काठमाडौँ नै क्षतिग्रस्त जिल्लाको सूचीमा भएकाले सोलुलाई मात्र छुट्याउनुको कुनै अर्थ थिएन । तर शेर्पा दाजुभाइको स्वार्थअघि सबै नतमस्तक भए । ट्रेकिङ एजेन्सी आफ्नै, हेलिकप्टर/हवाईजहाज आफ्नै र होटल पनि आफ्नै भएकाले सोलु पर्यटनमा शेर्पा परिवारको एकलौटी छ ।

शेर्पा परिवारले केबुलकार सञ्चालन गर्ने तयारी गरेको ताप्लेजुङको पाथिभरामा पनि विवाद छ । त्यहाँ नगरपालिकाले अनुमति नै दिएको छैन । सोलुको कोङदेमा स्थापना गरिएको होटलको जग्गा फर्जी गरेको प्रमाणित भइसकेको छ । नेपाल ट्रस्टअन्तर्गतका जग्गा गोकर्ण रिसोर्ट, दरबारमार्गको जग्गाको विवाद सतहमै छ । लुम्बिनीका होटल पनि विवादमै छन् । शाही शासनकालका बेला ०६० चैतमा धरानको घोपामा विमानस्थल बनाउने भन्दै शेर्पा परिवारले सर्वसाधारणबाट सस्तो मूल्यमा ७ बिघा ३ कठ्ठा ५ धुर जग्गा २८ देखि ४० हजार कठ्ठाका दरले खरिद गरेका थिए । निजी क्षेत्रले विमानस्थल बनाउन पाउँदैन । त्यसैले उनीहरूले ०७३ मा नागरिक उड्डयन प्राधिकरणलाई प्रतिकठ्ठा ३० लाखका दरले बिक्री गर्ने तयारी गरेका थिए । आफू अनुकूल निर्णय भएन भने उनीहरू कसरीसम्म बदला लिन्छन् ? धरानको जग्गा प्रकरण एउटा प्रतिनिधि उदाहरण हो ।

त्यसबेला संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रहेका आनन्दप्रसाद पोखरेलले शेर्पा परिवारले सस्तो मूल्यमा लिएको जग्गा महँगोमा बेचेर ठूलो मात्रामा 'कमिसन' खान खोजेको भेउ पाएपछि प्राधिकरणलाई खरिद गर्ने अनुमति दिएनन् । ०७४ को निर्वाचनमा

दरबारमार्गस्थित नेपाल ट्रस्टको जग्गामा शेर्पा परिवारले बनाउँदै गरेको भवन

कविन अधिकारी

पोखरेलले दोलखाबाट टिकट नै पाएनन् । स्रोतका अनुसार आङछिरिङले उनलाई फोन गरेर 'पोखरेलजी थाहा पाउनुभयो नि' भनेका थिए । पोखरेल भने आङछिरिङ नै मरिसकेकाले यसबारे टिप्पणी नगर्ने बताउँछन् ।

कोङ्दे काण्ड

छोटो समय सगरमाथा आरोहण गरेर 'गिनिज बुक अफ द वर्ल्ड रेकर्ड' मा नाम दर्ज गराएका काजी शेर्पाले पनि थामसेर्कुबाट ट्रेकिङ गराएका थिए । नेपाल पर्वतारोहण संघको निर्वाचन हुँदा पनि काजी आङछिरिङसँगै थिए । कोङ्दे हिमालको फेदीमा शेर्पा दाजुभाइले रिसोर्ट सञ्चालन गरेको जग्गा वैधानिक भएको भन्दै उनले स्थानीय र शासन आफ्नो हातमा लिएका बेला राजा ज्ञानेन्द्रसमक्ष समेत पैरवी गरेका थिए । त्यसबेला काजी दुर्गम क्षेत्र विकास समिति सदस्य थिए । जग्गा लिँदा ठूलो बेइमानी भएको जानकारी पाएपछि भने उनी विगतमा पैरवी गरेकोमा पश्चात्ताप मान्छन् । अमेरिका पुगेका बेला काजीले आङछिरिङहरूले सरकारी जग्गा गलत तरिकाबाट आफूहरूको स्वामित्वमा लिएको तथ्य बुझेका थिए । अमेरिकामा रहेका आङमायाका भाइले दिदीलाई समेत जानकारी नै नदिई आङछिरिङहरूले 'डमी' खडा गरेको भेद खोलेका थिए, जुन कुरा आङमायाले अख्तियार दुरुपयोग अनुन्धान आयोगसमक्ष पनि स्वीकारेकी छन् ।



^ शेर्पा परिवारले नेपाल ट्रस्टबाट भाडामा लिएको गोकर्ण फरेस्ट रिसोर्ट

खरिखोलाकी आङमाया शेर्पाका नाममा दाइजो दिएको भनी सुरुमा 'डमी' खडा गरिएको थियो । खासमा सरकारी जग्गा शेर्पाहरूले चौँरीपालन खर्कका रूपमा प्रयोग गर्थे । आङमायाका बाबु छेतरी शेर्पा त्यस क्षेत्रका तालुकदार थिए । त्यसैले आङछिरिङ दाजुभाइले ठूलै बुद्धि प्रयोग गरी बाबुले आङमायालाई दाइजो दिएको देखाएर सुरुमा उनका नाममा लालपुर्जा बनाइएको थियो ।

काजीका अनुसार आङमायाको लालपुर्जामा उनले बच्चा बोकेको फोटो टाँसिएको छ । "आफूबाहेक अरू कसैको हित नचाहने देखेपछि उहाँहरूसँग सम्बन्ध तोडेँ", काजी भन्छन्, "नेपाल पर्वतारोहण संघमा रहेका हिमचुलीसमेत व्यक्तिका नाममा लैजानु खोज्नुभन्दा ठूलो स्वार्थ के होला ? हिमाल जोगाउनुपर्छ र राज्यस्रोतको दुरुपयोग गर्नुहुन्न भन्ने मेरो मान्यता हो ।"

स्रोतका अनुसार सोलुकै तिङला, घुन्साका अमिनकुमार बस्नेत र सल्यानका अमिन टंक निरौलाले आङछिरिङ परिवारको स्वामित्वमा जग्गा पुर्‍याउन नापचाँज गरी जिल्ला मालपोत कार्यालयलाई लालपुर्जाका लागि सिफारिस गरेका थिए । त्यसबेला उनीहरू नापी कार्यालय सोलुमा कार्यरत थिए । ८ मंसिर ०५८ मा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बलबहादुर केसी, आङछिरिङ शेर्पा र अन्य दुई जना हेलिकप्टरमा फाप्लु उत्रिए र अमिनद्वय कुमार र टंकलाई हेलिकप्टरमै राखेर कोङ्दे पुगे ।

०५० को नापीअनुसार कोङ्देमा अढाई रोपनी जग्गा मूलाबारी उल्लेख गरी व्यक्तिको नाममा थियो । बाँकी जग्गा श्री ५ को सरकार भनी नापी नक्सामा जनाइएको थियो । त्यही अढाई रोपनी व्यक्तिको जग्गामा टेकेर अमिनद्वयले ५० रोपनी सरकारी जग्गा व्यक्तिका नाममा सिफारिस गरेका थिए । कोङ्देबाट बेलुकी मन्त्री केसी, आङछिरिङ, अमिनद्वय फाप्लु फर्किएर सल्लेरीमा बसे । ९ मंसिर बिहानै मन्त्री केसी, आङछिरिङ काठमाडौं फर्किए । त्यसैले १० मंसिरमा त्यो जग्गा पास गरिएकै होइन ।

अमिनद्वयको सिफारिसमा टेकेर मालपोत कार्यालय सोलुखुम्बुमा कार्यरत खोटाङका खरिदार तेजनाथ पौडेलले शेर्पा परिवारको नाममा लालपुर्जा बनाएर दिएका थिए । पौडेलले लुक्लाकी शेर्पा युवतीसँग दोस्रो बिहे गरेका छन् । उनले नाम्चेमा घर जोडेका छन् भने हाल काठमाडौं कपनमा घर बनाएर बसेका छन् । बस्नेतले पनि सदरमुकाम सल्लेरी र काठमाडौं काँडाघारीमा घर बनाएका छन् ।

स्रोतका अनुसार चाबहिलमा बसेर कोङ्देको जग्गाको लालपुर्जा बनाइएको थियो । मालपोत कार्यालयका कागजात जले पनि पौडेलको कोठामा केही कागजपत्र रहेछन् । तिनै कागजपत्र प्रयोग गरी लालपुर्जा बनाइएको स्रोतको दाबी छ । बस्नेत, निरौला र पौडेल तीनै जना सेवानिवृत्त भइसकेका छन् । रोचक के भने सोलुखुम्बु जुवुका गोपाल गिरी दुर्गम क्षेत्र विकास कोषका सदस्य भएका बेला माओवादी नेताहरू प्रयोग गरी शेर्पा परिवारले सरकारी बजेट छुट्याउन लगाएर थामेबाट कोङ्दे पुग्ने गोरेटो बाटो खनाएको थिए ताकि त्यसलाई वैधानिकता दिन सकियोस् । त्यसअघि त्यहाँ पुग्ने गोरेटो बाटोसमेत थिएन ।

नेपाल पर्वतारोहण संघको कोषाध्यक्ष भएका बेला आङकाजी शेर्पाले मासिक तलब लिएर ल्हाक्पासोनाम र आङछिरिङको धन्दाबारे थुप्रै प्रमाण संकलन गरेका थिए । त्यसबेला नेपाल पर्वतारोहण संघ र शेर्पा परिवारबीच हिमचुलीका विषयमा ठूलो बखेडा थियो । पछि आङछिरिङका छोराले आङकाजीको मामाको छोरी विवाह गरे । यसपछि आङकाजी मौन छन् ।

आङकाजीले *नेपाल* प्रतिनिधिलाई ९ पुस बिहानै बौद्ध पीपलबोट नजिकै रहेको आफ्नै निवास बोलाएका थिए । त्यहाँ पुग्दा शेर्पा सोलुकै मंगलसिं तामाङसँग चिया पिइरहेका थिए । बाध्यताका कारण आफू धेरै नबोल्ने उनी बताउँछन् । "तर यतिचाहिँ हो कि शेर्पाहरूले देवता मान्ने हिमाल र भूमिमाथि ल्हाक्पासोनामहरूले अनावश्यक आँखा गाडे", उनी भन्छन्, "यसले तपाईंहरूलाई शुभ हुँदैन भन्ने खबर मैले ल्हाक्पासोनामको कानमा पुग्ने गरी पठाइदिएको छु । म योभन्दा बढी बोल्दिनँ ।"

सोलु कांग्रेसका पूर्वसभापति आङगेलु शेर्पा यतीवालाहरू र सरकार चलाउनेहरूको प्रवृत्ति मिल्ने भएकाले निर्लज्ज घटना भइरहेको बताउँछन् । "एउटासँग नैतिकता छैन, अर्कोसँग सिद्धान्त छैन", शेर्पा भन्छन्, "नैतिकताविहीन व्यवसायी र सिद्धान्तहीन नेता/सरकारको जम्काभेट हो, ल्हाक्पासोनाम/आङछिरिङ काण्ड ।" ने

मुख्यमन्त्रीको गुहार

आफू अनुकूल प्रदेश राजधानी तोक्न प्रदेशसभाको क्षेत्राधिकारमाथि पार्टी हस्तक्षेप आमन्त्रण

जनक नेपाल

प्रदेश ५ का मुख्यमन्त्री एवं पार्टी इन्चार्जसमेत रहेका शंकर पोखरेलले २ पुसको स्थायी कमिटी बैठकमा लिखित रूपमै प्रदेशको नाम र राजधानी पार्टीको शीर्ष नेतृत्व तहले निर्णय गर्नुपर्ने प्रस्ताव गरे । प्रदेश ३ का मुख्यमन्त्री डोरमणि पौडेलले पनि उसैगरी राजधानीको विवाद टुंग्याइदिन आग्रह गरे । १३ पुसको नेकपा सचिवालय बैठकले प्रदेश ३ को नाम बाग्मती र राजधानी हेटौँडा राख्ने निर्णय गरेपछि मुख्यमन्त्री पौडेल प्रदेशसभाबाट वैधानिकता दिन हतारिएका छन् ।

प्रदेश ३ को राजधानी काभ्रेमा सार्ने कि हेटौँडामै रहन दिने भन्नेमा सुरुदेखि नै विवाद थियो । प्रदेश राजधानी हेटौँडाबाट सर्ने धेरै सांसदको सुरुदेखिकै आकलन थियो । त्यसैले हेटौँडामा डेरा लिने सांसद नै नगन्य छन् । प्रदेशको नाम नेपाल मण्डल, नेवाः ताम्सालिङ र बाग्मतीमध्ये के राख्ने भन्नेमा प्रदेशसभा सदस्य विभाजित छन् ।

सचिवालयको निर्णय कार्यान्वयन गराउन १५ पुसमा अध्यक्षद्वय केपी ओली र पुष्पकमल दाहाल तथा महासचिव विष्णु पौडेलले प्रदेश ३ का इन्चार्ज अष्टलक्ष्मी शाक्य, सहइन्चार्ज हितमान शाक्य, प्रदेश अध्यक्ष नारायण दाहाल र सचिव आनन्द पोखरेललाई बालुवाटार बोलाएर हेटौँडा राजधानी तोक्नुपर्ने कारण बताएका थिए । 'म आजसम्म पार्टीका कुनै निर्णयको विपक्षमा गएकी छैन । मन परे पनि नपरे पनि मानेकी छु । यो निर्णय भने मान्दिनँ,' अध्यक्षद्वय ओली र दाहाललाई इन्चार्ज शाक्यले भनेकी थिइन्, 'पार्टी निर्णयमा मेरो सहमति छैन, कार्यान्वयन गराउन सक्दिनँ ।'

शाक्य शीर्ष नेतृत्वले संविधान नहेरेरै अपरिपक्व र अव्यावहारिक निर्णय गरेकाले आफूले कार्यान्वयन गराउन नसक्ने जानकारी गराएको बताउँछिन् । अध्यक्ष दाहालले राजधानी सार्दा धेरै नयाँ संरचना खडा गर्नुपर्ने र स्थानीयको आन्दोलनको सामना गर्नुपर्ने स्थिति सम्झाउँदै फास्टट्र्याक बन्द गरेको र सुरुङ मार्ग अघि बढिसकेकाले हेटौँडा धेरै टाढा नहुने तर्क गरेका थिए ।

शीर्ष नेतृत्वले निर्णय गर्नुअघि प्रदेश कमिटीसँग सल्लाहसमेत नगरेकामा शाक्यको चित्त दुखाइ छ । "संविधानले प्रदेशलाई दिएको अधिकारमा हस्तक्षेप गर्न मिल्दैन । प्रदेश कमिटीसँग सल्लाह नगरेरै गरिएको निर्देशन पालना हुँदैन," उनी भन्छिन् । पछिल्लो विवादले प्रदेश इन्चार्ज शाक्य र मुख्यमन्त्री पौडेललाई फेरि एक पटक आमनेसामने बनाउनेछ ।

संघीयताविद् चन्द्रकान्त ज्ञवाली संविधानले नै प्रदेशलाई हस्तान्तरण गरेको अधिकारमा पार्टीको केन्द्रीय तहले निर्देशित गर्न नमिल्ने बताउँछन् । भन्छन्, "पार्टी केन्द्रले संघीय संसद्को हकमा निर्णय गर्न सक्छ, निर्देशन दिन सक्छ । तर प्रदेशको निर्णय त्यहाँको संसदीय दलले गर्ने हो ।"

प्रदेश ५ का मुख्यमन्त्री पोखरेलले चुनावताका भनेका थिए, 'बुटवल-भैरहवा पर्यटकीय, नेपालगन्ज औद्योगिक र दाङ प्रादेशिक राजधानी ।' तर सांसदहरू भेगीय रूपमा विभाजित हुँदा पार्टी केन्द्रको निर्णयबिना बुटवलबाट राजधानी दायाँबायाँ हुने सम्भावना नदेखेरै पोखरेलले पार्टी नेतृत्व गुहारेको बुझ्न कठिन छैन ।

स्थायी कमिटी बैठकमा उनले प्रदेशको नाम र राजधानीको विषय प्रदेशसभाको क्षेत्राधिकार भए पनि यो आम रूपमा राजनीतिक रहेको भन्दै पार्टीको शीर्ष नेतृत्व तहबाट तलको जनभावना बुझेर उपयुक्त निर्देशन दिनु उचित हुने राय व्यक्त गरेका थिए । संघीयताविद् ज्ञवाली भन्छन्, "सबै केन्द्रले गर्ने भए प्रदेश पार्टी, संसदीय दल र प्रदेशसभा किन चाहियो ?"

प्रदेश ४, ६ र ७ ले धेरै अघि नै गण्डकी, कर्णाली र सुदूरपश्चिम नाम पाइसकेका छन् । अस्थायी राजधानीलाई नै स्थायी बनाए । प्रदेश १ को राजधानी विराटनगर तोकिए पनि नाम सगरमाथा, कोसी वा किराँत के राख्ने भन्ने विवाद छ । प्रदेश २ को नाममा मिथिला, मिथिला-भोजपुरा, मधेस वा जानकीको विवाद छ । ती प्रदेशले पनि प्रत्यक्ष-अप्रत्यक्ष पार्टी केन्द्रको संकेत पर्खिएको बुझ्न कठिन छैन ।

"प्रदेशसभाको क्षेत्राधिकारभित्रको काम केन्द्रबाट गरिए प्रदेशको क्षमतामाथि नै प्रश्न उठ्नेछ," प्रदेश १ का मुख्यमन्त्री शेरधन राई भन्छन्, "ढुक्क हुनुस्, हामी केन्द्रसँग हारगुहार गर्दैनौँ ।"

नेकपा प्रवक्ता नारायणकाजी श्रेष्ठ प्रदेशको नामांकन र राजधानीको निर्णय संवेदनशील विषय भएकाले पार्टी नेतृत्वले आवश्यकताअनुसार सुझाव दिएको रूपमा बुझ्न आग्रह गर्छन् । भन्छन्, "लामो विवाद सुल्झाउन पार्टी केन्द्रले दिएको सुझाव स्वीकार्दा प्रदेशलाई पनि राम्रै हुन्छ ।" ■

देउवाको विकल्प

बसन्त बस्नेत

शेखर कोइरालालाई हामीले भेट्न एक महिनायता कोसिस गरेको। उनी त सधैँ जिल्ला दौडाहामा।

०७४ को चुनावी पराजयले सिंगो कांग्रेसपंक्तिलाई निराश बनायो। त्यसयता शेखर काठमाडौँको बसोबास सक्दो घटाउँदै कार्यकर्तामाझ डुलिरहेका छन्। उनको शैली नै हो- एउटा जिल्लामा कम्तीमा दुई रात बिताउने। एक दिन सदरमुकाममा, अर्को दिन साना बजार र बस्तीका कार्यकर्तामाझ।

फिल्डमै गएर भेट्नुपर्‍यो। यो संवाददाताले फोटोकर्मी मित्र सरोज बैजुसँग सल्लाह गर्दै गर्दा शेखरका सहयोगी दिनेशचन्द्र थपलियाले फोन गरे, "शेखर दा' एक दिनका लागि काठमाडौँ आउनुहुने भयो। त्यतै भेटौँ।"

कांग्रेस सभापति शेरबहादुर देउवाले पार्टीका उच्च तहका नेतासँग सल्लाहै नगरी केन्द्रीय विभागको संख्या थपेको, महाधिवेशन तिथि तोकेकामा शेखर क्रुद्ध रहेछन्। अघिल्लो सोमबार अपराह्न *नेपाल* टिम धापासी पुग्दा उनी जेफरी स्याक्सको नयाँ पुस्तक *अ न्यु फरेन पोलिसी : बियोन्ड अमेरिकन एक्सेप्सनलिज्म*को पृष्ठ ८० पल्टाउँदै थिए। यो पुस्तकले अमेरिकालाई मात्रै महान् ठान्ने डोनाल्ड ट्रम्पको अमेरिका फस्ट नीतिको विरोध गर्छ। अमेरिकामुखी राष्ट्रवादी नीतिहरूको आलोचना गर्छ। र, सन् १९४१ यता अमेरिकाले नेतृत्व गरेको उदार मूल्य प्रणालीको वकालत गर्छ।

शेखर आफूलाई स्याक्सको विचारधारा नजिक पाउँछन्। कांग्रेसमा जारी वैचारिक अलमलको समाधान यस सोचाइमा भेटिन्छ। राप्रपाजस्तो दक्षिणपन्थी पार्टीदेखि आफूलाई वैकल्पिक दाबी गर्ने पार्टीसम्म रहेका राजनीतिकर्मीहरू कुनै न कुनै रूपमा दुइटा विचार शिविरमा बाँडिएका छन्- नेकपालाई जित्ने गरी अझै राष्ट्रवादी देखिने कि अहिलेलाई अलोकप्रिय नै सही, उदार वैचारिकीको वकालत गर्ने ? शेखर आफूलाई दोस्रो कित्तामा उभ्याउँछन्।

"कम्युनिस्टहरूको उग्र राष्ट्रवादले यो देशलाई कहिल्यै फाइदा गरेन, अब पनि गर्ने छैन। त्यस्तै क्षेत्रीय पार्टीहरूमा उग्र मधेसवाद देखियो, त्यसको पनि कुनै भविष्य छैन," उनी व्याख्या गर्छन्, "हामीले विश्वास गर्ने राष्ट्रियता, प्रजातन्त्र र समाजवादमै हो। तर अब त्यसको पुनर्व्याख्या गर्नुपर्छ।"

अघिल्लोपल्ट महामन्त्रीमा उम्मेदवारी दिने सोच बनाए पनि आखिरी घडीमा शशांकका लागि त्यो पद छाडेका शेखर योपल्ट सभापतिमा 'कुनै पनि हालतमा उम्मेदवारी दिन' दृढ देखिन्छन्। पार्टीका कतिपय नेताहरूको भनाइमा शेखरले योपल्ट पनि पहिलेजस्तै गर्ने त होइनन् भन्ने आशंका भने उत्तिकै छ। शेखर त्यो अनुमानमा अब सत्यता नभेटिने दाबी गर्छन्।

दुई वर्षअघिको आमचुनावमा पार्टीको पराजयलगत्तै चारचौरास डुल्ने अभियान थाले, शेखर। जिल्ला-जिल्लाका कार्यकर्ताबीच एक हदसम्म उत्साह सञ्चार गर्न सफल उनी केन्द्रमा भने करिब एक्लै छन्। कांग्रेस नेतृत्वमा उदाउँदो युवा पुस्ता उनलाई परीक्षण गरी हेर्ने कि भन्ने छलफलमा लागिरहेको देखिन्छ।

सरोज बैजु

शेखर कोइराला

देउवालाई चुनौती दिँदै नेतृत्वमा उदाउने सम्भावना शशांकमा छ, तर कांग्रेसको उदारवादी वैचारिक द्विविधा चिर्न शेखर उपयुक्त पात्र हुन सक्छन् ।

"हामी अहिल्यै युवा पुस्ताबाट सभापति दाबी गर्दैमा जित्ने अवस्थामा पुगिसकेका छैनौँ तर अहिले माथिल्लो पंक्तिमा रहेका नेताहरूप्रति हाम्रो अपेक्षा धेरै छैन," कांग्रेसका एक नेता भन्छन्, "शेखर दाइका पनि आफ्नै खाले कमजोरी छन् तर तुलनात्मक रूपमा आज उहाँ हाम्रो विकल्प बन्न सक्नुहुन्छ ।"

ती नेताले थपे, "देउवालाई दोहोऱ्याएर हामी थप क्षति चाहँदैनौँ । रामचन्द्र दाइ र शशांकबाट हामीले बनाउन चाहेजस्तो पार्टी बन्दैन। भएकामध्ये उहाँ (शेखर) आशाको संकेतका रूपमा देखिनुहुन्छ । तर यो क्रियाशीलतालाई कुन स्वरूपमा ढाल्नुहुन्छ, त्यसमा मात्रै उहाँको नेतृत्व सुनिश्चित हुने/नहुने निर्भर छ ।"

५५ भन्दा बढी जिल्लाका गाउँबस्ती घुम्दै गर्दा शेखर केन्द्रमा रहेका उच्च नेतासँग भने कमै अन्तरक्रियामा छन्। शशांकचाहिँ पार्टीभित्र निर्णायक भूमिका खेल्न सक्ने ८-१० नेतासँग पछिल्ला दिनमा सम्पर्क बढाइरहेका छन्। पछिल्ला दिनमा आफ्नो समूहका बैठक महाराजगन्ज निवासमा बोलाउन थालेका छन् । अर्थात्, हिजोआज 'पौडेल समूह' को बैठक 'शशांक निवास' मै बस्छ । शेखरले देउवाइतर समूहको खातामा आफूलाई अगुवा देखाउन कुनै जाँगर चलाएका छैनन् ।

निकटस्थहरूले त्यसलाई तलबाट शक्ति लिएर आउने, माथि मिलाउन धेरै नलाग्ने शेखरको रणनीतिका रूपमा अर्थ्याएका छन्। निरन्तरको शेखर-सक्रियता नियालिरहेका शशांक केही मुखर बन्न थालेका छन् । अघिल्लो साता *बाह्रखरी*सँग कुरा गर्दै शशांकले भने, "दाबी (सभापतिमा) मेरो पनि हो । म त भन्छु, मेरोमै सहमति जुटोस् । अरू

नेताको नाममा सहमति जुट्यो भने म तयार हुनुपर्छ।" यही अन्तर्वार्तामा उनले पहिलोपल्ट देउवाको विरोध गर्दै अब उनीबाट पार्टी चल्न नसक्ने दाबी पनि गरे।

महामन्त्री भएको चार वर्ष बित्दासम्म शशांक सार्वजनिक मञ्चमा खासै देखा परेनन्। तर अब त्यसको खाँचो देख्न थालेका छन्। कार्यक्रममा जान्छन्। चार-पाँच मिनेटभन्दा लामो भाषण गर्दैनन्। तिनमा पनि उस्तो सन्देश केही हुन्न। शेखर भने वैचारिक बहसमा रुचि राख्छन्। विपक्षीहरूलाई जवाफ दिन्छन्। केही ठोस विषय नपाए स्वास्थ्य शिविर चलाएरै भए पनि बिरामी जाँच्न थाल्छन्। स्तम्भकार सीके लालको भनाइमा उनमा व्यवस्थापकीय क्षमता पनि तुलनात्मक रूपमा राम्रो छ। "भलाद्मी पाराका कांग्रेसीमा उनी लोकप्रिय नहोलान् तर लडाकु कांग्रेसहरूले शेखरलाई रुचाउन थालेका छन्," लाल भन्छन्, "कांग्रेसलाई सुधारको मार्गचित्रमा हिँडाउन शेखर उपयुक्त हुन सक्छन्।"

बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा दशकभन्दा लामो नेतृत्व। अनि, दसौँ महाधिवेशनयता केन्द्रीय सदस्य। शेखरको सबलता नै उनका लागि सीमा बन्न पुगेको छ। उमेरमा कनिष्ठ भईकन पनि बीपीपुत्र शशांक पार्टी महामन्त्री भइसके। गणेशमान सिंहपुत्र प्रकाशमान उपप्रधानमन्त्री र पटक-पटक मन्त्री। दुवै जना निर्वाचित सांसद। शेखरले चुनाव यसपल्ट हारेका छन्। अनि, रामशरण महत, अर्जुननरसिंह केसी शेखरलाई सभापतिमा देख्न अनिच्छुक छन्। कृष्णप्रसाद सिटौला शेखरका सहयोगी बन्न सक्छन्। तर तिनलाई विश्वासमा लिन शेखरले अहिलेसम्म जोडबल लगाएको देखिन्न। सुजाता कोइराला सक्रिय राजनीतिमा छैनन्। तिनको सोचले अझै पनि पार्टीभित्र थोरबहुत अर्थ राख्छ।

सहज त शशांकलाई पनि छैन। कांग्रेस नेताका रूपमा उनले संसद्, पार्टी, निर्वाचन क्षेत्र वा कुनै पनि गने-चुनिएका फोरममा प्रभाव जमाउन सकेको देखिन्न। हिन्दुत्वको अतिवादी मुद्दामा बढ्तै जोडिएका उनी पछिल्ला दिनमा त्यो छविलाई उदार देखाउने कसरतमा छन्। तर जनमानसमा पहिल्यै गलत बिम्ब निर्माण हुन गएको छ। आफूभन्दा वरिष्ठ नेताहरूलाई सम्मान दिनेमा उनी उदार देखिए पनि आफूसँगै विगतमा महामन्त्री लडेका अर्जुननरसिंह, सिटौलालगायत नेताको स्वीकार्य विकल्पका रूपमा उदाउन सकेका छैनन्। यी सबै घटनाक्रम नियालिरहेका रामचन्द्र पौडेल शेखर र शशांक दुवैको रोजाइमा फेरि पनि आफू नै पर्ने अड्कलमा छन्। पार्टीभित्र विभिन्न तहका नेताहरूसँग हामीले अन्तरक्रिया गर्दा पायौँ- योपल्ट त्यस्तो परिस्थिति सिर्जना हुने सम्भावना निकै कम देखिन्छ।

"अहिलेको नेतृत्वलाई युवा पुस्ताले अब स्वीकार्दैन किनकि यसबाट कांग्रेसको नयाँ जीवन सम्भव छैन," केन्द्रीय सदस्य प्रदीप पौडेलले भने, "नयाँ परिस्थितिमा देखिएका चुनौती सामना गर्न त्यसैअनुसारको नेतृत्व चाहिन्छ। आशा जगाउने नेतृत्वको खोजीमा हामी लाग्नु एकदमै स्वाभाविक र आवश्यक भइसकेको छ।"

राजनीतिशास्त्री हरि शर्मा र स्तम्भकार लालको साझा बुझाइ छ, दौडिने-खट्ने मामिलामा शेखरले गिरिजाप्रसाद कोइरालाकै शैली पछ्याएका छन्। अनि, पार्टीपंक्तिको निराशा चिर्दै कार्यकर्तामा विश्वास जगाउन सफल छन्।

"उहाँ घुमिरहनुभएको छ, कार्यकर्ताहरूको भावना बुझिरहनुभएको छ, गिरिजाबाबुको विरासत पछ्याउन उहाँले खोजेको देखिन्छ," शर्मा भन्छन्, "सभापतिको दाबेदारीमा रामचन्द्रजी र शेखर नै देखिनुभएको छ। तर नयाँ पुस्तालाई अपिल गर्ने सामर्थ्य रामचन्द्रजीले देखाउन सक्नुभएको छैन।"

भर्खरै केन्द्रीय विभागहरूको संख्या थप र महाधिवेशन तिथि घोषणासँगै देउवा दोस्रोपल्ट सभापति चुनिने तयारीमा लागिसके भनी अनुमान गर्न अब गाह्रो छैन। यसका लागि उनले गर्नुपर्ने थप केही छैन, केवल उनका विपक्षीहरू एकजुट नभइदिए पुग्छ। राजनीतिक



विचारका दुई किनारा

राष्ट्रवाद र समृद्धिको नारामा नेकपासँग प्रतिस्पर्धा गर्ने कि नरम लोकतान्त्रिक छवि भएको पार्टी बन्ने- कांग्रेसभित्र अलमल देखिन्छ। सिंगै विश्वमा देखिएको उदारवादी विचारको संकटले कांग्रेसलाई समेत प्रभावित पार्नु अनौठो नभएको आकलन विश्लेषकहरू गर्छन्। महामन्त्री शशांकले आफ्ना पिता तथा पार्टीका संस्थापक बीपी कोइरालाले अगाडि सारेको धर्मनिरपेक्षताको विपक्षमा आफूलाई उभ्याउने साहस गर्नु यसैको प्रतिफल भएको उनीहरूको ठहर छ।

"टिनोपालहरूको घेरामा परेर शशांकले हिन्दुत्वको हाराकिरी गरे," सीके लाल आलोचना गर्छन्। उनका अनुसार केही दशकअघिसम्मै समाजवादीहरूले सादा जीवन बिताउने, खादीका लुगा लगाउने, आफैं धुने गर्दै गर्दा सुकिला समाजवादीहरू लुगामा विशेष किसिमका जुहारत (टिनोपाल) थपेर आफूलाई अरूभन्दा विशिष्ट देखाउने प्रयास गर्थे। शशांकसँग बीपीपुत्र हुनुको सुविधा भए पनि पार्टीको समाजवादी संस्कृति फर्काउनमा उनीबाट योगदान हुन नसक्ने ठोकुवा लालसहित कांग्रेस राजनीतिका जानकारहरू गर्छन्। शशांकले संघीयता, समावेशिताबारे पनि अनुदार विचार प्रवाह गरिरहँदा त्यसको क्षति कांग्रेसले भोग्नुपर्ने उनीहरूको भनाइ छ।

शेखर केही भिन्न देखिन्छन्। ०६२ मा माओवादी विद्रोहीसँग १२ बुँदे सहमति निर्माणका एक सक्रिय नेता शेखरले आफूलाई संघीयता र समावेशी समानुपातिक प्रणालीको मुखर पैरवीकर्ताका रूपमा उभ्याउँदै आएका छन्। उनले मधेसका असन्तुष्टि जायज रहेको भन्दै त्यसको निरुपण हुनुपर्ने विचार राख्दै आएका छन्। संविधान मस्यौदा जारी हुनुभन्दा दुई महिनाअघि जेठ ०७२ मा उनले जनजाति, आदिवासी, मधेसी, महिला नेताहरूलाई तत्कालीन पार्टी सभापति सुशील कोइराला, नेताहरू देउवा, रामचन्द्रलगायतसित भेटाउन खोजेका थिए। नेताहरूले भेट्न अनिच्छा जाहेर गरेपछि उनैले दियालो होटलमा भेला राखेका थिए। त्यस भेलाले कुनै ठोस प्रतिफल त दिएन तर कांग्रेसभित्र अल्पसंख्यक समुदायको आवाज सुन्ने नेताका रूपमा शेखरलाई चिनायो।

त्यसयता पनि शेखरले समावेशी लोकतन्त्रको विचारलाई पार्टीभित्र राख्दै आएका छन् तर उनको भनाइले निर्णायक स्थान भने बनाउन अझै बाँकी छ।

न्यारेटिभ आफ्ना लागि जतिसुकै प्रतिकूल भए पनि देउवाका लागि महाधिवेशन प्रतिनिधिको अंकगणितमा अब्बल ठहरिए पुगिहाल्यो। राष्ट्रिय राजनीतिक मुद्दाहरूमा देउवाको साख अझै गिर्दो छ। तर पार्टीभित्र उनका प्रतिद्वन्द्वीहरूले पनि उल्लेख्य विश्वास भने आर्जन गर्न सकेका छैनन्।

सभापतिको कुर्सी दाबी गर्न त प्रकाशमान र सिटौलाले पनि सक्छन्। तर पार्टीपंक्तिको बुझाइमा प्रकाशमानमा फस्ट म्यान हुन चाहिने नेतृत्व क्षमता अझै पुगिसकेको छैन। अनि, सिटौला माथि भनिएका कुनै पनि नेताभन्दा तिखा र क्षमतावान् भए पनि उनको विश्वसनीयता कमजोर छ।

यिनै आन्तरिक परिदृश्यबीच पार्टीभित्र ३२ औं वरीयताका केन्द्रीय सदस्य शेखर सभापति उम्मेदवारका रूपमा कांग्रेस वृत्तमा चर्चा हुन थाल्नु आशलाग्दो संकेत भएको युवा नेताहरूले *नेपाल*लाई बताए। तर जिल्ला-जिल्लामा सक्रियता देखाउँदै गर्दा पार्टीभित्र स्वीकार्यताका लागि उनले गरेको कसरत भने न्यून भएको उनीहरूको भनाइ छ।

उदारवादी द्विविधा चिर्दै

चुनाव हो, कहिले हारिन्छ, कहिले जितिन्छ। ०७४ को चुनावमा एमाले र माओवादी केन्द्रको गठबन्धनसामु कांग्रेस पराजित भयो। ०५१ र ०६४ को चुनावमा पनि कांग्रेस हारेको थियो। तर पछिल्लो पराजयमा पार्टी सम्हालिन सकेको देखिएन।

"लिबरल एम्बिभ्यालेन्स (उदारवादीहरूको द्विविधा) भन्छन् यसलाई," राजनीतिशास्त्री हरि शर्मा अर्थ्याउँछन्, "पार्टीको नेतृत्वबाट सही काम नहुँदा क्षति भयो भन्ने थाहा त हुन्छ तर त्यसपछि के गर्ने भन्नेबारे कुनै आइडिया हुँदैन।" शर्माका अनुसार कांग्रेसको सैद्धान्तिक पुनर्जीवन देउवाबाट सम्भव छैन भन्ने चेत अरू नेता र पार्टीपंक्तिमा आएका दिन यो द्विविधा समाधान हुन्छ।

हामीले कांग्रेसको राजनीतिलाई नजिकैबाट चिहाउने शर्मालगायत केही विश्लेषकसँग यो पार्टीका आगामी दिन कस्ता होलान् भनी विमर्श गरेका थियौं। त्यसमध्ये उनीहरूले भनेका केही निष्कर्ष नेतृत्वको सन्दर्भमा मेल खान गए।

महाधिवेशनको हार, त्यसपछि चुनावी हारसँगै देउवाइतर पक्षले संगठित भएर प्रतिवाद गर्ने प्रयास नगरेको होइन। केन्द्रीय कार्यसमिति बैठकमा उनीहरूले सरकार सञ्चालनका क्रममा भएका त्रुटि, अनि चुनावमा जनताले कम्युनिस्ट गठबन्धनलाई दिएको जनादेशको नैतिक जिम्मेवारी देउवाले लिनुपर्ने जिकिर गरे। तर देउवा एक्लैले त्यसको जिम्मेवारी नलिने बरु कार्यसमितिले नै लिनुपर्ने अडान लिएपछि निर्णय बरालियो। त्यसपछि देउवाइतर पक्षका नेताहरूले रामचन्द्र पौडेललाई आग्रह गरे, 'अब यसरी हुँदैन। तपाईंले कृष्ण सिटौलासित कुरा गर्नुपर्‍यो।'

रामचन्द्र भने सिटौलाबाट अघिल्लो महाधिवेशनमा पाएको 'धोका' अझै सम्झिराखेका थिए। अझै पनि उनी सिटौलासँग सहकार्य गर्न तयार नदेखिएको उनलाई नजिकैबाट जान्नेहरू बताउँछन्।

"अहिले रामचन्द्र दाइ र सिटौला दाइ एक ठाउँ हुने हो भने देशभरिबाट आउने महाधिवेशन प्रतिनिधिमध्ये झन्डै ६० प्रतिशत देउवाको विरोधमा हुन सक्छन्," कांग्रेसका एक केन्द्रीय सदस्य भन्छन्, "तर त्यस्तो स्थिति आउने देखिन्न। रामचन्द्र दाइ सिटौलालाई छेउ पर्न दिइराख्नुभएको छैन। सिटौला पनि त्यसै किन रामचन्द्र दाइलाई भाउ दिइरहनुहुन्थ्यो र!"

यी सब घटनाक्रम नियालिरहेका युवा नेताहरू १४ औं महाधिवेशनको दृश्य कस्तो होला भनी दैनिकजसो आकलन गरिरहेका छन्। गगन थापालाई अघि लगाएर महाधिवेशन तयारीमा क्रियाशील उनीहरूसँग अहिलेको अवस्थामा केही विकल्प छन्।

प्लान ए : देउवालाई आगामी महाधिवेशनमा कुनै पनि हालतमा हराइछाड्न उनी विरोधी खेमालाई एकत्रित तुल्याउने। त्यसका लागि न्यूनतम रूपमा रामचन्द्र, शेखर, शशांक, सिटौला र अर्जुननरसिंहबीच मतैक्य चाहिन्छ। उनीहरूमध्ये कुनै पनि नेता यो रणनीतिबाट बाहिरिएको खण्डमा त्यसको लाभ स्वतः देउवाले पाउन सक्नेछन्। पार्टीमा सुधारका लागि अगुवाइ गरिरहेको समूह एउटा मात्रै उम्मेदवार खडा गरेर देउवालाई टक्कर दिन चाहन्छ। त्यसका लागि उनीहरूसँग अर्को योजना पनि साथसाथै तयार छ।

प्लान बी : रामचन्द्र पौडेललाई अब सभापतिमा परीक्षण गर्न अनिच्छुक रहेको यो तप्का विकल्पका रूपमा शेखरलाई हेरिरहेको छ। हामीले पार्टीभित्र पहुँच र प्रभाव राख्ने केही केन्द्रीय सदस्यसँग गरेको कुराकानीका आधारमा, उनीहरू रामचन्द्रलाई सभापति नभए पनि परीक्षण भइसकेका नेता मान्छन्। युवा पुस्ता सीधै सभापतिमा दाबेदारी दिँदा समग्र पार्टीको विश्वास प्राप्त हुन नसक्ने बुझाइमा छ। शशांकलाई उनीहरू लिएर जान चाहँदैनन्। सिटौलासँग प्रखरता, रचनात्मकता, रणनीति सबै भए पनि पार्टीभित्र साख आर्जन गर्न नसकेका नेताका रूपमा उनीहरू चित्रित गर्छन्। विकल्पका रूपमा उनीहरूले हेरेका छन्, शेखरलाई। शेखरलाई सभापति बनाएर नेतृत्वपंक्तिमा तरुणहरूको उल्लेख्य संख्या निर्माण गर्ने उनीहरूको रणनीति छ।

युवा नेताहरूले भनेका छन्- शेखरसँग कोइराला हुनुको विरासत पनि छ। उनी बौद्धिक र सफा छवि भएका नेता छन्। उनी गिरिजाबाबुझैं जिल्ला-जिल्लासम्म गएर खट्न सक्छन्। उनी अन्तर्राष्ट्रिय मञ्चहरूमा पनि पार्टीका तर्फबाट उभिन सक्ने नेता बन्न सक्छन्। तर अहिलेजस्तै जिल्ला दौडाहामा मात्रै सीमित रहे शेखरलाई शीर्ष तहमा आन्तरिक विश्वास आर्जन गर्न कठिन हुनेछ।

प्लान सी : शेखरका पक्षमा देउवा इतर पक्षको माहोल बन्न सक्ने अवस्था नदेखिएमा युवाहरूसँग अन्तिम विकल्प हुनेछ, आफैं सभापतिमा उम्मेदवारी दिने। त्यसो गर्दा

> **"सभापतिमा मेरो पनि दाबी छ। म त भन्छु, मेरोमै सहमति जुटोस्। अरू नेताको नाममा सहमति जुट्यो भने म तयार हुनुपर्छ।"**
>
> **– शशांक कोइराला**



चुनाव जित्न सकिने ठानेका छैनन्, तर त्यसको देशव्यापी सन्देश जाने उनीहरूको बुझाइ छ। उनीहरूले गगन थापालाई उम्मेदवारी दिन आग्रह गर्ने, चन्द्र भण्डारी, धनराज गुरुङदेखि विश्वप्रकाश शर्मासम्मका नेताहरूलाई आफ्नो वृत्तमा समेट्न कोसिस गर्ने उनीहरूको भनाइ छ। गगन आफैँले भने सभापतिमा दाबेदारी दिने सम्भावना एकदमै न्यून रहेको बताएका छन्। उनको ध्यान उपयुक्त पात्रलाई अगाडि सारेर आफू महामन्त्री चुनिने र केन्द्रीय कार्यसमितिमा युवाहरूको संख्या बढाउनेमै छ।

शेखर आफैं युवाहरूबारे आलोचनात्मक मत राख्छन्, "युवाहरूले परिवर्तनको खोजी गरेकै हुन् भने त्यसैअनुसार आफूलाई संगठित गर्न जान्नुपर्‍यो। अरू बेला विभिन्न कुरा गरे पनि आफ्नो सुरक्षाका लागि नेताको आड खोज्ने प्रवृत्तिबाट युवाहरू अब मुक्त हुनुपर्छ।"

हामीले आगामी महाधिवेशन र कांग्रेसको पुनर्जागरणबारे थुप्रै नेता, कार्यकर्ता र विश्लेषक भेटेर उनीहरूको धारणा जान्न चाह्यौं। तीमध्ये छानिएका विचार नेताहरूलाई पनि सुनायौं। कांग्रेसको दुर्भाग्य, नेताहरू आफू अग्रभागमा देखिन जति उत्सुक छन्, पार्टीको विचारवृक्ष हुर्काउन भने त्यति नै अनिच्छुक। नेताहरूको प्रश्न देउवाप्रति छ। देउवाको प्रतिप्रश्न बाँकी नेताहरूप्रति।

अघिल्लो साता रामचन्द्र पौडेलको बोहोराटार निवासमा शेखर, शशांकसहित लामै बैठक चल्यो। प्रकाशमान, सिटौला, अर्जुननरसिंह, मीनेन्द्र रिजालसहित नेताहरूले देउवातिर साझा प्रश्न तेर्स्याए, 'सभापति देउवा एकातिर संसद्मा दुई तिहाइ लाद्न पाइँदैन, सहमति हुनुपर्छ भन्छन्, अर्कातिर पार्टीभित्र बहुमत लाद्छन्। उनी कुन नैतिकताले एकैपल्ट दुई खाले अडान लिन्छन् ?'

देउवाको कार्यशैलीबारे प्रश्न उठाउनेमा यी नेताहरू एकमत भए पनि एकअर्कालाई स्वीकार्ने मामलामा भने संकीर्ण देखिन्छन्। उनीहरूलाई थाहा छ, आफूहरू एकजुट नहुँदासम्म देउवालाई घोडाबाट लतार्न सम्भव छैन।

"सभापतिप्रति मेरो कुनै पूर्वाग्रह छैन। म उहाँलाई सम्मान गर्छु। रामचन्द्रजी सिनियर नेता हो, उहाँलाई पनि सम्मान छ," अघिपछि नांगो टाउकोमा देखिने शेखरले भादगाउँले टोपी मिलाउँदै भने, "अब कांग्रेसजस्तो पार्टीलाई हाँक्न नयाँ सोच र ऊर्जा चाहिन्छ। म कार्यकर्ताहरूलाई त्यसै क्रममा भेटिरहेको छु।" ने

बहुमतको

देउवाले १४ औं महाधिवेशनलाई लक्षित गर्दै आफ्नो अनुकूल पक्ष विरोध जनाउँदै पार्टीको तल्लो तहसम्म पुग्ने तयारीमा

किरण पाण्डे

बुल्डोजर

निर्णय गर्दै गर्दा संस्थापनइतर

कांग्रेस सभापति शेरबहादुर देउवा बोहराटारस्थित वरिष्ठ नेता रामचन्द्र पौडेलको निवासमा, २८ मंसिर

सन्तोष आचार्य

समय फेरिन बेरै नलाग्ने । कांग्रेस सभापति शेरबहादुर देउवाले 'भारतबाट प्रधानमन्त्री केपी ओलीकै सहमतिमा नयाँ नक्सा सार्वजनिक भएको' दाबी गर्न पुगे । उनी यत्तिमै रोकिएनन् । ७ मंसिरमा पोखरा पुगेका उनले भने, 'कालापानी र लिपुलेक भारतलाई बुझाएर ओलीले राष्ट्रघात गरे ।'

त्यसको चार दिनपछि ११ मंसिरमा विराटनगर ओर्लेका देउवाले भारतविरुद्ध जे बोले, त्यसले धेरैलाई झस्कायो । देउवाले स्पष्ट भने, 'लिपुलेक र सुस्ता आफ्नो भूमिमा पर्ने गरी भारतले नयाँ नक्सा जारी गर्दा हामीलाई पाकिस्तानभन्दा बढी हेपियो । भारतले कश्मीर विवादको हिसाबले नेपाल र पाकिस्तान एउटै भएजस्तो गरेर नयाँ नक्सा जारी गरेको छ ।'

पाकिस्तान जोडियो कि, लैनचौर झस्कियो । देउवा बोलीको हलचल भारतीय दूतावाससम्म आइपुग्नु स्वाभाविक थियो । असर भने एक महिनापछि देखियो । वरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्री शशांक कोइराला, केन्द्रीय सदस्य कृष्णप्रसाद सिटौलाजस्ता 'हेभिवेट' हरू देउवालाई घेर्न पुगे । मुद्दा भने फरक थियो, पार्टीको १४ औँ महाधिवेशन । ध्रुवीकरण यसरी बढ्यो कि इतर समूहमा आ-आफ्ना गुट बनाएर बसेका नेताहरू एकै ठाउँ आइपुगे । सभापतिले बोलाएको केन्द्रीय समिति बैठक पटक-पटक वहिष्कार गरे ।

अचम्म त त्यतिबेला देखियो, जतिबेला पार्टी सभापति र महामन्त्री शशांकबीच दूरी मात्र बढेन, देउवाविरुद्ध कडा अभिव्यक्तिसमेत दिए । कोइरालाले १४ पुसमा *बाह्रखरीडटकम*सँग कुराकानीमा भने, 'फेरि पनि देउवा नै सभापति हुने हो भने पार्टी समाप्त हुन्छ । अब हामीले देउवाले पार्टी समाप्त पार्न थाले, बचाऔँ भन्छौँ । देउवालाई कसरी सभापतिबाट मुक्त गर्ने भन्ने एजेन्डा नै लिएर कार्यकर्ता तहसम्म पुगेर छलफल गर्छौं ।'

१३ औँ महाधिवेशनमा पौडेल पक्षबाट महामन्त्री निर्वाचित भए पनि त्यसपछिका दिनमा शशांक देउवाको ढाल बनेर उभिएका थिए । तीन तहका निर्वाचनको पराजयपछि देउवामाथि भएका आलोचनाको प्रतिरक्षा गर्नेदेखि संसदीय दलको नेताको निर्वाचनमा

समेत शशांकले सभापति देउवालाई सहयोग गरे । गणेशमान सिंहपुत्र प्रकाशमान सिंहले उनको साथ पाएनन् । शशांकले यसो गर्नुको कारण १४ औँ महाधिवेशनमा आफूलाई देउवाले सभापतिका रूपमा प्रस्ताव गर्ने आश देखाएका थिए । देउवा-शशांकबीच कतिसम्म हिमचिम थियो भने सभापतिले महेन्द्रनारायण निधिपुत्र उपसभापति विमलेन्द्र निधि र बीपीपुत्र महामन्त्री शशांकलाई दायाँ-बायाँ राखेर महत्त्वपूर्ण निर्णय गर्थे ।

भारतविरुद्ध अभिव्यक्तिसँगै देउवा-शशांक प्रेमको अध्याय समाप्त भएको छ । देउवाकै सिको गर्दै पौडेलले महाराजगन्जस्थित शशांक निवासमा बीपीपुत्र र गणेशमानपुत्रलाई दायाँ-बायाँ राखेर पार्टी सभापतिविरुद्ध हुँकार दिए । प्रकाशमानले पनि शशांकले जस्तै १४ औँ महाधिवेशनमा देउवाको विकल्पमा अर्को टिम बनाउन जोड लगाउनुपर्ने बताउन थाले ।

देउवाको नेकपा नजिर

३० असोज ०७४ मा कांग्रेस र विजयकुमार गच्छदार नेतृत्वको नेपाल लोकतान्त्रिक फोरमबीच एकता भयो । उक्त एकीकरणको एक वर्षपछि गच्छदारलाई उपसभापतिमा मनोनीत गरियो, विधानमा व्यवस्था नभए पनि । निर्वाचन आयोगमा नयाँ कार्यसमितिको विवरण दर्ता गराइयो । देउवामाथिको पछिल्लो ध्रुवीकरणको एउटा कारण उनले संविधानले दिएको ६ महिने अवधि नथपून् भन्ने हो । तर त्योभन्दा ठूलो डर संविधानमा व्यवस्था भएको दलसम्बन्धी ऐनलाई प्रयोग गरेर देउवाले पार्टी कब्जा गर्ने हुन् कि भन्ने त्रास ।

अहिले संस्थापन पक्षको अनुदार समूहभित्र त्यही चुरो समातेर महाधिवेशन अझै पछाडि धकेल्न सकिने तर्कवितर्क चल्न थालेपछि इतर पक्ष झस्किएको हो । तर संस्थापन पक्षका उपसभापति विमलेन्द्र निधि 'यो सब बकवास कुरा' भएको बताउँछन् । "केन्द्रीय समितिले निर्णय गरेर ल्याएको कार्यतालिकाअनुसार सबै मिलेर महाधिवेशन तयारी गरौँ । अनावश्यक शंका-उपशंका नगरौँ," निधि भन्छन्, "पौडेलले १३ औँ महाधिवेशनमा कार्यवाहक सभापतिका रूपमा ६ महिना म्याद थपेर अन्तिम समय महाधिवेशन गराएको होइन ? अहिले हामीलाई शंका गरेर हुन्छ ?"

संस्थापन पक्षले एमाले र माओवादी केन्द्रबीचको एकतालाई नजिर मानेको छ । ३ जेठ ०७५ मा दुई पार्टीको एकतापछि ०८० भित्र नेकपाले महाधिवेशन गरिसक्नुपर्ने छ । यदि दुई पार्टीबीच एकता नभएको भए एमालेले ढिलोमा ०७५ पुससम्म र माओवादी केन्द्रले ०७५ को अन्त्यसम्म राष्ट्रिय महाधिवेशन गर्नुपर्थ्यो ।

कांग्रेस संस्थापन पक्षले नेकपाको एकीकरण प्रक्रियाको यही नजिरलाई समातेर पार्टीको महाधिवेशन ०७९ सम्म पुर्‍याउने र देउवाले त्यतिबेलासम्म पार्टीमा एकछत्र राज गर्ने हुन् कि भन्ने संशय इतर पक्षको छ । त्यतिबेला देउवाको उमेर ८० वर्ष पुग्नेछ ।

संस्थापन पक्ष तोकिएकै कार्यतालिकाअनुसार महाधिवेशन गर्ने मुडमै देखिन्छ । तर इतर पक्षबाट एक मात्र र बलियो उम्मेदवारी आए देउवा हार्न पनि सक्छन् । संविधानले दिएको प्रावधान प्रयोग गर्दै ६ महिना थपेर ७७ भदौसम्म महाधिवेशन लम्ब्याउने रक्षात्मक स्थितिमा पुग्न सक्छन्, देउवा । त्यतिबेला पनि परिस्थिति अनुकूल नदेखिए गच्छदारको दलसँग भएको एकीकरणलाई आधार बनाउने परिस्थिति निर्माण नहोला भन्न सकिन्न । तर त्यस्तो अवस्थामा पार्टी फुटको स्थितिमा पुग्ने निश्चित छ ।

"चार पटक प्रधानमन्त्री भइसकेका देउवाजी 'प्रोएक्टिभ' भएर महाधिवेशन गराउनुपर्नेमा प्रतिक्रियात्मक देखिए," राजनीतिक विश्लेषक पुरञ्जन आचार्य भन्छन्, "चार वर्षको स्वाभाविक कार्यकालमा किन मैले महाधिवेशन गराउन सकिनँ भनेर बुझाउनुपर्नेमा महाधिवेशन परपर धकेल्दै जाने संकेत गर्नु निर्लज्जताको हद हो । आफूले जित्न नसक्ने देखिए उनले महाधिवेशनलाई अझै धकेल्दै जानेछन् ।"

सत्ता, शक्ति र लेनदेनका मामिलामा जुन हदसम्म पनि जान सक्ने भनी आलोचित देउवाले कांग्रेस नेतृत्व सहजै विरोधी खेमाको हातमा पुग्न भने दिने छैनन् । "सभापतिले पार्टीभित्र मनोमानी र एकलौटी गरेर अगाडि बढ्न खोज्नुभएकामा हाम्रो आपत्ति हो," केन्द्रीय सदस्य अर्जुननरसिंह केसी भन्छन्, "देउवाजीले पार्टी कब्जा गर्न खोज्नुभएको हो भने यो सम्भव हुन सक्दैन । हामी त्यसो गर्न दिँदैनौँ ।"

विवादको जड

०७४ को तीनै तहको निर्वाचनमा पराजित भएपछि देउवालाई नैतिकताका आधारमा सभापति पदबाट राजीनामा दिन वा विशेष

उपयोगी गच्छदार

कांग्रेस उपसभापति तथा संसदीय दलका उपनेता विजयकुमार गच्छदार ललिता निवासको २ सय ९९ रोपनी जग्गा अनियमितता प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको चपेटामा फसेका छन् । गच्छदारले उपप्रधान तथा भौतिक योजना तथा निर्माणमन्त्री हुँदा विवादित प्रस्तावमा निर्णय गरी मन्त्रिपरिषद्मा पठाउन स्वीकृति दिएका थिए । जबकि जग्गा सम्बन्धमा भूमिसुधार मन्त्रालयले निर्णय गर्नुपर्ने थियो । अख्तियारमा बयान दिँदै आएका उनीमाथि विशेष अदालतमा मुद्दा चल्ने-नचल्ने निर्णय भने भइसकेको छैन । २९ चैत ०६६ को मन्त्रिपरिषद् बैठकको प्रस्ताव नं ३ मा प्रधानमन्त्री निवास विस्तार र मोही व्यवस्थापनको विषय उल्लेख थियो । उक्त प्रस्ताव तयार पार्नेमा तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालयका सचिव दीप बस्न्यात थिए । गच्छदारले त्यसलाई स्वीकृत गरेका थिए ।

उनलाई अख्तियारको डन्डाबाट जोगाउने भनेको अहिलेको परिस्थितिमा देउवाले नै हो । केही असन्तुष्टिका बाबजुद उनी पार्टी सभापतिको साथमा छन् । महाधिवेशनमा देउवाले उनको उपयोग गर्नेछन् । महाधिवेशनमा देउवाले आफूलाई महत्त्वपूर्ण पदाधिकारी सम्भवतः उपसभापतिका रूपमा अघि सार्छन् भन्ने उनको आशा छ । यसैले विजयसँगको एकीकरणलाई लम्ब्याएर देउवाले आफूसँग राखिरहेका छन् । पार्टी एकीकरणपछि बाँकी रहेको समायोजन प्रक्रिया सकिनासाथ विजयको हातमा आउने महाधिवेशन प्रतिनिधिको ठूलो संख्या निश्चय पनि देउवाका लागि उपयोगी हुनेछ ।

'बैठक वहिष्कार किन ?'

– विमलेन्द्र निधि, *उपसभापति, कांग्रेस*

तीन तहको निर्वाचनमा कांग्रेस पराजित भइसकेपछि पार्टी सभापतिलाई घेर्ने काम मात्र भयो । सभापतिलाई अप्ठेरो पार्ने, मुद्दा निर्माण गर्दै जाने, सभापतिको छवि बिगार्ने अर्को खेमाको एजेन्डा त्यतिबेलैदेखि सुरु भएको हो । सभापतिलाई आरोप लगाउनेदेखि केन्द्रीय समिति बैठक वहिष्कार गर्नेसम्मका काम १४ औं महाधिवेशनमा केन्द्रित छ । संस्थापन पक्षले महाधिवेशन गराउनै चाहँदैन भन्ने आरोपसमेत लगाइयो । बहुमतको निर्णय लादियो भनियो । सहमति जुट्न नसकेपछि बहुमतकै आधारमा निर्णय गर्ने प्रावधान पार्टीको विधानमै छ ।

यदि वार्तामा सबै कुरा मिलिसकेको थियो भने किन बैठक वहिष्कार भयो त ? लोकतान्त्रिक प्रणालीमा यो एजेन्डा राख अनि मात्र बैठकमा आउँछु भन्ने हुँदैन । वरिष्ठ नेता रामचन्द्र पौडेलले अहिले आएर विधानको तीन वटा धारा निलम्बनको बखेडा झिक्नुभएको छ । त्यो यसपालि मात्र त भएको होइन, ११ देखि १३ औं महाधिवेशनमा पनि भएको थियो । त्यतिबेलासम्म संस्थापनमा त उहाँ आफैं हुनुहुन्थ्यो । उहाँले पनि १३ औं महाधिवेशनमा म्याद थपेकै हो । आफ्ना कुरा केन्द्रीय समिति बैठकमा राख्नुपर्‍यो । तब मात्र तोकिएको समयमा महाधिवेशन हुन्छ ।

'सभापतीय सोच खै ?'

– गगन थापा, *केन्द्रीय सदस्य, कांग्रेस*

पार्टी सभापतिको वरिपरि थरीथरीका मान्छे हुन्छन् । चाटुकार हुन्छन् । चटके हुन्छन् । पार्टी सभापतिलाई उत्तेजनामा ल्याएर तत्काल लाभ लिन खोज्ने पनि हुन्छन् । अरूले सभापतीय दृष्टिकोण राख्दैनन् । आजको दिनमा हाम्रो पार्टीमा सभापतीय दृष्टिकोण राख्ने भनेको शेरबहादुर देउवाले नै हो । रामचन्द्र पौडेल वा कृष्ण सिटौलाले पनि त्यो सोच राख्न सक्दैनन् ।

देउवाले हाल सभापतिको जिम्मेवारी निर्वाह गरिरहनुभएको छ कि छैन भनेर सोच्नुपर्छ । हिजो पार्टी फुट्दै गर्दा त्यसबेलाका सभापतिले आफ्नो जिम्मेवारी निर्वाह गर्नुभएन, यसैले पार्टी छाडें भन्ने उहाँको सधैंभरिको जिकिर थियो । आज आफू सभापति हुँदै गर्दा वरिपरिकाले के भने भन्ने कि सभापतीय दृष्टिका साथ निर्णय गर्ने ? विवाद चर्काउनेभन्दा पार्टीलाई एक ठाउँ ल्याएर सबैलाई मिलाएर लग्ने प्रयास गर्नुपर्छ । तर यसका लागि 'स्ट्राइक' गर्ने भनेको सभापतिले नै हो । हामीले त 'पास' दिने मात्र हो । सभापतिले सबै आग्रहबाट मुक्त भएर जिम्मेवारीबोध गरे मात्र अहिलेको समस्याको समाधान निस्कन्छ ।

महाधिवेशन गर्न पार्टीभित्र चर्को दबाब थियो । तर त्यसलाई उनले स्वीकारेनन् । न त उनले चुनाव हारेको नैतिक जिम्मेवारी नै लिए । कांग्रेसभित्र ध्रुवीकरणको प्रारम्भ यहीबाट भएको थियो । र, यहीबाटै सुरु भएको थियो, १४ औं महाधिवेशनका लागि आफ्नो रणनीतिक मोर्चा मजबुत बनाउने दुवै पक्षको प्रयास ।

देउवाले कांग्रेस मुख्यालय सानेपामा ११ पुसको केन्द्रीय समितिबाट महाधिवेशनको कार्यतालिका तोकिदिए । देउवाइतर पक्षले वहिष्कार गरेको केन्द्रीय समिति बैठकबाट देउवाले ०७७ को ७ देखि १० फागुनसम्म काठमाडौँमा १४ औं महाधिवेशन गर्ने निर्णय गराए ।

कांग्रेस केन्द्रीय कार्यसमितिको चार वर्षे अवधि आगामी २० फागुनदेखि सकिँदै थियो । देउवा एक वर्ष अवधि थप्न सकिने पार्टी विधानले दिएको सुविधा प्रयोग गरेर आगामी १९ फागुनसम्म लम्ब्याउने निर्णयमा पुगे । देउवालाई कार्यतालिका ल्याउन दबाब दिइरहेको इतर पक्षले कांग्रेसको परम्पराविपरीत सभापतिले बहुमतका आधारमा निर्णय गरेको भन्दै केन्द्रीय समिति बैठक पटक-पटक वहिष्कार गर्दै आएको छ । २१ पुसमा आफू पक्षीय जिल्ला सभापतिहरूको भेलासमेत बोलाएको छ ।

सोही दिनको केन्द्रीय समिति बैठकबाट देउवाले विभागको संख्या २८ बाट बढाएर ४७ पुऱ्याए । केन्द्रीय कार्यसमितिको संख्या ८५ बाट बढेर १ सय ७१ पुगेकाले विभागको संख्या पनि बढाउनु परेको दलिल संस्थापन पक्षको छ । यी विभागमा २ हजारभन्दा बढी आफ्ना पक्षका कार्यकर्तालाई व्यवस्थापन गर्ने देउवाको दाउपेच बुझ्न कठिन छैन । जबकि विधानअनुसार महाधिवेशन भएको दुई महिनाभित्र विभाग गठन हुनुपर्थ्यो । चार वर्षसम्म विभाग गठन नगरेर देउवाले त्यसलाई महाधिवेशनमा सभापति जित्ने औजारका रूपमा उपयोग गर्न खोजे । इतर पक्ष झस्किनुको एउटा कारण यो पनि हो । त्यसो त कांग्रेसभित्र विगतका महाधिवेशनमा पनि यो अभ्यास हुँदै आएको थियो ।

सोही बैठकबाट देउवाले तरुण दलको म्याद ६ महिना थपे । यसमा भने इतर पक्षको खासै असहमति छैन । उक्त बैठकबाट भएको विधानका केही धारा निलम्बनप्रति इतर पक्षले असहमति जनाउँदै आएको छ । क्रियाशील सदस्यता लिनासाथ महाधिवेशन प्रतिनिधि छनोटका लागि मत प्रयोग गर्न पाउने प्रावधानलाई लिएर इतर पक्ष आक्रोशित छ । क्रियाशील सदस्यलाई गाउँ र नगर वडा अधिवेशनमा क्षेत्रीय प्रतिनिधि चुन्ने अधिकार छ । क्षेत्रीय प्रतिनिधिले केन्द्रीय महाधिवेशन प्रतिनिधि छान्छ । महाधिवेशनमा यिनै प्रतिनिधि मतदाता हुन्छन् । कांग्रेसमा ५ लाख क्रियाशील सदस्य छन । आफू अनुकूलका प्रतिनिधि छनोट गर्ने मूल हतियार क्रियाशील सदस्यता वितरण र नवीकरण भएकाले महाधिवेशनमा यसले खास अर्थ राख्छ । यही विषयलाई लिएर कांग्रेसमा किचलो हुँदै आएको छ ।

११ पुसमा देउवाले कार्यतालिकासहितको निर्णय गर्नु एक साताअघिदेखि दुवै पक्षबीच विवाद समाधानका लागि प्रयास नभएका होइनन्, संस्थापनबाट उपसभापति विमलेन्द्र निधि र पौडेल पक्षबाट प्रकाशमान सिंहको नेतृत्वमा दिलेन्द्र बडु तथा हृदयराम थानी वार्ता टोलीमा जुटेका थिए । देउवाले केन्द्रीय समितिबाट गरेका निर्णयमा सहमति भइसकेको

थियो । नेपाल विद्यार्थी संघको विवाद मात्र बाँकी थियो। त्यसमा पनि समाधान धेरै नजिक पुगेको थियो ।

उपसभापति निधिका अनुसार पौडेल पक्षले नेविसंघमा ४० प्रतिशत हिस्सा चाहेको थियो। निधिले ३५ प्रतिशतसम्म दिन सकिने कुरा सिंहसँग गरे पनि इतर पक्ष त्यसमा सहमत भएन। सिंहले देउवालाई फोन गरेर नेविसंघमा ४० प्रतिशत आफ्नो पक्षको सहभागिता माग गरे । सिटौला पक्षको भाग देउवाले नै दिने सहमति भयो । वार्ताका क्रममा निधिले नेविसंघमा चार महामन्त्रीको प्रस्ताव गरेका थिए भने सिंहले ७ महामन्त्रीको । दुवैबीच सहमति भयो ।

"दुवै पक्षले सार्वजनिक रूपमै विवाद मिलेको बताइरहेका थियौं । तर अचानक पौडेलले ७ महामन्त्रीको प्रस्ताव आफूले गरेको होइन भनेर सहमतिप्रति कडा आपत्ति जनाए," उपसभापति निधि भन्छन्, "जबकि सिंहले नै उक्त प्रस्ताव ल्याएका थिए। आफैंले खटाएको वार्ता टोलीले गरेको सहमतिमा किन पौडेलले अविश्वास गरे ? कुरा त्यहींबाट बिग्रियो। पार्टीलाई अनिर्णयको बन्दी बनाउन सक्ने स्थिति नभएपछि केन्द्रीय समिति बैठकले निर्णय गरेको हो ।"

इतर पक्ष भने निधिको यो दाबीलाई मान्न तयार छैन। इतर पक्षले ४० प्रतिशत मागेपछि सभापतिसँग सोधेर खबर गर्छु भनेका निधि सम्पर्कमै नआएपछि आफूहरू केन्द्रीय समिति बैठकमा नगएको उक्त पक्षको दाबी छ। उसको गुनासो छ, देउवाले केही दिन अझै कुरेर निर्णय गरेको भए विवाद मत्थर हुन सक्थ्यो। तर देउवाले आफ्नो बहुमतको आड लिए ।

"महाधिवेशनजस्तो विषयमा सबैलाई समेटेर नै पार्टी सभापतिले निर्णय गराउनुपर्थ्यो। बहुमत भएकाले मैले जे पनि निर्णय गर्न पाउँछु भन्ने हो भने सभापतिले संसदीय दलको नेताका हैसियतले सरकारलाई प्रश्न उठाउन छाडिदिए हुन्छ । त्यसले नैतिक तागत पनि दिँदैन," केन्द्रीय सदस्य गगन थापा भन्छन्, "त्यसैले सभापतिले बहुमतको आधारमा म सबै कुरा गर्छु भन्ने हो भने आफू कहाँनिर उभिएको छु भन्ने हेक्का राख्नैपर्छ ।"

एकै ठाउँ बस्ने, देउवा घेर्ने

सहमतिको निकै नजिक पुगिसकेको वार्ता बिथोलिएपछि विभिन्न केन्द्रमा विभाजित इतर पक्ष एक ठाउँ आइपुगेको छ। यो पक्ष देउवालाई विभाग गठनदेखि महाधिवेशनमा प्रभावित पार्ने कुनै पनि निर्णय गर्न नदिएर अक्षम सावित गर्ने एजेन्डा लिएर महाधिवेशनमा जान चाहन्छ ।

देउवाले बहुमतका आधारमा निर्णय गर्न थालेपछि भस्किएको इतर पक्ष यो घटनाअघि आपसी संवादमा कमै जुट्थ्यो । तर पछिल्लो समय पौडेल, सिंह, शशांक, शेखर कोइराला, सिटौला, अर्जुननरसिंह केसी, रामशरण महतलगायत इतर पक्षका नेता एकै ठाउँ उभिएका मात्र छैनन्, महाधिवेशनमा देउवालाई परास्त गर्ने रणनीतिसमेत बुन्न थालेका छन् ।

१३ औं महाधिवेशनमा देउवासँग रहेको सिटौला पक्ष पनि पौडेल समूहमा देखिएको छ । पछिल्लो विवादमा सिटौलाले देउवाको कार्यशैलीको आलोचना गर्दै १५ पुसमा बूढानीलकण्ठ पुगेर चार बुँदे ध्यानाकर्षण पत्र बुझाउन पुगे। सिटौला समूहले तयार पारेको

कांग्रेसकेन्द्रित आवरण, *नेपाल*

पत्रमा पौडेलले भन्दा स्पष्ट रूपमा बहुमतका आधारमा निर्णय गर्नु सभापतिको गल्ती भएको भन्दै सबैलाई समेट्न आग्रह गरेको छ। तालिका सच्याउन, क्रियाशील सदस्य छानबिन समिति गठन गर्न, पार्टी संरचना निर्माणमा सहमति तथा विधानका आधारमा निर्णय गर्न आग्रह गरिएको छ। सिटौला पत्रको सन्देश हो, उक्त समूह संस्थापनको साथमा छैन ।

२१ पुसमा इतर पक्षले पार्टी मुख्यालयमा बोलाएको जिल्ला सभापति भेलामा उक्त समूहभित्रका विभिन्न गुटका सभापति सहभागी हुनेछन्। इतर पक्ष पार्टीभित्र बलियो स्थितिमा रहेको संस्थापनलाई आगामी महाधिवेशनमा कडा चुनौती दिन पनि एउटै केन्द्र बनाउन बाध्य छ। देउवाले आफूहरूमाथि बहुमतको बुल्डोजर चलाएको सन्देश यो पक्ष पार्टीको तल्लो निकायसम्म पुर्‍याउन चाहन्छ ।

देउवालाई हाइसन्चो

इतर पक्षमा जस्तै देउवा क्याम्पभित्र पनि गुटहरू छन् । विमलेन्द्र निधि, प्रकाशशरण महत, पूर्णबहादुर खड्का, बालकृष्ण खाँड, आरजु राणाका आ-आफ्नै समूह छन्। यति हुँदाहुँदै पनि यो गुटको स्वीकार्य नेता देउवा नै हुन्। जबकि इतर पक्षमा सभापतिका दाबेदार असंख्य छन् । एकअर्काको अस्तित्वलाई नै स्वीकार्दैनन् ।

वरिष्ठ नेता पौडेलदेखि प्रकाशमान, शशांक, शेखर, सिटौला, अर्जुननरसिंह, महतसम्म सभापति पदका आकांक्षी छन्। तर देउवा क्याम्पभित्र त्यो समस्या छैन। देउवाले आफ्नो समूहलाई महाधिवेशनसम्म एक ठाउँ राख्न सके भने उनका लागि सानेपा मुख्यालय टाढा छैन । यसैले उनी गुटको मात्र नेता हुन चाहन्छन् ।

१३ औं महाधिवेशनपछि देउवाले गुमाएका नेतामा सिटौला, अर्जुननरसिंह केसी, चन्द्र भण्डारी, उमाकान्त चौधरी, गगन थापा, प्रदीप पौडेल आदि हुन्। तर यसको विकल्पमा उनले विजय गच्छदारको पार्टीलाई एकीकृत गरी त्यसलाई आफूसँगै राखेका छन् । यसले देउवाको शक्ति कमजोर भएको देखाउँदैन। देउवाको पछिल्लो निर्णयले उनको 'हाउस' केन्द्रदेखि वडासम्म एक ठाउँ आएको छ । यसले त्यो गुटलाई एकढिक्का राख्न मद्दत नै गर्छ । महाधिवेशनमा देउवालाई यसको लाभ उठाउनबाट रोक्न इतर पक्षलाई त्यति सहज छैन ।

"पार्टीभित्र देउवाको तागत भनेको आफ्नो समूहको कांग्रेस हो, सम्पूर्ण कांग्रेस होइन," एक केन्द्रीय सदस्य भन्छन्, "यसैले उनले आफ्नो समूह रिझाउने तर विपक्षी समूहलाई नफकाउने रणनीति बुनेको देखिन्छ ।" यही कारण हुन सक्छ, इतर पक्षको वहिष्कारका बाबजुद ११ पुसमा देउवाले केन्द्रीय समितिमार्फत पार्टीमा आफ्नो 'पोजिसन' स्पष्ट पारे ।

इतर पक्षलाई सहमतिका लागि धुप हाल्दाहाल्दै पनि बिच्किएपछि पार्टीलाई अनिर्णयको बन्दी बनाउन नसकिएकाले बहुमतका आधारमा निर्णय गर्न बाध्य भएँ भन्ने भाष्य तयार गर्ने देउवाको दाउ बुझ्न कठिन छैन। किनभने १४ औं महाधिवेशन अब धेरै टाढा छैन । ने

अनिश रेग्मी

गाह्रो छ, तैपनि सन्तोकै छ

चेतन अधिकारी

नेपालमा सरकारी र गैरसरकारी निकायले ऐनमौकामा धेरै संख्यामा सर्वेक्षण गरेका छन् । सर्वेक्षण भएका कतिपय प्रतिवेदन सार्वजनिक हुँदैनन् । सार्वजनिक भए पनि तिनको उपयोगिता वा नीति निर्माणमा के-कति प्रयोग भयो, अलग्गै बहसको विषय हो ।

पाँच वर्षअघि (सन् २०१४ मा) देशका ७० जिल्ला समेटेर ज्येष्ठ नागरिकका विषयमा गरिएको *नेपाल ज्येष्ठ नागरिक अध्ययन सर्वेक्षण (नेपाल एजिङ सर्भे)* यस्तै एउटा नमुना हो, जसको प्रतिवेदन अझै सार्वजनिक भएको छैन ।

तत्कालीन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, जनसंख्या महाशाखाले समाज विज्ञान अध्ययन केन्द्र (सेन्टर फर सोसियल साइन्स स्टडिज (कोस) लाई सर्वेक्षणको जिम्मा दिएको थियो । बीचमा स्वास्थ्य मन्त्रालयबाट जनसंख्या हटाएर जनसंख्या तथा वातावरण मन्त्रालय बनेपछि सो अध्ययनको स्वामित्व पनि उतै गयो । अध्ययन प्रतिवेदनको मस्यौदा सोही मन्त्रालयमा बुझाउने काम भयो । आएका सुझावलाई समावेश गरी अन्तिम प्रतिवेदन पनि उक्त मन्त्रालयमै बुझाइयो । तर मन्त्रालयले उक्त प्रतिवेदनमाथि स्वामित्व लिने र सार्वजनिक गर्ने काम बाँकी नै राख्यो । बीचमा फेरि जनसंख्यालाई स्वास्थ्यमै मिसाएर स्वास्थ्य तथा जनसंख्या मन्त्रालय गठन गरिएपछि सो अध्ययन केही अवधि बेवारिसेजस्तो भएर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वामित्वमा आयो । करिब सवा करोड रुपैयाँ लागतमा गरेको अध्ययन प्रतिवेदन केही महिनाअघि मात्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा बुझाइयो । तर प्रतिवेदन अझै प्रकाशन र सार्वजनिक गरिएको छैन ।

*नेपाल*को १ भदौको अंकमा *बूढो हुँदै*

छौँ हामी, बूढो हुने मन छैन शीर्षकमा विश्व पौडेलको आलेख छापिएको थियो । उक्त लेखले बुढेसकालको नियति, स्वास्थ्य अवस्था र हेरचाहबारे संयुक्त राष्ट्रसंघलगायत विभिन्न निकायका अध्ययन प्रतिवेदन र लेखकको आफ्नै अनुभवलाई समेत आधार बनाएर ज्येष्ठ नागरिकका समस्या र समाधानका लागि अपनाउनुपर्ने रणनीति बिस्तारमा चर्चा गरिएको थियो । यस आलेखले नेपालमै ज्येष्ठ नागरिकका विषयमा गरिएको अध्ययनले पत्ता लगाएका तथ्यका आधारमा नेपाली ज्येष्ठ नागरिकहरूले कसरी दिन काटिरहेका छन् भन्ने झलक दिनेछ ।

कुनै पनि देशमा जब बुढ्यौली (एजिङ) बारे बहस सुरु हुन्छ, तब सम्झिनुपर्छ कि त्यस देशको जन्मदर घट्यो । मृत्युदर घट्यो । साक्षरता दर बढ्यो । स्वास्थ्यमा धेरै नागरिकको पहुँच बढ्यो । मानिसको औसत आयु बढ्यो । समग्रमा देश जनसांख्यिक संक्रमणबाट अघि बढेर नागरिकको आर्थिक, सामाजिक स्थितिमा सुधार आउन थालेपछि ज्येष्ठ नागरिकका बारे बहस सुरु हुन्छ । नेपाल अहिले त्यही चरणमा छ । ०६८ सालको जनगणनाअनुसार कुल जनसंख्याको वार्षिक वृद्धिदर १.३५ प्रतिशत हुँदा ज्येष्ठ नागरिक (६० वर्षभन्दा माथिको जनसंख्या) को वृद्धिदर ३.७ प्रतिशत हुनु, कुल जनसंख्यामा ज्येष्ठ नागरिकको अनुपात ८.३४ प्रतिशत हुनु, नेपालीको औसत आयु बढेर ७० वर्षभन्दा माथि हुनु, प्रतिमहिलाको कुल प्रजनन् दर घटेर २.३ बच्चामा झर्नु (सन् २०१६ को नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण) जस्ता सूचकले देशले अब ज्येष्ठ नागरिकबारे अध्ययन, नीति निर्माणजस्ता पक्षमा सोच्नुपर्ने बेला आएको हो भन्ने देखाउँछन् ।



१ भदौमा प्रकाशित ज्येष्ठ नागरिकका मुद्दामा केन्द्रित आवरण कथा

राज्य पुनर्संरचनाअघि देशमा रहेका ७५ मध्ये ७० जिल्लाबाट ज्येष्ठ नागरिकको बसोबास भएका ७ हजार २ सय घरपरिवारलाई वैज्ञानिक विधिको आधारमा नमुना सर्वेक्षण लिई यो अध्ययन गरिएको थियो । प्राडा पुष्पकमल सुवेदी नेतृत्वको विज्ञ समूहले गरेको अध्ययनमा ६० वर्षभन्दा माथिका ८ हजार ६ सय २६ जना ज्येष्ठ नागरिकसँगको अन्तर्वार्ताका आधारमा आएका सूचनाको विश्लेषण गरी प्रतिवेदन तयार गरिएको थियो । अध्ययनले मुख्यत: ज्येष्ठ नागरिकका ६ वटा पक्षमा केन्द्रित भएर अध्ययन गरेको थियो, जसमा जनसांख्यिक अवस्था, आर्थिक अवस्था, स्वास्थ्य र हेरचाह, सामाजिक सुरक्षा, सामाजिक गतिविधिमा सहभागिता र मानसिक अवस्था थिए ।

अध्ययनमा सहभागी महिलामध्ये ५३ प्रतिशत एकल छन् भने श्रीमती गुमाएका पुरुष २२ प्रतिशत छन् । एकल महिला र पुरुषबीचको खाडल हेर्दा पुरुषले पुनर्विवाह गरेका कारण महिलाको तुलनामा थोरै मात्र पुरुष हाल एकल अवस्थामा भएको देखिन्छ । अध्ययनले बाबुआमालाई स्याहार गर्ने हाम्रो परम्परा भत्किँदै गरेको तथ्य देखाएको छ । २६ प्रतिशत ज्येष्ठ दम्पती सन्तानबाट एक्लिएर दु:ख साटासाट गरेर बसेको देखिन्छ । चार प्रतिशत त दम्पतीविहीन एक्लाएक्लै जीवन काट्दै छन् । पाँच प्रतिशत छोरीलगायतका आफन्तसँग बसेका छन् भने ६५ प्रतिशत मात्र छोरा-बुहारीसँग बसेको देखिन्छ । आधुनिकता, यातायात सुविधा र शैक्षिक योग्यता, एकल परिवारप्रतिको अभ्यासका कारण ज्येष्ठ नागरिक आफ्नै सन्तानबाट टाढिँदै गएको अध्ययनले देखाएको छ । अध्ययनअनुसार नेपालका ९१.२ प्रतिशत ज्येष्ठ नागरिकका छोराछोरी आफूसँग छैनन् । यीमध्ये ७२ प्रतिशतले मात्र बाबुआमालाई जीवन निर्वाहका लागि सहयोग गरेका छन् ।

छोराछोरी बराबरी ! : बाबुआमाको स्याहार र हेरचाह छोराले मात्र गर्नुपर्छ भन्ने आम धारणामा व्यापक परिवर्तन आएको अध्ययनले देखाएको छ । छोरीले पनि छोराकै हाराहारी बाबुआमालाई जीवन निर्वाहका लागि सहयोग गरेका छन् । अध्ययनअनुसार ४५ प्रतिशत छोराले ज्येष्ठ बाबुआमालाई सहयोग गर्ने गरेका छन् भने ४४ प्रतिशत छोरीले पनि बाबुआमाको जीवन निर्वाहमा सहयोग गरेका छन् । २३ प्रतिशत बाबुआमा छोराछोरी दुवैबाट लाभान्वित भएका छन् । तर दु:खको कुरा, ३.६ प्रतिशत बाबुआमाले छोरा-बुहारीसँगै बसे पनि कुनै प्रकारको सहयोग पाएका छैनन् । ८७ प्रतिशत ज्येष्ठ नागरिकले औषधोपचारको सहयोग अपेक्षा गरेका छन् । ८० प्रतिशतले सुरक्षित आवास र रुचिअनुसारको खाना खान पाए हुन्थ्यो भनेका छन् भने ६६.७ प्रतिशतले व्यक्तिगत हेरचाह भएको भए जीवन सुखमय हुने थियो भनेका छन् । अधिकांश ज्येष्ठ नागरिकले डिप्रेसन र हीनताबोधको सिकार भएको बताएका छन् । अध्ययनमा सहभागीमध्ये ८१.३ प्रतिशत पुरुष र ८२.२ प्रतिशत महिलाले आफूहरू डिप्रेसन र हीनताबोधको सिकार भएको उल्लेख गरेका छन् ।

आधालाई दम्पतीकै विश्वास छैन, दुई तिहाइलाई छोराको : जीवनको उत्तरार्द्धमा पुगेका ज्येष्ठ नागरिकमा श्रीमान्-श्रीमतीप्रति विश्वासको खाडल गहिरिँदो अवस्थामा रहेको अध्ययनले देखाएको छ । अध्ययनअनुसार ४९ प्रतिशत ज्येष्ठ नागरिकले आफ्ना श्रीमान् वा श्रीमतीप्रति विश्वास नरहेको बताएका छन् । ३६ प्रतिशत ज्येष्ठ पुरुषले श्रीमतीलाई विश्वास गर्दैनन् । यसैगरी ६३ प्रतिशत महिलाले बुढेसकालमा आफ्ना श्रीमान्लाई विश्वास गर्दा रहेनछन् । त्यस्तै, ६७ प्रतिशत ज्येष्ठ नागरिकले छोराप्रति विश्वास नरहेको उल्लेख गरेका छन् । पुरुषको तुलनामा महिलाले छोराको भर बढी गरेको पाइन्छ । किनकि २६ प्रतिशत मात्र पुरुषले बुढेसकालमा छोराले पालनपोषण गर्ला भन्ने विश्वास गरेका छन् भने ४१ प्रतिशत महिलाले बुढेसकालमा छोराले रेखदेख गर्छन् भन्ने विश्वास देखाएका छन् ।

बहुआयामिक द्वन्द्वको मारमा : अनुसन्धानले ज्येष्ठ नागरिक घरायसी द्वन्द्वमा फसेको देखिन्छ । उनीहरूमध्ये १८.९ प्रतिशतले घरमा द्वन्द्व भएको बताएका छन् । यो क्रम तराईमा अझ बढी देखिन्छ । तराईका २१.३ प्रतिशत ज्येष्ठ नागरिक द्वन्द्वमा फसेको देखिन्छ । यसरी हुने द्वन्द्वमध्ये ४१.८ प्रतिशत बुहारीका कारण भएको अनुसन्धानमा देखिएको छ । बुहारीसँग हुने द्वन्द्व तराईमा अझ बढी छ, जसमा ४७.५ प्रतिशत ज्येष्ठ नागरिकको बुहारीसँग द्वन्द्व परेको देखिन्छ । नेपाली समाजमा सासू-बुहारी द्वन्द्व पुरानो समस्या हो, जसलाई यो अनुसन्धानले पनि

पुष्टि गरेको छ । बुहारीसँग मात्र होइन, ज्येष्ठ दम्पतीबीच पनि द्वन्द्व चलेका कारण उनीहरूको दैनिक जीवन सन्तोषजनक नभएको देख्न सकिन्छ । २६.४ प्रतिशत दम्पतीको आपसमा द्वन्द्व परेको देखिन्छ । अनुसन्धानमा कुनै मापदण्ड नराखी धनी र गरिब ज्येष्ठ नागरिक भनेर पनि किटान गरिएको छ । यी दुई वर्गका ज्येष्ठ नागरिकका दम्पतीमा हुने द्वन्द्वको प्रतिशत पनि फरक-फरक देखाइएको छ । अनुसन्धानमा भनिएको छ, 'धनी दम्पतीमध्ये २४.९ प्रतिशत आपसमा बेमेल भएर बसेका छन् भने गरिब दम्पतीमा यो बेमेलको मात्रा ३५ प्रतिशत छ ।' अनुसन्धानका आधारमा भन्न सकिन्छ कि अभावका कारण वृद्ध दम्पती आपसमा झगडा गरिरहेका छन् । तर के कारणले यस्तो द्वन्द्व भएको हो भन्ने अनुसन्धानमा खुलाइएको छैन । ज्येष्ठ नागरिकको तनाव यतिमा मात्र सकिँदैन । २४.७ प्रतिशत बाबुआमाको द्वन्द्व छोरासँग पनि देखिन्छ ।

त्यति मात्र होइन, ज्येष्ठ नागरिक घरभित्रै १० प्रकारका द्वन्द्वमा रुमलिएका छन् । ३३ प्रतिशत ज्येष्ठ श्रीमान्‌ले श्रीमतीसँग घरझगडा हुने गरेको बताएका छन् । श्रीमान्‌को तुलनामा ज्येष्ठ श्रीमतीहरू बढी समझदार देखिएका छन् । उनीहरूमध्ये २० प्रतिशतले मात्र श्रीमान्‌सँग झगडा हुने गरेको बताएका छन् । ३१ प्रतिशत ज्येष्ठ बाबुहरूले छोरासँग झैझगडा हुने गरेको बताएका छन् भने १९ प्रतिशत आमाहरूले मात्र छोरासँग झगडा हुने गरेको बताएका छन् । ५२ प्रतिशत सासूहरूले बुहारीसँग झगडा हुने गरेको बताएका छन् भने ३० प्रतिशत ससुराहरूले बुहारीसँग झगडा हुने गरेको उल्लेख गरेका छन् । अनुसन्धानमा बाबुछोरीको सम्बन्ध निकै सुमधुर देखिन्छ । ०.५ प्रतिशत ज्येष्ठ बाबुहरूले मात्र छोरीसँग झैझगडा हुने गरेको बताएका छन् भने २.२ प्रतिशत आमाहरूले छोरीसँग झगडा हुने गरेको बताएका छन् । ज्वाइँ-ससुराको सम्बन्धमा पनि केही न केही दरार देखिन्छ । १ प्रतिशत ज्येष्ठ ससुराहरूले ज्वाइँसँग झगडा हुने गरेको बताएका छन् । तर सासू-ज्वाइँ सम्बन्धचाहिँ अत्यन्तै सुमधुर देखिन्छ । अनुसन्धानले ज्वाइँ-सासू सम्बन्धमा कुनै किसिमको दरार नभएको स्पष्ट पारेको छ ।

आफूले भोगेको घरायसी झगडा २० प्रतिशतले अरूलाई सुनाउने गरेका छन् । यो क्रममा पुरुषभन्दा महिलाले अरूलाई बढी सुनाउने गरेको देखिन्छ । महिला २०.१ प्रतिशत र पुरुषले १७.८ प्रतिशतले आफूले बेहोरेका द्वन्द्व नजिकका मान्छेलाई सुनाउने गरेका छन् । यस्ता ज्येष्ठ नागरिकमध्ये सम्बन्धविच्छेद भएकाहरूले सबभन्दा बढी अरूलाई यस्ता कुरा सुनाउने गरेका छन् । २३.२ प्रतिशतले आफूले बेहोरेका झगडा वा मानसिक तनाव आफ्ना नजिकका मान्छेलाई सुनाउने गरेका रहेछन् ।

अनुसन्धानका अनुसार आधाजसो ज्येष्ठ नागरिकले आफ्ना बुहारीसँग गुनासो गरेका छन् । तिनले आफूहरूलाई बुहारीले अपमान गर्ने गरेको बताएका छन् । ४९.३ प्रतिशत ज्येष्ठ सासू-ससुराहरूले बुहारीले आफूलाई अपमान गरेको बताएका छन् । बुहारीले मात्र हैन, ज्येष्ठ बाबुआमालाई छोराहरूले पनि अपमान गर्ने गरेका रहेछन् । यसरी बाबुआमालाई अपमान गर्ने छोराको संख्या २५.३ प्रतिशत छ । दम्पतीबीच पनि एकअर्कालाई सम्मान-आदर गर्नुपर्नेमा १५ प्रतिशत ज्येष्ठ श्रीमान्‌ले श्रीमतीलाई र श्रीमतीले श्रीमान्‌को अपमान गर्ने गरेको गुनासो गरेका छन् ।

सन्तोकै छ : जेजस्तो परिस्थिति बेहोरेर जिन्दगीको उत्तरार्द्धमा आइपुगे पनि धेरैजसो ज्येष्ठहरूले जिन्दगीप्रति खुसी नै व्यक्त गरेका छन् । यसरी जिन्दगीमा जति हन्डर-ठक्कर खाए पनि सन्तोकै छ भन्ने ज्येष्ठहरू ६६.७ प्रतिशत छन् । जिन्दगीबाट सन्तुष्टि लिनेहरूमा पुरुषको तुलनामा महिला अलि कम छन् । उनीहरूमध्ये ५१.१ प्रतिशतले मात्र हालसम्मका वसन्त सन्तोकले नै बितेको बताएका छन् । बिहे नगरी बुढेसकालमा प्रवेश गरेका अविवाहित ज्येष्ठहरूचाहिँ जिन्दगीबाट त्यति धेरै सन्तुष्ट रहेनछन् । उनीहरूको यो अनुभवले सबैलाई घरजम गरेर वैवाहिक जीवनमा प्रवेश गरेर मात्र बुढेसकाल अलि सहज हुने सन्देश दिएको छ । जिन्दगीसँग सन्तोक मान्नेहरू गाउँमा भन्दा सहरमा बढी रहेछन् । सहरका बाआमामध्ये ६९.४ प्रतिशतले जिन्दगीलाई हाँसी-खुसी बितेको बताउँदा गाउँका ६४.६ प्रतिशतले मात्र जिन्दगी खुसीले बितेको बताएका छन् । यसरी सन्तोकले जिन्दगी बिताउनेमा शिक्षित ज्येष्ठको संख्या बढी छ ।

जिन्दगी बेखुसी ढंगले बिताउनु परेका बाआमाका पीडा विभिन्न किसिमका छन् । उनीहरूमध्ये २९.९ प्रतिशतले आफूलाई निराशाले सताएको बताएका छन् भने २१.१ प्रतिशतले हरदम रिस उठ्ने गरेका बताएका छन् । यस्तै, १७.९ प्रतिशतले जिन्दगीमा आफूले तनाव भोगिरहेको बताएका छन् भने ६.८ प्रतिशतले पीडैपीडामा जिन्दगी बिताइरहेको बताएका छन् । यसमध्ये पनि सम्बन्धविच्छेद गरेका र दम्पती अलग्गिएर बसेकाहरूले आफूलाई बढी पीडा भएको बताएका छन् ।

राजनीतिमा रुचि छैन : नेपाली राजनीतिमा ज्येष्ठ नागरिकको हालीमुहाली भयो भनिरहेका बेला अनुसन्धान छनोटमा परेका ज्येष्ठहरूले आफूलाई राजनीतिमा रुचि नभएको बताएका छन् । यो संख्या पुरुषको तुलनामा महिलाको अधिक छ । ५८.७ प्रतिशत पुरुषले आफूलाई राजनीतिमा कुनै रुचि नभएको बताउँदा ८६.७ प्रतिशत महिलाले आफूलाई राजनीतिमा रुचि नभएको उल्लेख गरेका छन् । अनुसन्धान हुनु केही अघि भएको निर्वाचनमा ७.६ प्रतिशत पुरुषले मतदानमा सहभागी नभएको बताए भने १४.१ प्रतिशत महिलाले मतदानमा सहभागी नभएको बताएका छन् । कतिपय ज्येष्ठ नागरिकले परिवारको दबाबमा राजनीतिक रूपमा आफ्नो धारणा राख्न स्वतन्त्र नभएको बताएका छन् । यस्ता ज्येष्ठको संख्या ७ प्रतिशत छ ।

भ्रमण वर्षलाई धक्का

नेपाली हवाई क्षेत्रले ईयूको कालोसूचीमा निरन्तरता पाउनु चुनौतीको संकेत

मस्त केसी

१५ साउनमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीको कार्यभार सम्हाल्दै योगेश भट्टराईले नेपालको हवाई क्षेत्रलाई युरोपियन युनियन (ईयू) को कालोसूचीबाट छिट्टै हटाउने घोषणा गरेका थिए ।

तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीले ८ असार ०७५ मा प्रतिनिधिसभाको बैठकमा उडानसम्बन्धी समसामयिक विषयमा सांसदले उठाएका जिज्ञासालाई सम्बोधन गर्दै नेपालको हवाई क्षेत्र ईयूको कालोसूचीबाट तत्काल हट्ने जवाफ दिएका थिए ।

पाँच महिनाअघि काठमाडौँमा सम्पन्न एसिया तथा प्रशान्त क्षेत्रको हवाई महानिर्देशकको सम्मेलनमा पनि युरोपियन आकाशमा नेपाली जहाज प्रतिबन्ध फुकुवा हुने नेपालले विश्वास लिएको थियो । तर नीतिगत सुधार, सुरक्षालगायतका प्रश्नमा विश्वसनीय नभएपछि ईयूले नेपाली अधिकारीले राखेको माग पूरा गरेन ।

नेपालको हवाई क्षेत्र सन् २०१३ डिसेम्बरमा ईयूको कालोसूचीमा परेको थियो । ६ वर्षको बीचमा १० पर्यटनमन्त्री, ९ पर्यटन सचिव र ३ नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक फेरिए (*हेर्नुस्, बक्स*) । सबैले नेपाललाई उक्त सूचीबाट हटाउने प्रतिबद्धता जनाए तर उपलब्धि शून्य । नेपाल भ्रमण वर्ष-२०२० को सँघार (९ डिसेम्बर) मा युरोपियन युनियन एभियसन सेफ्टी एजेन्सी (ईसा) ले सार्वजनिक गरेको 'सेफ्टी अडिट' मा नेपालको हवाई क्षेत्र थप ६ महिनाका लागि कालोसूचीमा परेको छ । यसले कम्तीमा अर्को ६ महिना युरोपको आकाशमा नेपाली जहाज उड्न पाउने छैनन् । ईसाले हरेक ६ महिनामा आफ्ना सदस्य राष्ट्रको हवाई क्षेत्रको 'सेफ्टी अडिट' गर्छ ।

कालोसूचीले जहाज उड्नमा प्रतिबन्ध लगाउने मात्रै होइन, अन्तर्राष्ट्रिय जगत्मा मुलुकको उड्डयन क्षेत्रको धुमिल छवि पनि उजागर गरेको छ । नेपाल भ्रमण वर्षको सँघारमा ईयूको निर्णयले कार्यक्रमलाई नै असर पार्ने हो कि भन्ने शंका पनि उब्जाएको छ । ईयूको कालोसूचीमा परेकैले नेपाल घुम्न आउने विदेशी पर्यटकलाई बिमा कम्पनीले बिमा शुल्क महँगो लिँदै आएका छन् । यसले स्वाभाविक रूपमा पर्यटकको नेपाल भ्रमणलाई केही महँगो बनाइदिएको छ । अर्कोतर्फ ६ वर्ष लगातार कालोसूचीमा पर्नुले नेपाली उड्डयन क्षेत्रको विश्वसनीयता र सुरक्षामा पनि प्रश्न गर्ने ठाउँ राखिदिएको छ । पर्यटन व्यवसायी एवं ट्रेकिङ एजेन्सिज् एसोसिएसन अफ नेपाल (टान) का अध्यक्ष खुमबहादुर सुवेदी कालोसूचीले भ्रमण वर्षलाई ठूलो असर नगरे पनि प्रभाव भने पर्ने बताउँछन् । उनी भन्छन्, "अर्काको देश र नयाँ ठाउँमा निस्कने पर्यटकलाई ससाना कुराले पनि सशंकित बनाउन सक्छ ।"

पूर्वपर्यटनमन्त्री जीवनबहादुर शाही कालोसूचीले भ्रमण वर्षमा ठूलो असर पुऱ्याउने बताउँछन् । "पर्यटक पहिलो पटक ठोक्किन पुग्ने हवाई क्षेत्रको विश्वसनीयता नहुँदा मुलुकप्रतिकै छवि नकारात्मक बन्न पुग्छ," उनी भन्छन्, "यसले पर्यटक आगमन संख्यामा असर नगर्ने कुरै भएन ।" लामो समयसम्म कालोसूचीमा निरन्तरता पाउनु व्यवस्थापकीय मात्रै नभई, कूटनीतिक असफलता पनि भएको शाही बताउँछन् । एसियाली मुलुक जापानकै उडान पनि राम्रोसँग चल्न नसक्नुको कारण कालोसूची भएको उनको भनाइ छ ।

पर्यटनमन्त्री भट्टराईचाहिँ कालोसूचीले

कालोसूची जस्ताको तस्तै

नेपालको हवाई क्षेत्रलाई कालोसूचीमा राखिएका बेला पर्यटनमन्त्री थिए, रामकुमार श्रेष्ठ । त्यसपछि क्रमशः भीम आचार्य, दीपक अमात्य, कृपाशुर शेर्पा, आनन्द पोखरेल, जीवनबहादुर शाही, दिलनाथ गिरी, जितेन्द्रनारायण देव, रवीन्द्र अधिकारी हुँदै अहिले योगेश भट्टराई मन्त्री छन् । तत्कालीन मन्त्री अधिकारीको हेलिकप्टर दुर्घटनामा निधन भएपछि ५ महिना प्रधानमन्त्री केपी ओलीले पर्यटन मन्त्रालयको पनि जिम्मेवारी सम्हालेका थिए ।

पर्यटन सचिवका रूपमा सुशील घिमिरे, सुरेशमान श्रेष्ठ, दिनेश थपलिया, प्रेम राई, शंकर अधिकारी, महेश्वर न्यौपाने, कृष्ण देवकोटा, मोहनकृष्ण सापकोटाले जिम्मेवारी सम्हालिसके भने केदारबहादुर अधिकारी बहालवाला सचिव छन् । यस बीचमा नेपाल नागरिक उड्डयन प्राधिकरणमा रतिशचन्द्रलाल सुमन र सञ्जीव गौतमले महानिर्देशकको जिम्मेवारी पूरा गरे भने अहिले राजन पोखरेल महानिर्देशक छन् ।

भ्रमण वर्षलाई प्रभाव पार्न नसक्ने दाबी गर्छन् । "हामीले अन्तर्राष्ट्रिय उडानका थुप्रै मापदण्ड पूरा गरेका छौँ," उनी भन्छन्, "यही एउटा सूचीले मात्रै असर गर्छजस्तो मलाई लाग्दैन ।" अहिले प्रयोग भइरहेका जहाज तथा उड्डयन उपकरणको 'सेफ्टी र सेक्युरिटी' मा कुनै सम्झौता नगरिएका कारण नेपालमा हवाई सुरक्षाको विश्वसनीयता बढेकाले ईयूको सूचीले पर्यटन वर्षमा ठूलो प्रभाव नपर्ने भट्टराईको भनाइ छ ।

सेवाप्रदायक र नियामक निकाय एउटै हुँदा समस्या भएको भन्दै ईयूले लामो समयदेखि नेपाल नागरिक उड्डयन प्राधिकरणलाई दुई निकायमा विभाजन गर्न सुझाव दिँदै आएको थियो । सोहीअनुसार अहिले प्राधिकरणलाई दुई निकाय बनाउन आवश्यक ऐन संसद्मा पेस गर्ने तयारी हुँदै छ । ऐन संसद्बाट पारित भएर कार्यान्वयनमा आए नियामक र सेवाप्रदायकका रूपमा प्राधिकरण छुट्टिनेछ । अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आईकाओ) ले सन् २०१७ मा गरेको अडिटमा समेत सेवा र नियामक निकाय फरक बनाउन सुझाएको थियो ।

नेपालले आईकाओको सुरक्षा मापदण्ड ६८ प्रतिशत पूरा गरेको छ । प्राधिकरणका अनुसार अन्तर्राष्ट्रिय हवाई क्षेत्रमा भइरहेको अभ्यास र आधुनिक प्रविधि प्रयोगमा पनि नेपालले कुनै कसर बाँकी राखेको छैन । हवाई सुरक्षालाई ध्यानमा राखेर सरकारले जापानी अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) को सहयोगमा ०७५ जेठमा ललितपुरको भट्टेडाँडामा अत्याधुनिक राडार जडान गरेको छ । सो राडारले नेपालको हवाई क्षेत्रमध्ये ७५ प्रतिशत क्षेत्र ओगटेको छ । जहाजको उडान दिशाबारे जानकारी लिन सक्ने उक्त राडारले अवैध उडानको नियन्त्रण तथा नियमनमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याएको प्राधिकरणको भनाइ छ । तैपनि नेपालले कालोसूचीमा निरन्तरता पाएको छ । प्राधिकरणका महानिर्देशक राजन पोखरेल हवाई क्षेत्रमा निरन्तर सुधारका प्रयासले छिट्टै समाधान निस्कने बताउँछन् । "ईयूले राखेको मुख्य चासोलाई सम्बोधन गर्ने गरी प्राधिकरणको संस्थागत संरचना सुधारको प्रयास अन्तिम चरणमा छ," उनी भन्छन्, "संसद्को चालू अधिवेशनबाट नागरिक उड्डयन प्राधिकरण ऐन र हवाई सेवा प्राधिकरण ऐन पारित भएपछि समस्या समाधान हुनेमा हामी विश्वस्त छौँ ।"

नेपाली हवाई क्षेत्रलाई युरोपेली आकाशमा लगाइएको प्रतिबन्ध फुकाउने विषयमा ईयू सम्बद्ध राष्ट्र तथा प्रतिनिधिसँग पटक-पटक छलफल भएको मन्त्री भट्टराई बताउँछन् । "ईयूको चासोलाई सम्बोधन गर्ने खालका नीतिगत सुधारका प्रयास जारी छन्," उनी भन्छन्, "पछिल्लो समय हवाई दुर्घटनाको दर पनि घटेको छ ।" भ्रमण वर्षको भव्य तयारी लामो समयदेखि भइरहे पनि कालोसूचीबाट हटाउने पहलका लागि आवश्यक नीतिगत सुधारको काम किन गरिएन ? भट्टराई भन्छन्, "मैले पदभार सम्हालेको छोटो समयमै संसद्को बर्खे अधिवेशन अन्त्य भएकाले आवश्यक ऐन पारित गर्न सकिएन । तर सुधारका प्रयास र पहल भने भइरहेका थिए ।" प्राधिकरणलाई अलग बनाउने ऐन संसद्बाट पारित भएपछि ९० प्रतिशत ईयूको मापदण्ड पूरा हुने र नेपाल कालोसूचीबाट हट्ने भट्टराईको विश्वास छ ।

ईयूको मापदण्ड पूरा गर्न प्राधिकरणको नियामक र सेवाप्रदायक संस्था अलग भएर मात्र हुँदैन, भइसकेपछि पनि नियमनकारी संस्था कत्तिको सक्षम छ ? त्यसको सुपरिवेक्षण गर्न ईयूले प्रतिनिधि पठाउने गर्छ । त्यस्तै, निष्पक्ष र स्वतन्त्र निकायका रूपमा विमान दुर्घटना छानबिन आयोग गठन हुनुपर्ने तथा वायुसेवाको सुपरिवेक्षण प्रभावकारी हुनुपर्ने पनि ईयूको मापदण्ड छ । ईयूले नेपाली आकाशमा हुने गरेका दुर्घटना, विमानस्थलको अवस्था, अन्तर्राष्ट्रिय हवाई सेवामा पहुँच तथा हवाई कानुनप्रति नियमित चासो राख्दै आएको छ । नेपालको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल, त्यसको पनि एउटा मात्र धावनमार्ग र बढ्दै गएको हवाई चाप भ्रमण वर्षका साथै ईयूको कालोसूचीबाट मुक्त हुने चुनौतीका रूपमा छन् । ने

"लामो समयसम्म हवाई क्षेत्र कालोसूचीमा पर्नु व्यवस्थापकीय मात्रै नभई, कूटनीतिक असफलता पनि हो ।"

– **जीवनबहादुर शाही**, पूर्वपर्यटनमन्त्री

एक एस्पेरान्तो

अवकाश जीवनलाई सिर्जनशील बनाउँदै साहित्यकर्मी तीर्थराज वन्त

राजकुमार बानियाँ
तस्बिर : सरोज बैजु

'अमेरिकामा प्रायः मानिस अवकाशपछि डिप्रेसनमा जान्छन् अनि चाँडै मर्छन् । ड्याडी, तपाई अब के गर्नुहुन्छ ?'

हाल पूर्वी टिमोरमा राष्ट्रसंघको कन्ट्री डेपुटी डाइरेक्टर जेठी छोरी लाजिमा भट्टले यसो भन्दा तीर्थराज वन्त, ८१, ले अवकाश जीवनबारे सोचिसकेका थिएनन् । ६० वर्ष उमेरमा नेपाल रेडक्रसको कार्यकारी निर्देशकबाट बिदा लिएपछि वन्तले पाँच-छ महिना खुब टेलिभिजन हेरे, मस्त सुते अनि मात्र छोरी लाजिमाको 'हाई अलर्ट' सम्झे । र, अठोट गरे- अब झन् सक्रिय हुन्छु । बर्सेनि किताब निकाल्छु ।

वन्तको क्रियाशीलताको प्रमाण के भने पोहोर साल तीसौँ किताब आयो, *आगो : केही ताप, केही राप* । अग्निकाव्यपछि यसपालि दुइटा किताबमा काम गरिरहेका छन् । संस्मरण र बौद्ध ग्रन्थमा प्रयोग हुने हजार शब्दजतिको शब्दकोश । "बौद्ध ग्रन्थमा अर्हत, भिक्षु, तथागत, तथता आदि शब्द आइरहन्छन् । ती शब्दको संकलन गरी अर्थ समेट्ने कोसिसमा छु," उनी विनम्र छन्, "त्यसका लागि सुहाउँदो विद्वता भने मसित छैन ।"

सालिन्दा किताब प्रकाशन कतिपयलाई निको नलाग्ला पनि । तर वन्तको हकमा त्यो सक्रियताको प्रमाणचिह्न हो । सक्रिय पनि किन नहुनु ? लेख्नका लागि पढ्नैपर्‍यो । पढेपछि लेख्ने हुटहुटी भइहाल्छ । लेख्ने, पढ्ने अनि समय बिताउने क्रम अब सोखमा बदली भइसक्यो ।

उनका अधिकांश किताबको प्रकाशक हो, मोन्दआमिको ओन्त । एस्पेरान्तो भाषामा यसको अर्थ हुँदो रहेछ, विश्वको साथी वन्त । यी विश्वबन्धु पहिले एक हजार थान किताब छाप्थे, अहिले त्यसलाई पाँच सयमा खुम्चाएका छन् । "किताब पसलेहरू पैसा पनि दिँदैनन्, किताब पनि फिर्ता गर्दैनन्," उनी भन्छन्, "त्यसैले कवि, लेखक, साथीभाइलाई उपहार दिएर सिध्याउँछु ।"

मदन पुरस्कार गुठीले वन्तलाई प्रवचन दिन बोलायो । कारण थियो, उही एस्पेरान्तो । अंग्रेजी प्रभुत्वको विकल्पमा आएको एस्पेरान्तो खासमा समानताको विश्वभाषा थियो । चाँडै सिकिने र कसैको राजनीति एवं संस्कृतिमा धक्का नदिने यो भाषा सन् १८८७ जुलाई २६ मा जन्मेको थियो ।

डाक्टर एस्पेरान्तो (आशावादी) उपनामले रूसी भाषाबाट पहिलो पुस्तक लेखेका थिए, डा लाजारो लुदोभिक जामेनहोफले । भाषिक न्यायको भाव बोकेको यस भाषाको प्रतीक चिह्न हो, पाँचकुने हरियो तारा । हरियो रङले आशा र ताराको पाँच कुनाले पाँच महाद्वीप जनाउँछ ।

नेपालमा एस्पेरान्तोको प्रचलन भने सन् १९५७ मा मात्रै आयो । काठमाडौँ एस्पेरान्तो समाजका संस्थापक अध्यक्ष तीर्थराज वन्त नै थिए । अन्य संस्थापक श्रीप्रसाद श्रेष्ठ, बैकुण्ठमान मास्के, केशवराम जोशी, गम्भीरमान श्रेष्ठ हुन् । एस्पेरान्तो सिक्ने तीन सय विद्यार्थीमध्ये महाकवि लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण सम पनि रहेछन् । "एस्पेरान्तोको व्याकरणका नियम एकदमै सजिलो," वन्त भन्छन्, "शब्दको अन्त्यमा ओ आए नाम, आई आए क्रिया अनि ए आए विशेषण ।"

पुर्ख्यौली वंशवृक्ष हेर्ने हो भने वन्त खानदानी लाग्छन् । उनका पुर्खा पाटनका चौबीस कोठी महाजन रहेछन् । पाटने राजा सिद्धिनरसिंह मल्ल र गोरखाली राजा राम शाहबीचको सन्धिपत्रअनुसार उनका पुर्खा गोरखा गएको इतिहास छ । सातौँ पुस्ताका गुणवन्त सिंह भीमसेन थापाका पालामा मुलुकी खरिदार-मेजर (अहिलेका मुख्यसचिवसरह) थिए । नेपाली अड्डाखानामा स्रेस्ता प्रणालीको ढाँचा प्रयोगमा ल्याउने उनै मानिन्छन् ।

रोचक के भने पाटनबाट गोरखा गएका प्रायः चौबीस कोठी महाजन व्यापार-व्यवसायमा लागे तर वन्तका पुर्खा प्रशासनिक सेवामा । यसरी काठमाडौँ र गोरखा दुवैतिर बसोबास रह्यो । वन्तका काका विष्णुराज वन्त न्यायाधीश थिए ।

राजा त्रिभुवनले नारायणहिटी दरबारभित्रै गठन गरेको रक्तपात मण्डलका सदस्य थिए, तीर्थराजका पिता गणेशराज वन्त । त्यही राज्यविप्लवको निहुँमा राणा शासकले उनलाई १२ वर्ष जेल ठेके । तर जुद्धशमशेर राजपाठ छाडेर रिडी जाने बेला उनी मुक्त भए ।

पछि प्रजापरिषद्मा लागेका गणेशराज ००७ को क्रान्तिताका गोरखा कब्जामा सक्रिय थिए । राजा त्रिभुवनले बाहिरी नेतासित सम्पर्क गर्नेमा कम्पाउन्डर चन्द्रमान सैँजु र उनी पर्थे । तीर्थका भाइ रघुराज वन्त ओलम्पियन धावक हुन् ।

काठमाडौँको ठमेलमा जन्मेका हुन्, तीर्थराज । मरूटोलको शान्ति निकुञ्ज स्कुल पढ्दापढ्दै उनी ००४ मा गोरखाको बगुवा गए । त्यहाँको स्याउले स्कुल धाएको चार वर्षपछि फर्किए, शान्ति निकुञ्जमै । राणाशाहीविरूद्ध लागेको त्यो स्कुललाई क्रान्ति निकुञ्ज पनि भन्ने गरिएको थियो ।

कानुनमा स्नातक र राजनीतिशास्त्रमा स्नातकोत्तर वन्त सुरूमै राजदरबारमा पिताजीको पहुँच र प्रिन्सेप शाहसितको सम्बन्धका कारण नेपाल रेडक्रसमा छिरे । तर पछि निवेदन लिई जाँचबुझपछि जागिर पक्का गरिएको वन्तको भनाइ छ । यसैबीचमा केही वर्ष सरस्वती कलेज र बाल्मीकि संस्कृत महाविद्यालयमा प्राध्यापन गरे, उनले । सरस्वती कलेजमा रामचन्द्र पौडेल, अर्जुननरसिंह केसीलगायत नेता उनका विद्यार्थी थिए । उनका अरू पनि

nepalmag.com.np

थुप्रै विद्यार्थी सचिव र मन्त्री भए ।

वन्तको स्थायी मुकाम भने घुमीफिरी रेडक्रस नै भयो । रेडक्रसमा उनको जिम्मेवारी थियो, फन्ड रेजिङ अफिसर । तर त्यहाँ उनले एकाउन्टबाहेक सबै टेबलमा काम गरे । ३० वर्ष कार्यकारी निर्देशक रहेर दुई-तीन सय कर्मचारीको नेतृत्व लिए । एक वर्ष अवैतनिक सल्लाहकारसहित कुल ३८ वर्ष सेवा गरे ।

उनलाई नेपाली र संस्कृतका स्कुले शिक्षकले साहित्य लेखनमा चस्का लगाइदिएका रहेछन् । वन्तका लागि एक कविताको रचना ध्यानबराबर लाग्छ । उनका लागि कविता स्वान्त सुखायको स्रोत हो । "कवितामा म मनको भाव पोख्नुलाई महत्त्व दिन्छु, अरूलाई मजा आउला कि नआउला, त्यो पछिको कुरा हो," उनी भन्छन्, "बाहिरका राम्रा कविता पढ्दा अनुवाद गर्ने रहर जागिहाल्छ ।"

०२३ तिर कम्युनिस्ट पार्टीका संस्थापक निरञ्जनगोविन्द श्रेष्ठको किताब पसलमा भेटेको त्यो कविता अनुवाद गरेर सुरुमा *हिमानी* पत्रिकामा छापेका थिए, उनले । ०२७ मा नेपाल (राजकीय) प्रज्ञाप्रतिष्ठानले कविता अनुवाद छाप्यो, *तुफूका केही कविता* । एकेडेमीका सदस्यसचिव हुँदा चीन गएका सत्यमोहन जोशीले उनलाई भने रे, 'तीर्थ, तिमीले एकेडेमीको नाकै राखिदियौ ।'

रेडक्रसको जागिरका कारण पनि अनुवाद अनिवार्य भयो, उनका लागि । उनले हेनरी ड्युनाको *सल्फेरिनोको सम्झना, रेडक्रस र मेरो देश*लगायत जेनेभा महासन्धि, तिनका सन्धिपत्र, मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनबारे थुप्रै पुस्तकलाई नेपालीमा उत्था गरेका छन् ।

०२४ मा किताब जफत भए पनि प्रहरी कारबाहीबाट बालबाल बँचियो

बाहिरका राम्रा कविता पढ्दा अनुवाद गर्ने रहर जागिहाल्छ

वन्तसित नेपालीसहित नेवारी, हिन्दी, अंग्रेजी, फ्रेन्च, बंगाली आदि धेरै भाषाको ज्ञान छ । उनको नेवारी भाषाको कवितासंग्रह हो, *न्हू मखुगु मिखाय्* न्हू जः (पुरानो आँखामा नयाँ ज्योति) । उनको घरमा आमा र पत्नी मात्र नेवारी बोल्छन् ।

गीताकृष्ण खरेल र आफूले संयुक्त रूपमा लेखेको कथासंग्रह *तुहेको साँझ* ०२४ मा अञ्चलाधीश कार्यालयले प्रेसबाटै जफत गरेको प्रसंग उनलाई स्मरणीय लाग्छ । धन्न एक प्रति प्रेसमै बचेको रहेछ र ५० वर्षपछि उनले प्रकाशन गर्न पाए । त्यसको विशेषता के भने १० वटा कथा कसले लेख्यो भनेर छुट्याइएको छैन । "कथा सामान्य थियो तर केहीमा पञ्चायतविरुद्ध व्यंग्य थिए," उनी सम्झिन्छन्, "किताब जफत भए पनि प्रहरी कारबाहीबाट बालबाल बँचियो ।"

वन्तले गरेको पहिलो अनुवाद भने तुफूका कविता हुन् । सातौं शताब्दीका चिनियाँ कवि तुफूले त्यतिबेलै हतियार र युद्धको विरोध गरेका रहेछन् । हतियारलाई पगाली कुटो, कोदालो बनाई बाँझा पाटा आवाद गर्नुपर्ने शान्तिवादी विचार छ, उनको ।

"रेडक्रसमा भएका बेला सेना र प्रहरीका विद्यालयमा व्याख्यान दिन जानुपर्थ्यो, अनुवाद नगरी सुखै थिएन," वन्त सुनाउँछन्, "अन्तर्राष्ट्रिय मानवीय कानुनको आधार हाम्रा धर्मशास्त्र हुन् । महाभारत, रामायण, दुर्गासप्तशती, पुराण, स्मृतिहरूबारे शोध गर्न चाहेको छु । लेख्न सक्छु भन्ने छ तर भ्याउँछु कि भ्याउँदिनँ, यसै भन्न सक्दिनँ ।"

वन्तले अनुवाद गरेको तमिल महाकाव्य हो, *तिरुक्कुरल* । तमिल भाषामा तिरुको अर्थ सानो र क्कुरलको अर्थ बीज बुझिन्छ । अर्थात्, बीजमित्रको विशालता । सन्तश्री कवि तिरुवल्लुवरको यो महाकाव्यलाई दुई हजार वर्ष पुरानो मानिएको छ । तमिलको गीता मानिने यो महाकाव्य विश्वका ९२-९३ भाषामा अनुवाद भएको छ । यसका १ सय ३३ अध्यायमा १ हजार ३ सय ३० श्लोक छन् । प्रत्येक अध्यायले एउटा महत्त्वपूर्ण कुरा बोल्छन् ।

तिनताका भारतबाट धेरै शिक्षार्थी प्राइभेट जाँच दिन आउँथे । वन्तको सहयोग पाएका मद्रासका एक विद्यार्थीले अंग्रेजीमा अनुवाद गरिएको तमिल भाषाको किताब ल्याइदिएका थिए । तमिलभाषी चार्टर्ड एकाउन्टेन्ट कृष्ण स्वामीको सहयोगमा उनले त्यसलाई पाँच पटकसम्म अनुवाद गरे । र, त्यो ०६८ मा आएर मुद्रण भयो ।

लेखन उनको रगतमै छ । अझ भन्ने हो भने उनको तीन पुस्ता लेखनमा छन् । उनी, पिता र पुत्र । बुबा गणेशराजका तीन भजन संग्रह प्रकाशित छन् । पुत्र प्रत्यूषका पनि इतिहास र अनुसन्धानसम्बन्धी थुप्रै किताब आइसकेका छन् ।

शास्त्रीय गायक बुबालाई ठहिँटीको प्रदीप्त पुस्तकालय गएर किताब ल्याइदिनु वन्तको काम हुन्थ्यो । त्यसपछि उनलाई किताब अध्ययन र संकलनको लत लाग्यो । किताब पढ्ने क्रममा सन्दर्भ सामग्री पनि आउँछन् । त्यो आउनेबित्तिकै उनी किताब खोज्न हिँडिहाल्छन् ।

काव्यपारखी भएकाले उनको संकलनमा २ हजार ५ सयभन्दा ज्यादा नेपालीका काव्य किताब छन् । नेपालसम्बन्धी किताब संकलन पनि उनको सोखमा पर्छ । अहिले त्यसको बिंडो पुत्रले थामिरहेका छन् ।

"मदन पुरस्कार पाएका मात्र होइनन्, पाएसम्म नोबेल साहित्य पुरस्कार विजेता किताबलाई पनि संकलनमा समेटेको छु," उनी भन्छन्, "मैले पढेका किताबमा धर्का, चिह्न र नोट धेरै हुन्छन् र त्यसैले अरूलाई दिन्नँ ।"

वन्त अहिले पुस्तकालय अभियानमा लागेका छन् । उनीलगायतको नेतृत्वमा काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय पनि खुल्यो । उनी आफैं पढेको स्कुलमा पुस्तकालय स्थापना गर्न लागिपरेका छन् । वन्त एक दशकयताका विद्यालय व्यवस्थापन समिति अध्यक्ष पनि हुन् । "म पुस्तक प्रायः मागेर होइन, किनेरै पढ्छु, नपाएका किताब पुस्तकालयबाट ल्याउँछु," उनी भन्छन्, "हरेक विद्यालय र गाउँमा पुस्तकालय खोल्नमा तन, मन र धनले सघाउन चाहन्छु ।"

तीन छोरी र एक छोराका पिता वन्त नेपाल अपांग संघ, अन्धाकल्याण संघ, विश्व सम्बन्ध परिषद् आदि सामाजिक संस्थासित लामो समय आबद्ध रहे । तिनका कारण आठ दशकको उमेरमा पनि अत्यन्त सक्रिय छन् । १४ कवितासंग्रह र दुई कथासंग्रहका यी लेखकलाई पुरस्कारले भने कहिल्यै पछ्याएनन् । तैपनि उनले कसैसित गुनासो गरेनन् । मिस्टर एस्पेरान्तो न परे । ने

राष्ट्रिय खेल कुन हो ?

पदक जित्ने खेललाई बनाउने कि लोकप्रियलाई बनाउने भन्नेमा अन्योल



तस्बिरहरू : केशव थापा

१३ औँ सागमा श्रीलंकासँग प्रतिस्पर्धा गर्ने क्रममा नेपाली महिला भलिबल खेलाडी

पवन आचार्य

युवा तथा खेलकुद मन्त्रालयले ५ फागुन ०७५ मा राष्ट्रिय सभामा दर्ता गराएको खेलकुदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०५७ माथि छलफलका लागि विधायन व्यवस्था समितिले सरोकारवालालाई बोलाएको थियो। समिति बैठकमा सांसदहरूले प्रश्न राख्नुअघि नै नेपाल भलिबल संघ अध्यक्ष मनोरञ्जनरमण शर्माले प्रश्न गरे, 'नेपालको राष्ट्रिय खेल के हो त माननीयज्यूहरू ?'

उनको प्रश्नमा धेरै माननीय मौन नै बसे। केहीले डन्डीबियो र केहीले कपर्दी नै नेपालको राष्ट्रिय खेल भएको तर्क गरे। जबकि ८ जेठ ०७४ मा बसेको मन्त्रिपरिषद् बैठकले नेपालको राष्ट्रिय खेल भलिबल घोषणा गरिसकेको थियो। कानुन निर्माण गर्ने जनप्रतिनिधिलाई नै राष्ट्रिय खेलबारे समेत जानकारी नभएबाट भलिबल संघका अध्यक्ष शर्मा अचम्भित छन्। उनको प्रश्न छ, "राष्ट्रिय खेलकै बारेमा जानकारी नभएका सांसदहरूले कसरी नेपाली खेलकुदको विकासका लागि मार्गप्रशस्त गर्लान् ?"

यसरी भयो भलिबल राष्ट्रिय खेल

०६२-६३ को आन्दोलनपछि मुलुकमा व्यवस्था परिवर्तन भयो। त्यसपछि नयाँ नेपालको नारा पनि खुबै उरालियो। नेपाली खेल क्षेत्र पनि त्यसबाट अछुतो रहने कुरै भएन। मुलुक गणतन्त्रमा गइसकेपछि राष्ट्रिय खेलबारे पनि सोहीअनुसारको चर्चा भयो। त्यतिबेलासम्म नेपालको राष्ट्रिय खेल डन्डीबियो र कपर्दी भनिए पनि त्यसको कुनै आधिकारिकता थिएन। जनजिब्रोमा चाहिँ नेपालको राष्ट्रिय खेलका रूपमा डन्डीबियो झुन्डिएकै थियो।

०६५ मा काठमाडौँमा पाँचौँ राष्ट्रिय खेलकुद गर्दा सदस्यसचिव थिए, जीवनराम श्रेष्ठ। कम्युनिस्ट पृष्ठभूमिका श्रेष्ठले खेलकुदलाई आमूल परिवर्तनको आभास गराउने भन्दै महत्त्वाकांक्षी योजना 'भिजन २०२०' अघि सारे। त्यसमा दक्षिण एसियाली खेलकुद हुँदै एसियाड र ओलम्पिकमा नेपाललाई कसरी पदक दिलाउने भन्ने पनि समेटिएको थियो। त्यही योजनामा मुलुकको राष्ट्रिय खेल के हुने भन्नेबारे बहस चलाउनेसमेत उल्लेख थियो। श्रेष्ठ राखेपको नेतृत्वमा रहँदा केही जिल्लामा राष्ट्रिय खेल के हुनुपर्छ भन्ने बहस पनि भयो। पाँचौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा खेलाडी, प्रशिक्षक र दर्शकलाई पनि फारम भर्न लगाएर राष्ट्रिय खेलबारे मत संकलन गरिएको थियो। "मुलुक नयाँ व्यवस्थामा गइसकेपछि खेलकुद पनि त्यसबाट अछुतो नहोस् भन्ने प्रयासस्वरूप राष्ट्रिय खेलबारे बहस थालिएको थियो," त्यसबेला किन त्यो आवश्यक थियो भन्नेबारे उनी सुनाउँछन्, "तर हामीकहाँ पदक जित्ने खेललाई राष्ट्रिय खेल बनाउने या लोकप्रियलाई बनाउने भन्नेमा मत बाझियो।"

नेपालबाटै विकास भएको र आफ्नै मौलिकता बोकेको खेललाई राष्ट्रिय खेल बनाउनुपर्छ भन्नेहरूले डन्डीबियोलाई जोड दिए। अन्यले चाहिँ अन्तर्राष्ट्रिय पदक बढी जित्ने र ओलम्पिकमा समेत पदक जित्ने आश गरिएको तेक्वान्दोलाई राष्ट्रिय खेल बनाउनुपर्ने मत जाहेर गरेका थिए। श्रेष्ठ भन्छन्, "डन्डीबियो र कबड्डी पनि भारतबाटै आएको खेल भएकाले मौलिकता भन्ने उहाँहरूको तर्क बलियो रहेन। ओलम्पिकमा पदकको आश गरिएको तेक्वान्दोलाई प्रस्ताव गर्नुपर्छ कि भन्नेमा विचारविमर्श जारी हुँदै गर्दा म पदबाट हटेँ। त्यसपछि राष्ट्रिय खेलको बहस त्यत्तिकै सेलायो।"

त्यसको झन्डै एक दशकपछि खेलकुदमन्त्रीमा आए, दलजित श्रीपाइली। उनले राष्ट्रिय खेलबारे निर्णय गर्न राखेपमा अड्किएको फाइल अघि बढाए। पुष्पकमल दाहालको मन्त्रिपरिषद्ले ४ जेठ ०७४ मा भलिबललाई नेपालको राष्ट्रिय खेल घोषणा गर्ने निर्णय गर्‍यो। तत्कालीन खेलकुदमन्त्री श्रीपाइली भन्छन्, "नेपालको हावापानी सुहाउने खेलका रूपमा भलिबल परिचित भएकाले त्यसैलाई राष्ट्रिय खेल बनाउने प्रस्ताव मैले मन्त्रिपरिषद्मा पेस गरेको हुँ। राष्ट्रिय खेलको घोषणा गर्दा कुनै विवाद भएन।" त्यतिबेला पनि लोकप्रियताका आधारमा क्रिकेट र पदक जित्ने खेलका रूपमा तेक्वान्दोलाई राष्ट्रिय खेल घोषणा गर्न लबिइङ चलेको थियो।

भलिबल संघले त हस्ताक्षर संकलन गरी राखेपका तत्कालीन सदस्यसचिव केशवकुमार बिष्टलाई बुझाएर दबाबसमेत दिएको थियो। विष्ट भलिबलप्रति सकारात्मक भएकाले मन्त्रीलाई पनि सहमत गराए। त्यतिबेला ७५ वटै जिल्लामा शाखा भएको एक मात्र खेलको रूपमा भलिबल थियो। हिमाल, पहाड र तराई, जहाँ पनि सजिलै खेल्न सकिने खेलका रूपमा

भलिबललाई राष्ट्रिय खेलका लागि प्रस्ताव गरिएको तत्कालीन मन्त्री श्रीपाइली बताउँछन्।

विवादको जरो

राष्ट्रिय खेलको मान्यता पाएको २ वर्ष नबित्दै भलिबल राष्ट्रिय खेल रहने/नरहने अन्योल बढ्यो। खेलकुद मन्त्रालयले तयार पारी राष्ट्रिय सभामा ०७५ फागुनमा दर्ता भई पारित भएको खेलकुदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०५७ को व्याख्यात्मक टिप्पणीको २९ नम्बरको दफामा राष्ट्रिय खेल घोषणासम्बन्धी प्रावधान छ। सो दफामा नेपालको राष्ट्रिय खेलको घोषणा गर्न आवश्यक भएको उल्लेख छ। सो दफामा उल्लेख भएको 'नेपाल सरकारले राखेपको सिफारिसमा कुनै एक खेललाई राष्ट्रिय खेलको रूपमा घोषणा गर्न सक्नेछ' भन्ने प्रावधान नै अहिलेको विवादको खास जरो हो। भलिबललाई सरकारले राष्ट्रिय खेल घोषणा गरिसकेपछि बनेको विधेयकमा सोही कुरा उल्लेख नगरी राखेपको सिफारिसमा सरकारले राष्ट्रिय खेल घोषणा गर्न सक्नेछ भन्ने उल्लेख हुनुलाई धेरैले शंकाको घेरामा राखेका छन्। भलिबल संघका अध्यक्ष मनोरञ्जनरमण शर्मा प्रश्न गर्छन्, "भलिबल राष्ट्रिय खेल घोषणा भइसकेपछि फेरि अर्को राष्ट्रिय खेलको घोषणा गर्न लागेजस्तो प्रावधान विधेयकमा समेट्नुपर्ने आवश्यकता किन पर्‍यो ?" राष्ट्रिय खेल घोषणा गर्दा मुलुकको भौगोलिक विकटता, अन्य खेलको तुलनामा थोरै लगानी र देशभर पहुँच भएको आधारमा भलिबललाई छनोट गरिएकामा अहिले परिवर्तन गर्न लागिएजस्तो शब्दावली प्रयोग भएकामा संघको आपत्ति छ।

पूर्वमन्त्री श्रीपाइली पनि विधेयकमा

^ १३ औं सागमा रजत पदक प्राप्त गरेपछि नेपाली महिला भलिबल टिम

नेपालको राष्ट्रिय खेल भलिबल भनी उल्लेख हुनुपर्ने तर्क गर्छन्। "राष्ट्रिय खेल भनेर कसैलाई घोषणा नगरेको अवस्थामा विधेयकको प्रावधान ठीक हुन्थ्यो। तर भलिबल नै राष्ट्रिय खेल भनेर सरकारले निर्णय गरिसकेको अवस्थामा कुनै पनि खेललाई सरकारले राष्ट्रिय खेल घोषणा गर्न सक्छ भन्ने प्रावधान राख्दा अन्योल सिर्जना हुनु स्वाभाविक छ," उनी भन्छन्।

विधेयकमा देखिएको अन्योल हटाउन भलिबल संघले राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, खेलकुदमन्त्री जगतबहादुर सुनार विश्वकर्मा, ओलम्पिक कमिटीका अध्यक्ष एवं प्रतिनिधिसभाका सांसद जीवनराम श्रेष्ठ, शिक्षा तथा स्वास्थ्य समितिका सभापति जयपुरी घर्तीलगायतको ध्यानाकर्षण गराइसकेको छ। अध्यक्ष शर्मा भन्छन्, "हामीसँगको कुराकानीमा विधेयक संशोधन गर्छौं भनेका छन्। अब प्रतिनिधिसभामा के गर्छन्, थाहा छैन। तर हामी निरन्तर खबरदारी गरिरहन्छौं।"

तर सांसद श्रेष्ठ सरकारको निर्णयमा राष्ट्रिय खेलको घोषणा हुने भन्ने प्रावधानले कुनै संशय ननिम्त्याउने तर्क गर्छन्। भन्छन्, "राखेपको सिफारिसमा मन्त्रिपरिषद्ले निर्णय गर्ने हो। यसअघिको मन्त्रिपरिषद्को निर्णयलाई अहिले नै उल्ट्याइन्छ भन्ने छैन। त्यसैले भलिबल संघ यसमा धेरै चिन्तित हुन जरुरी छैन।"

एकभन्दा बढी राष्ट्रिय खेल

राष्ट्रिय खेल घोषणा हुँदैमा त्यो मुलुकले सोही खेलमा प्रगति गर्छ भन्ने ग्यारेन्टी हुन्न। अर्जेन्टिनाको राष्ट्रिय खेल पातो हो। तर उसको नाम फुटबलबाट कहलिएको छ। ब्राजिलको पनि राष्ट्रिय खेल कापोएइरा हो। विश्वभर ब्राजिलको नाम फुटबलकै कारण छ। जबकि क्यारेबियन मुलुक हाइटीको राष्ट्रिय खेल फुटबल हो तर उसले सो खेलमा त्यति सफलता प्राप्त गर्न सकेको छैन। अफ्रिकी मुलुक जमैकाको राष्ट्रिय खेल क्रिकेट हो तर अहिले सो खेलमा उसको नामोनिशान छैन।

ओलम्पिक कमिटी अध्यक्ष जीवनराम श्रेष्ठ राष्ट्रिय खेल हुँदैमा त्यसले प्रगति गर्छ भनेर सोच्नु नै गलत ठान्छन्। कुनै पनि खेलमा राष्ट्रले कति लगानी गरेको छ भन्ने आधारमा त्यसको सफलता वा असफलता निर्भर गर्ने उनको तर्क छ। आफू राखेपमा हुँदा एकभन्दा बढी खेललाई राष्ट्रिय खेलको रूपमा घोषणा गर्ने तयारी गरेको उनी सुनाउँछन्। "विश्वका धेरै देशमा राष्ट्रिय खेल एकभन्दा बढी छन्। पदकको सम्भावना भएका र लोकप्रियता कमाएका गरी कम्तीमा दुइटा खेललाई राष्ट्रिय खेलको मान्यता दिन सकिन्छ कि भनेर प्रयास गरियो। तर आखिरमा केही पनि भएन," उनी भन्छन्।

क्यानडामा पनि दुइटा राष्ट्रिय खेल छन्। गर्मीमा लाक्रोस र जाडोमा आइस हकी त्यहाँका राष्ट्रिय खेल हुन्। इरानमा त राष्ट्रिय खेल नै तीन वटा छन्। कुस्ती, पोलो र परम्परागत एथ्लेटिक्स भारजेस ई बस्तानी। नामिबियाले पनि फुटबल, नेटबल र रग्बीलाई राष्ट्रिय खेलको मान्यता दिएको छ।

खेल जानकार एवं नेपाल खेलकुद पत्रकार मञ्चका निवर्तमान अध्यक्ष महेश आचार्यका अनुसार खेलमा लगानी प्रोत्साहन गर्ने वातावरण नबनेसम्म राष्ट्रिय खेल भनेर घोषणा गर्दैमा केही हुँदैन। "हामीकहाँ खेलकुदमा पनि लगानी गर्नुपर्छ भन्ने बहस बल्ल सुरु भएको छ," उनी भन्छन्, "लगानी नगर्ने तर राष्ट्रिय खेल नामकरण मात्रै गर्ने भए जतिलाई बनाए पनि केही फरक पर्दैन। तर एउटा खेल विशेषलाई अघि बढाउन सकियो भने त्यसबाट प्रतिफल पनि आश गर्न सकिन्छ।"

राष्ट्रिय खेल घोषणा गर्दैमा सो खेलको कायापलट हुन्छ भन्नु नै अतिशयोक्ति हुने आचार्यको तर्क छ। नेपालको हकमा भलिबलले २ वर्षयता राष्ट्रिय खेलको मान्यता पाए पनि सरकारका तर्फबाट उपलब्धिमूलक सहयोग नपाएको उनको अनुभव छ। ■

भलिबलले के पायो त ?

राष्ट्रिय खेल घोषणा भएपछि भलिबल संघले युवा तथा खेलकुद मन्त्रालय र राखेपबाट प्रमाणपत्र पायो। तर भलिबल संघले नयाँ कभर्ड हल निर्माणका लागि हालेको निवेदनउपर कुनै सुनुवाइ भएको छैन। संघको वार्षिक साधारणसभामा प्रमुख अतिथि भएका तत्कालीन सदस्यसचिव केशवकुमार बिष्टले धुलिखेलमा भने, 'वर्ष ०७५ मा २ हजार ७५ वटै भलिबल संघमार्फत वितरण गर्छौं।'

बिष्टको कार्यकाल सकियो तर संघले एउटै बल नपाएको गुनासो अध्यक्ष शर्मा गर्छन्। राष्ट्रिय खेल घोषित भइसके पनि सरकारबाट थुप्रै सहयोग पाइएला भन्ने आश गरेको भलिबल संघ निराशाको दोहोरो मारमा पिल्सिएको छ। राष्ट्रिय खेलको मान्यता गुम्ने हो कि भन्ने खतरासँगै सरकारी बेवास्तालाई कसरी झेल्ने हो, संघका पदाधिकारीसँग यसको उपाय छैन।

तर राष्ट्रिय खेल घोषणा हुनु र भलिबलले नेपाललाई अन्तर्राष्ट्रिय सफलता दिलाउनु सुखद संयोग नै बन्न पुग्यो। मालदिभ्समा पुरुष टिमले सेन्ट्रल जोन भलिबलमा नेपाललाई कास्य दिलाएको केही समयपछि भलिबल राष्ट्रिय खेल घोषणा भएको थियो।

यसै वर्ष नेपालको महिला टिमले सेन्ट्रल जोनको उपाधि उचाल्यो। मुलुकमै भएको १३ औं दक्षिण एसियाली खेलकुद सागमा नेपाली महिला टोलीले पहिलो पटक रजत पदक जित्यो। पदकका हिसाबले रजत भए पनि भारतलाई फाइनलमा २ सेट हराउनु नेपाली महिला टोलीको मुख्य उपलब्धि रह्यो। नेपालले अहिलेसम्म भारतलाई भलिबलमा एउटै सेट हराउन सकेको थिएन।

तर पूर्वाधारको लेखाजोखा गर्ने हो भने भलिबललाई राष्ट्रिय खेल घोषणा हुनु र नहुनुले खासै फरक पारेको छैन। किनभने खेलकुदमा लगानी गर्नुपर्छ भन्ने राष्ट्रले बुझेकै छैन। त्यो नबुझेसम्म राष्ट्रिय खेल हुनु र नहुनुले कुनै पनि खेल संघ, त्यसका पदाधिकारी र खेलाडीलाई छुँदैन।

निर्वाणान्दले छाडेको चप्पल

राजकुमार बानियाँ

जीवन के हो ? सुख के हो ? बुद्धत्व के हो ? ब्रह्मत्व के हो ? यी प्रश्नको मूर्त जवाफ सायद कसैसँग छैन । शास्त्रोक्त परिभाषा सत्य हुन् निजी जीवनको अनुभवकै कसी ? शैलेन्द्र अधिकारीको *निर्वेद*ले यावत् प्रश्नको व्याख्या भोगाइमै लगेर टुंग्याएको छ । आखिर भोगाइ नभए के हो त जीवन ?

नेपाली आख्यानका क्षेत्रमा शैलेन्द्र अधिकारी नयाँ हुन् तर बजारु प्रभावबाट सर्वथा मुक्त छन् । आफूलाई पढ्न मन लागेको युवा जोगीको आख्यान अरू कसैले नलेखेपछि आफैंले लेखेको उनको स्वीकारोक्ति छ ।

कम्युनिस्ट जार्गन फलाकेर युवाकाल बिताएका शैलेन्द्रले पूर्वीय वेदान्त दर्शनको परिपथ समाउनु आफैँमा कायाकल्प हो । वेदान्त दर्शनलाई आख्यानमा प्रस्तुत गर्ने नवीनतम प्रयास निष्फलै पनि भएको छैन, पढिसकेपछि मनको अन्तरकुन्तरमा युवा जोगीको स्थान रहन्छ नै ।

जोगी-जीवनको रहस्य के छ ? सायद यही प्रश्न आख्यानको रचनागर्भ हुंदो हो । खरानीभेषी र जटाधारी जोगी हुलिया मात्र हो कि जीवनदर्शन वा चिन्तन पनि ? के सामाजिक जीवनबाट निवृत्त जोगी-जीवन सजिलो छ ?

विश्वविद्यालयमा शोधरत चौबीस क्यारेटको भोगी ठिटो जोगीपन बुझ्ने लालसामा आर्यघाट र पशुपति क्षेत्रका वैदिक ऋचा र भक्तिसंगीतको रङमा भुल्छ, साधु, स्वामी, बाबा र वैरागीको संगत गर्दै जीवनका विस्मय तत्त्वबोध गर्न थाल्छ । गुरू निर्वाणानन्दसँगै हरिद्वार पुग्छ । अघिल्लो दिन सँगै रहेका गुरु चप्पलको निशानी छाडेर हराउँछ । त्यही चप्पल नै आख्यानले भेटाएको सानदार जीवनदर्शन हो ।

मसानदेखि ज्ञान वैराग्यसम्मको विमर्श छ, उपन्यासमा । म पात्रको वैराग्य र मोक्षप्राप्तिको मानसिक संघर्ष पनि छ । जोगीलाई बुझ्न मात्र प्रेयसीसित बिदा मागेर आश्रम छिरेको व्यक्ति संन्यासीहरूकै मायावी दुनियाँमा कसरी फस्यो ? त्यो प्रसंग रोचक छ । संगसँगै नानीको जवानीको पछि लागेको नमराज तीन महिनामै स्वामी निर्वाणानन्द बनेको कथा पनि । उपन्यासमा आदर्श, गरिमा, व्यक्तित्व र स्वयंप्रतिको आत्मसम्मानबाट स्खलित समाज पनि सचित्र आएको छ ।

पाशुपत क्षेत्र, शिवपुरी जंगल हुंदै हरिद्वारसम्मको फराकिलो क्यान्भासमा छ, *निर्वेद* । मुख्य पात्र मात्र नभएर सहायक पात्रहरू पनि स्मरणीय छन् । भौतिकवाद र अध्यात्मवादबीचको आत्मसंघर्ष यसमा जीवन्त भएर आएको छ । पूर्वीय ज्ञानको अरूणिमा देखाउनु यस आख्यानको सामर्थ्य हो ।

आख्यानमा केही सामयिक प्रश्नहरु पनि छन् । घरपरिवार त्यागेर हिंडेका संन्यासीले आश्रममा सम्पत्ति किन, केका लागि र कसरी सञ्चय गरे ? आश्रमको वैभव के संन्यासको विपरीत छैन ? घाटका शवासनहरू किन मौन छन् ? यिनको मौनता किन लाउड छ ?

औपन्यासिक अर्थमा 'निर्वेद' भन्नु वैराग्य हो । ज्ञान, विचार, भाव, सुख-दुःख, परिवार, मान-अपमान आदिबाट विरक्त अवस्था । नाम, उपाधि, राग, वासना, विषय र भावको शून्य स्थिति । निर्वेद मोक्षसम्म पुग्ने अनिवार्य खुट्किलो हो । भावमा अभावको, उपस्थितिमा अनुपस्थितिको, ज्ञानमा अज्ञानको बोध वैराग्य अर्थात् निर्वेद हो । निर्वेद त्यो बिन्दु हो, जसबाट बटुवा आफ्नो गन्तव्यको आभा दर्शन गर्छ ।

उपन्यासका सम्पूर्ण घटनाक्रम शृंखलाबद्ध छन् । यसको मेनुमा घाट, चिता, मृत्यु, नैराश्य जीवनका तमाम विषय अटाएका छन् । यसले काव्याख्यान या काव्यान्यासजस्तो भान पनि दिन्छ । भाषा, शैली र शिल्प मौलिक छ । शैलेन्द्र अधिकारीले एउटा आख्यानात्मक सम्भावना देखाएका छन् ।

पूर्वदीप्ति शैलीमा लेखिएको यो उपन्यासको वाचन बलियो छ तर पाठकले अन्त्यको भेउ पहिल्यै पाइसक्छन् । नमे अर्थात् नमराज योगी निर्वाणानन्द बनेको कथा त्यति विश्वासिलो छैन । कथामा ट्वीस्ट दिन सक्नु पनि सिर्जनशील लेखकको प्रतिभाको द्योतक हो ।

आध्यात्मिक कथावस्तुको निबन्धात्मक वर्णन भएकाले कथा अलि अमूर्त पनि लाग्छ । संस्कृत पृष्ठभूमि र आध्यात्मिक रूझान नभएका पाठकलाई अलमलाउन पनि सक्छ । *निर्वेद* नेपाली आख्यानको चल्तीकै भूमरीमै अलमलिएको छ कि साँच्चै पृथक छ ? त्यो त पुस्तक हातमा लिएपछि नै पक्का हुन्छ । ने



निर्वेद
लेखक : **शैलेन्द्र अधिकारी**
प्रकाशक : **शिखा बुक्स**
पृष्ठ : २५१
मूल्य : **३५० रुपैयाँ**

तीन किताब

अखिलेश उपाध्याय | पत्रकार

चिनियाँ चमत्कार

केही दशकयता भूराजनीतिक गैरआख्यानमा केन्द्रित छु । खासगरी रोबर्ट कप्लानका पुस्तक पढेपछि चीन चासोमा बढोत्तरी भयो । चीनजस्तो लामो खेल खेल्ने देशलाई अध्ययन गर्नु भूपरिवेष्ठित मुलुकको आवश्यकता पनि हो ।

हुआ युको **चाइना इन टेन वर्ड्स**ले पश्चिमाले देखे-लेखेभन्दा भिन्न दृष्टिकोणबाट चीनलाई चिनाउँछ । यु भन्छन्, 'साहित्यमा हुने रहस्यमय शक्तिले भिन्न समय, देश, जाति, भाषा र संस्कृतिको लेखकसँग पाठकको सनसनीपूर्ण जम्काभेट पुस्तकमा हुन सक्छ ।' बनिबनाउ पूर्वाग्रहबाट बचेर किताबमा जनता, नेता, माओ, पठन-लेखनबारे चर्चा गर्दै चिनियाँ सांस्कृतिक क्रान्तिमाथि गहिराइमा बुझाएका छन् ।

माओको अगुवाइमा सम्पन्न सांस्कृतिक क्रान्तिको छवि राम्रै मानिन्छ तर पार्टीप्रति आफ्नो बफादारी देखाउन अन्य सदस्यलाई खुइल्याउने आन्तरिक प्रतिस्पर्धा आश्चर्यजनक लाग्छ । त्यसताका आत्मालोचना गर्नुपर्ने अवस्थालाई लेखकले आफूलाई बच्चाका रूपमा उभ्याएर वर्णन गरेका छन् । आफ्ना प्रतिष्ठित पिताबारे नकारात्मक खुलासा हुने आशंकाले उनलाई रातदिन पिरोल्दो रहेछ । उनलाई जे कुराको डर थियो, आखिरमा त्यही भयो ।

चीन अहिले जुन गतिमा विकासको मार्गमा कुदेको छ, त्यसले विपद् ल्याउन सक्ने आकलन पनि गरिन्छ । धनी र गरिबबीच बढ्दो अराजकतालाई उजागर गर्न लेखकले आश्चर्यजनक आँकडा र उपाख्यानलाई जोडेका छन् । तथ्य हुंदाहुंदै पनि यो किताब अनुभूतिजन्य सरसताले भरिएको छ ।

विश्वमै महाशक्तिको रूपमा उदाउँदो देश चीनबारे अनेक रहस्यमय हल्ला चल्छन् तर हुआले व्यापार चेत, अन्तर्दृष्टि र साहसका आधारमा 'चिनियाँ चमत्कार' र त्यसका नतिजालाई प्रस्टसँग राखेका छन् । चीन र चिनियाँ नीतिप्रति आलोचनात्मक नै भए पनि उनीसँग चिनियाँ अनुभूति सघन छ ।

शास्त्रीय माओवाददेखि विभिन्न देशका अनेक माओवादी अभ्यास हेर्दा यसको इतिहास लामै देखिन्छ । **माओइज्मः अ ग्लोबल हिस्ट्री**मा जुलिया लोभेलले चीनबाट उठेको माओवादको व्याख्या गर्दै भियतनाम, कम्बोडिया, इन्डोनेसिया, तान्जानिया, कंगो, जिम्बाबे, पेरू, भारत र नेपालका माओवादीबारे पनि अध्ययन गरेकी छन् । नेपाली माओवादका सन्दर्भमा आदित्य अधिकारीको *द बुलेट एन्ड द ब्यालेट बक्स*बाट लेखक अत्यन्त प्रभावित देखिन्छिन् ।

६०/७० दशकमा निर्मित विश्वव्यापी छविभन्दा निकै जटिल व्यक्ति हुन्, माओ । भद्रगोल परिस्थितिलाई सम्हालेर लगे पनि उनी साम, दाम, दण्ड, भेद सबै जान्दथे । विरोधी विचारलाई तह लगाएरै अगाडि बढ्ने रणनीति हुन्थ्यो, उग्र माओवादमा । माओकै पालामा धेरै मानिस मारिएका छन् भने साम्यवादी कृषि प्रणालीको प्रयोगले थुप्रै चिनियाँले भोकमरीमा ज्यान गुमाएका छन् । माओवादको निकै खराब प्रयोग कम्बोडियामा भयो, जहाँ पोलपोटको शासनकालमा आधुनिक मानवताविरूद्ध जघन्य अपराध भए । राष्ट्रवादी माओबाट केही अर्थमा सी चिनफिङ पनि प्रभावित देखिन्छन् ।

माओत्से तुङकै माओवादमा नदेखिएको जनजातीयता नेपालको माओवादी युद्धमा भने एक चालक शक्ति बन्यो । जातीय र लैंगिक उत्पीडनविरूद्ध मोर्चाहरू खडा भएकाले नेपालको माओवादी युद्धले छिट्टै गति लिएको तथ्यलाई बिर्सन सकिंदैन । सत्ताप्राप्तिपछि नेपाली माओवादी विभिन्न टुक्रामा विभाजित भए । त्यसको ठूलो हिस्सा संसदीय सत्तामा छ भने सानो समूह विद्रोही लहरमा ।

धेरै अनुसन्धानले पुष्टि गरेको छ कि कुनै पनि व्यक्ति/समाज विकरालता या अतिवादमा पस्दा मानवता र नैतिकता भत्किन्छ । तर ६० लाख मानिस राखिएको हिटलरको क्याम्पभित्रका केहीले भने साहसी र मानवतावादी काम गरेका घटनावली **फेसिङ द एक्स्ट्रिम**मा पढ्न पाइन्छ । स्वेटेन तोदोरोभलिखित यो किताबमा ग्यास च्याम्बर लानुअघि क्याम्पमा राखिएका यहुदीहरूको भोगाइलाई मनोवैज्ञानिक शैलीमा पस्किएको छ । आफू बाँच्ने नाममा सामान्य मानवता पनि बिर्सिदिने थुप्रै मानिसमाथि तोदोरोभले व्यक्तिगत शोध नै गरेका छन् । आपतविपद्मा महिला आफ्नो पीडानुभूति अरूलाई सुनाएर हल्का हुने कोसिस गर्ने तर आदर्श र अहंका कारण पुरूष उदासीमा फस्छन् ।

समुदायका गन्यमान्यदेखि राजनीतिक नेतृत्वमा समेत नैतिक स्खलन देखिन्छ । राजनीतिक परिवर्तन र संकटका बेला उत्साहित जनता नेतृत्वको नैतिक मेरूदण्ड हराएपछि निराश हुन्छन् । उद्धारक नेतृत्व नभेटिएपछि सामान्य परोपकारी र सहयोगी व्यक्तिमै नायकत्वको प्रतिविम्ब हेरेर चित्त बुझाउनुपर्छ । कहिलेकाहीं आफ्नो समुदाय र साहसमाथि सन्देह पैदा हुंदा यो किताब दोहोऱ्याउँछु ।

■ **प्रस्तुति : गुरुङ सुशान्त**

घुमन्ते युवराज

पर्वत पोर्तेल
तस्बिर : नवराज वाग्ले

गोठाले नाटक घर शिल्पीको जग मात्रै हाल्न भ्याएका थिए, रंगकर्मी घिमिरे युवराज, ४०, ले ०६४ ताका । मधेस आन्दोलन उत्कर्षमा थियो । त्यही बेला जोखिम मोलेरै देशव्यापी सद्भाव नाट्य यात्रामा निस्किए । त्यसयता निरन्तर नाट्य यात्रामा दौडिरहेका छन् ।

पछिल्लो पटक महिना दिन लामो नाट्य यात्रा गरे । *कल्पना र उर्मिला दु:खमा छन्* सडक नाटकमार्फत देशका ग्रामीण महिलाको कहर कहँदै हिँडे । घुम्न असाध्यै मन पर्छ, यिनलाई । तर फगत फकिर होइन । नाटक पनि साथै बोकेर लग्छन् ।

०६९ मा नाटक घर बन्दै थियो । रकम अभाव भयो । त्यही मेसोमा पुन: नाट्य दौडाहामा निस्किए, *नारी* नाटकमार्फत ग्रामीण महिलाका कथा भन्दै । यात्रापछि नाटक घर निर्माणमा सहयोग जुट्यो । त्यसपछि *बिल्टु बिरामी छ* लिएर संघीयताको वकालत गर्दै दौडिए ।

लगत्तै सुदूरपश्चिमका जिल्ला लक्षित *के लग्यो हल्काले* नाटकमार्फत चेतना प्रवाह गरे । समूहसंग धेरै पटक नाट्य यात्रा गरिसके । कोही बेला युवराज एक्लै पनि हिंड्छन् । नयां जिल्ला पुग्छन् । र, नाट्य समूहलाई प्रशिक्षण मात्रै दिंदैनन्, नाटक निर्देशन पनि गर्न भ्याउँछन् । कहिले पश्चिम बर्दिया पुग्छन् त कहिले हिमाली जिल्ला सोलु । कहिले सुदूरपूर्वको झापा त कहिले परदेश । सोलुमा स्थानीय सगरमाथा नाट्य समूहका कलाकार जुटाएर कार्यशाला चलाएका थिए, गत वर्ष । अनि नाटक तयार पारे, *आरन* ।

यस पटक सुदूरपूर्वको सीमान्त सहर काँकडभिट्टामा व्यस्त छन् । स्थानीय नाट्य समूह परिवर्तन थिएटरका रंगकर्मीसंग काम गरिरहेका छन् । १५ दिने कार्यशालासँगै नाटक निर्देशनमा जुटेका छन् ।

०७२ को भूकम्पपछि पत्नी लुना भट्टराईको

जागिरका सिलसिलामा विदेश (म्यानमार) सम्म पुगेर नाटक सिकाए । म्यानमारका नेपालीभाषी र रैथाने बर्मेलीबीचको सम्बन्धलाई कथामा बुनेर नाटक तयार पारे, *ऐरावती यांगुनसम्म बग्छ* ।

करिब १३ महिना लामो बसाइमा समय काट्ने सकसका बीच आइडिया फुऱ्याए, म्यानमारका नेपालीभाषीसँग नाटकमा काम गर्ने ।

करिब १५ जना नेपालीभाषी युवालाई महिना दिन लामो कार्यशालामा राखे । उनीहरूका कथा सुने र नाटक जन्माए । "ऐरावती किनारमा बस्नेहरूको सपना राजधानी यांगुनसम्म कसरी आइपुग्छ ? नाटकको मूल विषय थियो," उनले सुनाए ।

घुम्ती नाटक गर्दागर्दै गाउँमा रंगमञ्च हुनुपर्छ भन्ने लाग्न थाल्यो, युवराजलाई । एक दशकयता देशका तीन फरक ठाउँमा नाटक घर खडा गरे । बर्दियामा थारू नाटक घर छ । मोरङमा झोरहाट र सिन्धुपाल्चोकमा सेलो थिएटर । "रंगमञ्च नेपाली भाषामा मात्रै सीमित भयो, मातृभाषामा पनि हुनुपर्छ भन्ने मेरो मान्यता हो," घिमिरे भन्छन्, "त्यही कारण गाउँमा रंगमञ्चको योजना बनेको हो ।"

स्थानीय भाषा मिसाएर कथा बुन्दा र निर्देशन गर्दा धेरै आनन्द हुने बताउँछन्, युवराज । उनको नाट्य विशेषता नै स्थानीय भाषालाई नाटकको माध्यमबाट प्रस्तुत गर्नु हो । "कम्तीमा थिएटरमा सबै भाषाको उपस्थिति देखियोस् भन्ने लाग्छ," घिमिरे भन्छन् ।

मोरङ, विराटचोकका घिमिरे काठमाडौं उक्लिनुअघि 'गँवार' थिए । नाटकतिर नगएका भए उनी कि शिक्षक हुने थिए कि किसान । तर सानैदेखि पढ्ने, लेख्ने अनि नाटकप्रतिको रूचिले काठमाडौँसम्म डोहोऱ्यायो । बुबा शंकरप्रसाद वेदप्रकाश शर्मा मार्काका जासुसी उपन्यासका अम्मली हुँदा त्यसको फाइदा युवराजलाई पनि भयो । घरमा स्कुलबाहेकका अरू किताब पढ्ने वातावरण पाए ।

एक पटक ध्रुव सापकोटाको *फोहोरको खाल्डो* कथा पढेछन् । मन परेछ । त्यसलाई तोडमोड गरेर नयाँ कथा लेखेछन्, *गाईलाई खोले* । कविता, मुक्तक पनि लेख्थे । ९ कक्षा पढ्दा स्कुलमा आदिकवि भानुभक्तको जीवनीमा आधारित नाटकमा घाँसीको भूमिका वहन गरे । "खासमा मलाई त्यही समयदेखि नाटकप्रति आकर्षण बढेको हो," भन्छन्, "पहिलो नाटक पनि त्यही थियो ।"

गाउँबाट पारि बिहार धेरै टाढा थिएन । हिन्दी फिल्मको प्रभावले हुनुपर्छ, हिरो बन्ने भूत सवार भयो, घिमिरेमा । एसएलसीपछि उच्च शिक्षाका लागि काठमाडौँ उक्लिए । साहित्य पढ्ने रूचि थियो । पढ्नुपऱ्यो कमर्स ।

०५५ ताका आईकम सकेकै बेला थाहा पाए, नाचघरले एक वर्षे नाटक कोर्ष सञ्चालन गर्न लागेको । हतार-हतार ५ रूपैयाँको टिकट टाँसेर फारम बुझाए । अन्तर्वार्तामा ९० जना छानिए । कोर्षका लागि १५ जना मात्रै छान्नुपर्ने रहेछ । अन्तर्वार्ता लिनेमा सुनील पोखरेल, अशेष मल्ल, भुवन चन्द थिए । उनलाई सुनिलले सोधेछन्, 'अशेष मल्ललाई चिन्छौ ?' अलिअलि नाम सुनेका भरमा उनले चिन्छु भनेछन् । तर उनले अशेष मल्ल पनि अन्तर्वार्ता लिनेमध्येका हुन् भन्ने पत्तै पाएनछन् ।

अन्तर्वार्ता सकिएको एक सातापछि नाचघरको सूचना पाटीमा युवराजको नाम पनि टाँसिएको थियो । करिब एक वर्ष यिनले दुःखका साथ नाटक सिके । बिहान नाटक,

रंगमञ्च नेपाली भाषामा मात्रै सीमित भयो, मातृभाषामा पनि हुनुपर्छ भन्ने मेरो मान्यता हो ।

दिउँसो कलेज दैनिकी बन्यो । प्रशिक्षणपछि *अन्धो युग* नाटकमा अभिनयको मौका पाए ।

वर्ष दिने कोर्ष सकियो । फेरि बेरोजगार । *मनोकामना* र *अन्डरलाइन* नामक दुई अखबारमा लेख्न थाले । *मुनालगायत* बालपत्रिकामा पनि कथा, कविता लेख्थे । एक पटक *मुनामा* 'लिंडे बाघ' शीर्षकको कथा छापिएछ । ५ सय ५० रूपैयाँ पारिश्रमिक पाउँदा त दंग परेछन् ।

मुनामा कथा छापिएपछि यिनलाई आफू 'खतरा' लेखक लाग्न थालेछ । *कान्तिपुर*, *हिमालय टाइम्स*, *जनसत्ताजस्ता* धेरै अखबारमा रचना दिन बाँकी राखेका थिएनन् । कतै नछापिए पनि लेख्न भने छाडेनन् ।

युवराज जीवनमा कहिल्यै निरास भएनन् । १७ फागुन ०५६ को *नेपाल समाचारपत्रमा* व्यंग्योक्ति छापिएछ । त्यसपछि त मक्ख । *अन्डर लाइन*, *नयाँ सडक* आदिमा काम गरे, केही समय ।

०५९ मा आरोहण गुरूकुल स्थापना भयो । पत्रकारिता छाडेर आफ्नो रूचिको विधातिर फड्को मार्ने सुर कसे । सुनील पोखरेलले सुरेश चन्द, भोला सापकोटा र कमलमणि नेपालसँगै युवराजलाई पनि नाटकमा प्रवेश गराए । नाटकसँगै *नेपथ्य* त्रैमासिक पत्रिका सम्पादन पनि गर्थे । गुरूकुल पसेपछि नाटकसम्बन्धी किताब र हिन्दी साहित्यमा रूचि जाग्यो । गिरिश कर्णाद, विजय तेन्दुलकर, मोहन राकेश आदिका नाटक पढे ।

तीन वर्षे गुरूकुल बसाइमा *आरूको फूलका सपना*, *कुमारी*, *जात सोध्नु जोगीको*, *मायादेवीको सपना*, *अग्निको कथालगायत* नाटकमा अभिनय गर्न भ्याए । ती नाटकले ठूलो एक्स्पोजर दिएको ठान्छन्, युवराज । नाटक प्रदर्शनकै क्रममा भारत, पाकिस्तान, नर्वे आदि मुलुक पुग्ने मौका पाए । "गुरूकुल गएपछि ठूलो एक्स्पोजर पाएँ," युवराज भन्छन्, "नाटकको मेरो आधारभूमि गुरूकुल नै हो ।"

खासमा यिनलाई आफैं नाटक लेख्ने र निर्देशन गर्ने हुटहुटी थियो । गुरूकुलमा बसेर सम्भव नहुने ठाने । बाहिरिए । "पर्सनल एक्सरसाइजका लागि पनि मैले गुरूकुल छाड्नुको विकल्प थिएन," युवराज भन्छन् । उनीसँगै बाहिरिएका राजन खतिवडासित मिलेर करिब २ वर्ष सँगै काम गरे । तर बीचैमा राजनले उनको साथ छाडेर मण्डला नाटक घर सुरू गरे ।

दिल्लीको नेसनल स्कुल अफ ड्रामा पढेर फर्किएका सुनील पोखरेल, अनुप बरालबाहेक अरू पढेया रंगकर्मी ज्यादै कम थिए । यिनलाई लाग्यो, 'नपढी अब नाटक गर्न गाह्रो हुन्छ ।' ०६६ मा डेनमार्कको कोपनहेगनस्थित कमेडिया डोलार्ते कलेजमा अप्लाइ गरे । शतप्रतिशत छात्रवृत्ति पाएर अढाई वर्ष डेनमार्कमै बसे । उता बस्दा केही नयाँ काम गर्ने हुटहुटीको सपनाले नेपाल फर्कायो । *आँधीको मनोरम नृत्य* नाट्य कृतिका लेखक भन्छन्, 'म युरोपमै हराउन पनि सक्थें होला तर आत्माले मानेन । नेपालमै केही गर्नुपर्छ भन्ने लागिरह्यो ।"

डेनमार्क गएपछि गोठाले नाटक घर अलपत्र थियो । फर्किएलगत्तै यसको व्यवस्थापनमा जुटे । लेखक कुमार नगरकोटीले भनेछन्, 'गाउँ-गाउँ पुग्नु हुन्छ, हाम्रा लागि पनि नाटक गर्नुस् न ।' नाटकघर बनेपछिको पहिलो नाटक थियो । निर्देशन गरे, *कोमा : अ पोलिटिकल सेक्स* । त्यसयता युवराजले शिल्पी थिएटमा निरन्तर नयाँ र भिन्न स्वादका नाटक पस्किरहेकै छन् । ■

दम्पतीका दु:ख

गोकर्ण गौतम

फिल्म : *गुड न्युज*
★★★☆☆

हालीमीकहाँजस्तै भारतमा पनि सिनेमा र समाजको दूरी बढिरहेको छ । राष्ट्रवादको अतिरञ्जित चित्रण र बकम्फुसे कमेडी फिल्मको बाहुल्य छ, बलिउडमा । कोही सस्तो मनोरञ्जनलाई नै सर्वथा मानिरहेका छन् । त्यसैले सिनेमाको मूल चरित्रको अस्तित्वमाथि नै सवाल खडा भएको छ । तर कहिलेकाहीं यस्ता सिनेमा पनि बन्छन्, जसले सामाजिक प्रवृत्तिलाई रोचक शैलीमा पेस गर्छन् । *गुड न्युज* यही लहरमा उभिएको छ । यसको केन्द्रमा छन्, सन्तान नभएर तड्पिएका दुई दम्पती । निर्देशक हुन्, राज मेहता । *हाउसफुल ४* बाट आलोचित अक्षयकुमार फेरि स्वाभाविक कमेडीतिरै फर्किएका छन् ।

वरूण वत्रा (अक्षयकुमार) र दीप्ति वत्रा (करिना कपुर खान) ले करिअरलाई प्राथमिकतामा राखेका छन् । उमेर ढल्किएपछि दीप्ति आमा बन्न लालायित छिन् तर गर्भ बस्दैन । आफन्तले पनि बच्चा जन्माउन दबाब दिएपछि अस्पताल पुग्छन् । यस्तै समस्याबाट पिल्सिएको अर्को वत्रा दम्पती हन्नी (दिल्जित दोसांज) र मोनिका (कियरा आडवानी) पनि सोही अस्पताल पुग्छन् । चिकित्सकको गल्तीका कारण वरूण र हन्नीको वीर्य साटिन्छ । अर्थात्, वरूणको वीर्यले मोनिका गर्भवती हुन्छिन्, हन्नीको वीर्यले दीप्ति । अपरिचित र फरक पृष्ठभूमिका यी दुई जोडीको प्रेम, घृणा र आक्रोशसँगै फिल्म अगाडि बढ्छ ।

गुड न्युज किन पनि विशेष लाग्छ भने पर्दामा यस्ता पात्र र कथा देखिएको थिएन । तर ती पात्रजस्तै सन्तान नभएर छटपटिएकाहरू समाजमा धेरै छन्, यसले फिल्मप्रति आत्मीयता पैदा गर्छ । यसका कथाकार ज्योति कपुरले गर्भावस्थामाथि *बधाई हो* लेखेका थिए । छोराको बिहे गर्ने बेला गर्भवती भएकी आमा मुख्य भूमिकामा थिइन् । *बधाई होले* नाम र दाम मनग्ये कमायो । *गुड न्युजले* पनि त्यही सामर्थ्य राख्छ । अक्षयकुमार, करिनाको स्टारडमको बोझले यसको कथा थिचिएको छैन । निर्देशक मेहताले दैनिक जीवनका स-साना उल्झनलाई रसिलो शैलीमा मूलकथामा बुनेका छन् ।

तुलनात्मक रूपमा मध्यान्तरअघि रमाइलो छ । सन्तान जन्माउन पात्रले गर्ने दौडधुप स्वाभाविक लाग्छ । तर वरूण र दीप्तिको जोडीको झगडालाई अनावश्यक महत्त्व दिइएको छ । उनीहरूबीचको टकराव प्रस्ट भइसक्दा पनि उस्तै आशयका दृश्य दोहोऱ्याइन्छ । यही जोडी नाचेको दुई गीतले कथाको वहाब बिगार्छ । हन्नी-मोनिकाको प्रवेशले रोचकता थप्छ, दुईमध्ये दर्शकलाई यो जोडी प्रिय लाग्छ । जति आधुनिक र उदार भए पनि वंशको निरन्तरताका लागि हामी कति मरिहत्ते गर्छौं भन्ने दृष्टान्त हो, यो फिल्म । यसमा व्यक्तिविशेषभन्दा परिवार र समाजकै सोचले काम गरेको हुन्छ । त्यसैले आफ्नो शरीर दाउमा राखेरै सन्तान जन्माउन विवश हुन्छन्, महिला ।

गुड न्युजमा हरेक पात्र 'कमेडी टाइमिङ' मा विशिष्ट लाग्छन् । अक्षयकुमार आकर्षणको अग्रभागमा भइहाले । उनको पात्र अलि सन्काहा छ । विषयवस्तु चयनमा उनी आम अभिनेताभन्दा अब्बल देखिँदै छन् । यो फिल्मले उनको लोकप्रियता अझ बढाउनेछ । आमा बन्न नपाउँदाको बेचैनीलाई करिनाले जीवन्त शैलीमा अभिव्यक्त गरेकी छन् । उमेर सुहाउँदो यस्तै भूमिकाले हो, कलाकारलाई जीवन्त बनाउने । दिल्जितचाहिं फिल्मको सबैभन्दा बिन्दास पात्र हुन् । कियरासँगको उनको 'केमेस्ट्री' गजबकै छ । कियराको निर्दोषपना उत्तिकै प्रिय लाग्छ । पहिलो फिल्म नै निर्देशक राज मेहताले सानदार बनाएका छन् । उनीसँग थप सार्थक सिनेमाको अपेक्षा राख्न सकिन्छ ।

अक्षयकुमारका फ्यान मात्र होइन, 'इन्फोटेन्मेन्ट' फिल्मपारखी जोकोहीलाई *गुड न्युजले* दंग बनाउँछ । ■

'जिउने शैली बदल्न नेपाल भ्रमण'

विश्वभरबाट २० लाख पर्यटक भित्र्याउने लक्ष्यसहित अघिल्लो सातादेखि नेपाल भ्रमण वर्ष- २०२० को औपचारिक थालनी भयो । पर्यटक तान्ने मुख्य भूमिकामा छिन्, नेपाल पर्यटन बोर्डकी ब्रान्ड म्यानेजर श्रद्धा श्रेष्ठ ।

भ्रमण वर्षमा जीवनकालभरका लागि अनुभव भनेर ब्रान्डिङ गर्नुपर्ने कारण के हो ?

विश्वमा नेपालको नयाँ आकृति कोरौँ भनेर पहिले नेचर, कल्चर, एड्भेन्चर भन्यौँ । अब यी सबैबाट प्राप्त अनुभव ठूलो कुरा हो भनेर उत्पादनभन्दा अनुभवलाई महत्त्व दिएका हौँ ।

यो ब्रान्ड बेच्ने रणनीति के हो ?

हाम्रो अवस्थिति स्थापित गर्न विदेशका मेलामा स्टल राखेर ब्रान्डिङ गरिरहेका छौँ । *बीबीसी*, *सीएनएन*मा ब्रान्ड प्रमोसन गर्नेवाला छौँ । ट्रिप एड्भाइजर, ट्वीटरसँग कुरा भइरहेको छ ।

उद्घाटनमा जति तामझाम भयो, पर्यटक आकर्षण गर्ने रणनीतिक योजना बनाइएन भन्छन् नि ?

स्रोत-साधनले भ्याएसम्म प्रयास गरिरहेका छौँ । धेरै कुरा गर्न सरकारको नीतिले पनि अप्ठेरो परिरहेको छ ।

कस्ता नीतिगत कुरा ?

सार्वजनिक खरिद कानुनका कतिपय प्रावधानले अन्तर्राष्ट्रिय प्रवर्द्धनमा गाह्रो परिरहेको छ । चाहेका कम्पनीसँग काम गर्न पाइएको छैन । *बीबीसी*, *सीएनएन*मा प्रचार गर्न ढिला भएको यही कारण हो ।

नेपाल आउने पर्यटकका लागि खास आकर्षण के हुन् ?

हामीले पर्यटकलाई कुनै सुविधा दिनेभन्दा पनि जीवनमा एक पटक नेपाल पुगियो भने आफूमा रूपान्तरण ल्याउन सकिन्छ भन्नेमा जोड दिइरहेका छौँ ।

नेपाल पुग्दैमा जीवन रूपान्तरण हुन्छ भनेर विश्वले पत्याउला ?

यहाँ पदयात्रा, पर्वतारोहणमा आएपछि धेरैले आफूमा परिवर्तन देखिएको अनुभव सुनाउँछन् । सोच्ने, जिउने तरिकामा परिवर्तन आएका यस्ता थुप्रै कथा विश्वलाई भन्छौँ । नेपालीको सादगीपन र प्रकृतिसँगको अनुभवबाट यो सम्भव छ ।

नेपाल आउने पर्यटकले पूर्वाधार र सुविधा अभावमा सास्ती खेपिरहेको गुनासो छ नि ?

यो धेरै आएको गुनासो हो । काठमाडौँ ओर्लनेबित्तिकै पर्यटकले लगेज ढिलो आउने, चर्पी, धुलोधुवाँजस्ता समस्यासँग जुध्नुपर्छ । तर उपत्यकाबाहिर गएपछि सबै रमाउँछन् । सबै कुरामा हाम्रो हात हुँदैन ।

पर्यटकको संख्यामा जाने कि आम्दानीमा ?

संसारको दृष्टिमा नेपाल सस्तो गन्तव्य होइन । यहाँ आउने हवाई टिकट महँगो छ । नेपाल ओर्लिएपछि उसले गर्ने खर्चमा भने कमी छ । तर महँगा पर्यटक मात्रै आए भने तारे होटलमा मात्रै बस्छन् । गाउँ जाँदैनन् । त्यस कारण संख्या र स्तर दुवै चाहिन्छ । आम्दानीको लक्ष्यचाहिँ लिनुपर्छ ।

▪ मनबहादुर बस्नेत

महेश प्रधान

जाने हो मञ्जुश्री पार्क ?

खुला स्थानमा घुम्न रुचाउनेका लागि कीर्तिपुरको चोभारमा छ, मञ्जुश्री पार्क । पार्ककै कारण चोभार र आसपास क्षेत्र आन्तरिक पर्यटनको हब बनेका छन् । ऐतिहासिक कालमा काठमाडौं उपत्यका एक विशाल ताल थियो । चीनबाट आएका महामञ्जुश्रीले चन्द्रहर्ष खड्गले चोभारको डाँडो काटेर पानी बाहिर पठाएपछि काठमाडौं उपत्यकामा बस्ती बसालिएको किवंदन्ती छ । त्यसअनुसार यसको नाम मञ्जुश्री पार्क राखिएको हो ।

०६२ मा खुलेको पार्क जलविनायक वन उपभोक्ता समितिले व्यवस्थापन गर्दै आएको छ । स्थापनाको १३ वर्षपछि ४ करोड रूपैयाँ खर्चेर पार्कमा मञ्जुश्रीको मूर्ति स्थापना गरिएको छ । चन्द्रश्याम डंगोलको समूहले सात वर्षमा मूर्ति बनाएको हो । बौद्ध धर्मग्रन्थमा मञ्जुश्रीलाई बुद्धको अवतारका रूपमा लिइएको छ । मूर्ति ३३ फिट अग्लो र १३ टुक्राको ढुंगाले बन्नुलाई विशेष संयोग मानिएको छ ।

निशाको पुरानै शैली

अमेरिकन फेसन डिजाइनर रलफ लाउरेनले भनेका छन्, 'शैली धेरै व्यक्तिगत छ, यसको फेसनसँग कुनै सरोकार छैन । फेसन छिटो सकिन्छ । शैली सदा जीवन्त रहन्छ ।' हेर्नुस् त, मोडल निशा आचार्य पुरानो शैलीमा देखिन्छिन् । खैरो चेक ज्याकेट, खैरो बुट र कालो स्कर्टले उनलाई फेसनेबल बनाएको छ ।

चियामा न्यानो माया

जाडोको साथी भन्नासाथ सबैलाई चिया याद आउँछ । बच्चादेखि वृद्धसम्म कसैले नाइँनास्ती गर्दैनन् । अझ युवा पुस्तामा चियाको रौनक बेग्लै । घन्टौंसम्म एक कप चिया पिएर बहस गर्ने युवाको छुट्टै जमात छ । चियाको बढ्दो लोकप्रियतालाई काठमाडौंमा एक समूहले समाज सेवाको माध्यम बनाएको छ ।

बेलुकीपख बानेश्वरतिर घुम्दा-फिर्दा देख्न सकिन्छ, सानो टेबल, टेबलमाथि चिया पकाउने भांडो, पाक्दै गरेको चिया अनि ५-६ जनाको समूह । 'तपाईंको चियापान, बालबालिकालाई न्यानोपन' को ब्यानरमा समूहले एक सातादेखि बानेश्वरमा चिया बेचिरहेको छ । सुरुमा गुल्मीका विपन्न बालबालिकालाई न्यानो कपडा वितरण गर्न २५ रूपैयाँ कपमा चिया बेच्न थालिएको हो । यसलाई 'न्यानो माया अभियान' को नाम दिइएको छ । जाडोयामभर चिया बेचेर महोत्तरी, धनुषालगायत जिल्लाका विपन्न बालबालिकालाई न्याना कपडा वितरण गर्ने योजना छ ।

नेपालीपनको खोजी

नेपाल भ्रमण वर्ष-२०२० को सुरुआतसँगै मौलिकता झल्काउने अभियान बढेका छन् । सुरूआतकै दिन विभिन्न सरोकारवाला निकायले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पर्यटकलाई ढाकाटोपी लगाइदिएर स्वागत गरे । केही समूहले टोपी दिवसका रूपमा मनाए । इलाममा ५ रूपैयाँमा पर्यटकलाई खाना-बस्न दिइयो । देशका विभिन्न स्थानमा पर्यटक लोभ्याउने धेरै कार्यक्रम भए । विरोध प्रदर्शनको हब मानिने काठमाडौं, माइतीघरमा १७ पुसमा फरक कार्यक्रम भयो ।

सयौंको संख्यामा युवाहरू नेपाली बाजागाजासहित देखिए । सहभागी राष्ट्रिय पोसाक दौरा-सुरुवाल अनि गुन्यू-चोलीमा सजिएका थिए । बीच सडकमा लिपुलेक, लिम्पयाधुरा समेटिने नेपालको नक्सा बन्यो । पञ्चेबाजामा कोही नाच्न थाले, कोही नेपालको नक्साभित्र सीमास्तम्भ बनेर खडा भए । युवाहरूले भने, 'राष्ट्रिय धरोहर संरक्षण गर्नु सबैको दायित्व हो ।'

नोटबुक

जनक नेपाल

प्रचण्डका तीन जिब्रा

२७ कात्तिक : द्वन्द्वपीडित साझा चौतारीका अध्यक्ष भागीराम चौधरीको टोलीले नेकपा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लाई भेट्यो । सत्य निरूपण तथा मेलमिलाप आयोगमा नेपाल बारका पूर्वमहासचिव रमण श्रेष्ठलाई सिफारिस गर्ने तयारी हुंदै थियो । प्रचण्ड र कांग्रेस सभापति शेरबहादुर देउवा सहमत भइसकेका थिए । तर पीडितले अस्वीकार गर्दै वक्तव्य निकाले । प्रचण्डले पीडितले स्वीकार्ने आयोग बनाउंछौं भनेका थिए । खुमलटारबाट बाहिरिएपछि चौधरीले भनेका थिए, 'पीडितलाई थोरै भए पनि आशा जाग्यो ।'

२८ कात्तिक : प्रधानमन्त्री केपी ओलीले आयोग टुंग्याउने जिम्मेवारी अध्यक्ष प्रचण्डलाई दिएका थिए । त्यसैले प्रचण्ड र देउवाबीच बाक्लै भेटघाट भए । गोविन्द बन्दी र सूर्य ढुंगेलपछि रमण श्रेष्ठमा कुरो नमिलेपछि देउवाले अध्यक्षमा गणेशदत्त भट्टको नाम प्रस्ताव गरे, ओली र प्रचण्डले स्वीकारे । असफल भई चैतमै बिदा गरिएका पूर्वसदस्यहरू दोहोऱ्याउने र बेपत्ता आयोगमा पुरानै टोली ल्याउने निर्णय प्रचण्डकै अगुवाइमा भयो । पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको सिफारिस समितिलाई 'रबर स्ट्याम्प' बनाइयो । नेकपा-कांग्रेसको निर्णय शिरोधार्य गर्दै समितिले *गोरखापत्र*मा नामावली प्रकाशित गरेर नियुक्ति प्रक्रिया अघि बढायो ।

५ मंसिर : विस्तृत शान्ति सम्झौताको १३ वर्ष पूरा भएको मौका पारेर द्वन्द्वपीडितले होटल मल्लमा राजनीतिक दलको प्रतिबद्धता लिन कार्यक्रम राखे । शान्ति प्रक्रियामा भूमिका खेलेका पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र पूर्वगृहमन्त्री कृष्ण सिटौला सहभागी कार्यक्रममा प्रमुख अतिथि थिए, प्रचण्ड । पीडितको आक्रोश सुनेपछि प्रचण्ड बोले, 'सत्य निरूपण आयोगमा पुराना पदाधिकारी दोहोरिन्नन् । बेपत्ता आयोगमा यसै भन्न सक्दिनँ ।'

एक दिनअघि उनी पीडितको पक्षमा । भोलिपल्टै पीडितको भावनाविपरीत नेपाली शान्ति प्रक्रियामा खासै योगदान नरहेका कानुनका प्राध्यापक भट्ट र पूर्वपदाधिकारी सिफारिसकर्ता । अनि, सिफारिस समितिले नामै सार्वजनिक गरिसकेपछि पूर्वपदाधिकारी दोहोरिन्नन् भन्ने भाषणकर्ता पनि उनै प्रचण्ड । अध्यक्ष कमरेडको कुनचाहिं जिब्रोले बोलेको कुरा साँचो हुने हो ?

कमरेडहरूको कायापलट

एक वर्षअघिका अखबार पल्टाइयो भने मात्र पनि नेकपा स्थायी कमिटी सदस्यद्वय योगेश भट्टराई र घनश्याम भुसाल पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी ओलीको विपरीत ध्रुवमा प्रस्टै देखिन्छन् । हरेक निर्णयको विरोधमा उत्रिन्थे, शब्द-शब्दको आलोचना गर्थे । राजनीतिमा शक्ति अर्थात् एक थान मन्त्रीले कति फरक पार्छ भन्ने उदाहरण बनेका छन्, उनीहरू ।

अघिल्लो वर्षको स्थायी कमिटी बैठकमा भुसालले ओलीमाथि गम्भीर आरोप लगाएथे, 'खकार, वीर्य र रगत जाँचेर आफ्नो गुट हो-हैन छुट्याएर मात्र व्यवहार गरियो । तिनै भुसाल अहिले पार्टी र सरकार नेतृत्वप्रति लचक बनेका देखिन्छन् ।

नेताको देवत्वकरण हुनुहुन्न भन्थे, भुसाल र भट्टराई । तर नेपाल भ्रमण वर्ष-२०२० को निमन्त्रणामा पनि प्रधानमन्त्री ओलीको तस्बिर बोकेरै उनीहरू बालुवाटार पुगे । प्रधानमन्त्री ओलीका तस्बिर देशभरै सरकारी अड्डाहरूमा छँदै थिए । नयाँ तस्बिर छापेर तीन मन्त्री निम्ता गर्न जानै पर्दैनथ्यो ।

अमानवीय अधिकारवादी

बर्दियाका भित्री गाउँ पुगेर मंसिर दोस्रो साता थुप्रै द्वन्द्वपीडितलाई भेटियो । अधिकांश राज्य पक्षबाट पीडित थिए र तिनका आफन्तलाई बाँकेको चिसापानीस्थित सैनिक ब्यारेक लगिएको थियो । बर्दियाबाट बेपत्ता पारिएका २ सय ७५ नागरिकमध्ये आधाभन्दा धेरै सोही ब्यारेकबाट हराए । विस्तृत शान्ति सम्झौताको १३ वर्षपछि भेट्दा पनि पीडित उस्तै दु:खी थिए । उनीहरू न्याय मरेको अनुभूति गरिरहेका थिए । दोषीमाथि कारबाही हुने आशा मारिसकेको बताउँथे ।

बाँके-बर्दियाका द्वन्द्वपीडितले बिर्सिन नसक्ने सैनिक अधिकृतमा पर्छन्, भीमकाली गुल्मका तत्कालीन मेजर अजित थापा र क्याप्टेन रमेश स्वाँर । उनीहरूको नाम लिएर दर्जनौं पीडित थुप्रै पटक रोएका छन् । सयौं उजुरीमा तिनै अधिकृतमाथि दोषी किटान गरिएका छन् । जुन स्तरको गम्भीर आरोप उनीहरूमाथि छ, त्यसको तुलनामा कारबाहीको कुनै छाँट देखिंदैन । सैनिक अदालतले पनि औपचारिकताका लागि कोर्ट अफ इन्क्वायरी गठन गर्ने र उन्मुक्ति दिने रणनीति लिएझैं लाग्छ ।

रिपोर्टिङका क्रममा ती सैनिक अधिकृत अहिले के गर्दै छन् भन्ने बुझ्न धेरै खोजियो । तर कुनै सम्पर्क-सूत्र फेला परेन । थापाले ६ महिनाअघि सहायक रथीबाट अवकाश पाएछन्, स्वाँर १५ वर्षअघि नै राजीनामा गरेर अफगानिस्तान पुगेका थिए । अहिले नेपालमै कन्सल्ट्यान्सी खोलेर बसेका रहेछन् । सामाजिक सन्जालमा दाह्री पालेको हुलियामा 'टाइगर' नामबाट भेटिए, स्वाँर । जो सैनिक अधिकृतमाथि सयौं गैरकानुनी गिरफ्तारी, अमानवीय यातना, हत्या र यौन हिंसाको आरोप छ, उनै थापा द्वन्द्वपीडितका क्षेत्रमा कार्यरत नेपाल पिस बिल्डिङ इनिसिएटिभका परामर्शदाता पो रहेछन् । केही बैठकमा सियरालियोनको मानव अधिकार स्थितिबारे लामै चर्चा पनि गरेछन्, १७ वर्षअघि शान्ति मिसनमा जाँदाको अनुभव सुनाउँदै । ने

AGNI INCORPORATED PRIVATE LIMITED

Agni Incorporated Pvt. Ltd.
Naxal, Bhagwati bahal, Kathmandu, Tel: 01-4419133/4419134;
Patan Showroom: 01-5532641/5532328, 9801303100
Branch: Birgunj, Tel: 051-419323/419456, 9801239325, Fax: 051-419259,
Bhairahawa, Tel: 071-429324; Itahari, Tel: 025-585742; Kohalpur, Tel: 081-541522

Insurance Partners: NLG, Sagarmatha Insurance Company Ltd., Sagarmatha VIP
Genuine Mahindra Four Wheelers Spare Parts | Mahindra MAXIMILE Genuine Lubricants | Mahindra Genuine Accessories

Url: www.agnimahindra.com Email: marketing@agnigroup.com.np
Service Helpline No.: 16600-100-200 (NTC), 980-157-1212 (Ncell)
www.agnigroup.com.np twitter/AgniGroup instagram/AgniGroup facebook.com/MahindraAgniGroup

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८
THE ORIGINAL
XXX RUM
Khukri
SINCE 1959
NEPAL'S FINEST
FULLY MATURED RUM
SINCE 1959
Khukri
XXX Rum
खुकुरि XXX रम
PRODUCT OF NEPAL
Since 1959
EXCELLENT.
SMOOTH.
FULLY MATURED
IN WOODEN VATS.
वर्षौंदेखि सर्वप्रिय
Enjoy responsibly.
www.khukrirum.com
khukrirumnepal
@khukrirum